लालझाडी गाउँपालिकाको

# दश बर्से
# शिक्षा क्षेत्र योजना

आ.व.२०७८/७९-२०८८/८९

## अद्यावधिक

शिक्षा, युवा तथा खेलकुद शाखा
लालझाडी गाउँपालिका, कञ्चनपुर

# मन्तव्य

अध्यक्ष,

शिक्षा सार्वजनिक महत्त्वको विषय हो। सबै पक्षको सार्वजनिक चिन्तन, व्यवहार बाट मात्र शिक्षा क्षेत्रको जग बलियो हुन्छ भन्ने चाहना बमोजिम शिक्षालाई गतिशील,वैज्ञानिक, समयसापेक्ष उत्पादनमूलक बनाउदै लगिनु पर्दछ। **"मूल्य उन्मुख शैक्षिक वातावरण समुन्नत लालझाडीको आवरण"** यस लालझाडी गाउँपालिकाको सरकारको दूरदृष्टी हो। यस गाउँपालिकालाई शैक्षिक आकर्षणको केन्द्र विन्दु बनाउन गाउँकार्यपालिकाले दश वर्षभित्र शिक्षा क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धा गर्ने सक्षम नागरीक तयार गर्ने लक्ष्य लिइको छ। साथै लक्ष्य प्राप्तिका लागि वस्तुनिष्ठ रुपमा नीति तथा कार्यक्रमहरू तय हुदै आइरहेका छन्।

लालझाडी गाउँबासी जनसमुदायको शैक्षिक आकाङ्क्षालाई मूर्त रूप दिई बालबालिकाहरूको समृद्ध भविष्य सुनिश्चित गर्ने उद्देश्यले लालझाडी शिक्षा सम्मेलन मार्फत दश वर्षे शिक्षा क्षेत्र योजना निर्माणको घोषणा गरी योजना निर्माण गरीएको थियो। योजना कार्यान्वयन मार्फत समाजका सबै तह तप्का तथा राष्ट्रका शैक्षिक लक्ष्यहरू पुरा गर्न दश बर्से शिक्षा क्षेत्र योजनाले मार्गदर्शकको भूमिका निर्वाह गर्नेछ भन्ने विश्वास लिएको छु । योंजना निर्माणका क्रममा अमुल्य सल्लाह सुझाव दिनु हुने विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, अभिभावक, कर्मचारी, वुद्धिजीवी,राजनैतिक दलका प्रतिनीधि, विकास साझेदार तथा कार्यपालिकाका पदाधिकारी लगायत सम्पूर्ण सरोकारवाला महानुभावहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। साथै यस शिक्षा योजना अध्यवधिक कार्यमा महत्वपूर्ण जिम्मेवारीका साथ भूमिका निर्वाह गर्ने शिक्षा शाखा प्रमुख श्री सिद्धराज भट्ट एवम् प्राविधिक सहायक श्री कुबेर बहादुर बमलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

शिक्षा क्षेत्रको गुणात्मक विकासका लागि क्रियाशील सम्पूर्ण पक्षहरूको रचनात्मक सल्लाह सुझावको आधारमा तयार पारिएको यस योजनाको प्रभावकारी कार्यान्वयको माध्यमबाट समग्र लालझाडी वासीको जीवनस्तरमा गुणात्मक उपलब्धिको अपेक्षा गर्दछु । यस योजना कार्यान्वयनका मुख्य सम्वाहक विद्यालयहरू रहेकोले विद्यालय क्षेत्र भित्र कार्यरत सम्पूर्ण जनशक्तिलाई उत्साहमूलक कार्यान्वयनका लागि हार्दिक अपिल गर्दछु ।

यस योजनाले शैक्षिक प्रणालीलाई व्यवस्थित गर्दै व्यक्तिको व्यावहारिक जीवन उत्पादनमूलक, सृजनात्मक र स्व:उत्प्रेरित विकासको अपेक्षा गर्दै सफल कार्यान्वयनको लागि सबै पक्षको सक्रियता र जिम्मेवारी रहने विश्वास लिएको छु ।

.........................

**निर्मल राना**

**अध्यक्ष**

**लालझाडी गाउँपालिका**

मिति:२०८१/०३/१५ गते

## योजना निर्माण समितिको भनाई

राष्ट्रको विकासको महत्त्वपूर्ण पुर्वाधार तथा सूचकको रुपमा शिक्षा रहँदै आएको कुरा सर्वविदितै छ। शिक्षा सबै किसिमका आर्थिक सामाजिक सांस्कृतिक रूपान्तरण र विकासको मेरुदण्ड पनि हो। नेपालको संविधानले विद्यालय शिक्षालाई मानव अधिकार र मौलिक हकका रूपमा लिइ अनिवार्य नि:शुल्क समेत हुने व्यवस्था गरेको छ। त्यसैले शिक्षालाई जीवनोपयोगी, सीपमूलक र व्यवहारिक बनाउनका लागि विद्यालयहरूले यथार्थ तथ्याङ्कको आधारमा योजना बनाई प्रभावकारी शिक्षण सिकाइ लगायतका कार्यहरू अघि बढाउनु पर्ने हुन्छ। व्यवस्थित र वस्तुपरक योजना निर्माण प्रक्रियाले मात्र शिक्षाको गन्तव्य तय गर्न सक्दछ। सरोकारवालाको अर्थपूर्ण सहभागिताका आधारमा १० वर्षे शिक्षा क्षेत्र योजना कार्यको थालनी भएकोले यस १० बर्से शिक्षा क्षेत्र योजनाले लिएको लक्ष्य तथा गन्तव्य पूरा हुने विश्वास लिएका छौ।

हाल विद्यालय उमेर समूहका बालबालिकाहरू विद्यालयमा भर्ना भएपनि विद्यालय शिक्षा पुरा गराउन चुनौति कै रुपमा रहेको छ। सिकाइ उपलब्धि तथा सिकाइ स्तर वृद्धि गराउन नसक्दा विद्यार्थीहरूले बिचैमा विद्यालय छाड्ने बालबालिकाहरू संङ्ख्या तुलनात्मक रूपले कम भएको देखिन्छ।
विद्यालयको सेवाक्षेत्रमा, साक्षर र निरक्षर जनसङ्ख्याको वास्तविकता पत्ता लगाइ सहजै देखिने भर्ना दर, खुद भर्ना दर, कुल भर्ना दर तथा विद्यार्थीको औसत सिकाइ उपलब्धि एकीन गरी वस्तुनिष्ठ तरिकाले कार्यक्रम सञ्चालन गर्न अझै प्रयत्न गर्नु पर्ने देखिन्छ।

लालझाडी गाउँपालिका लाई शैक्षिक आकर्षणको केन्द्र बिन्दु वनाइ शिक्षाको गुणस्तर वृद्धि र सेवा विस्तारका लागि हाललाई आ.व.२०७७/०७८ देखि आ.व.२०८७/०८८ सम्मका लागि योजना तयार गरी ३ बर्षिय अद्यावधिक गरीएको छ। यस गाउँपालिकाको सर्वसुलभ गुणस्तरीय सार्वजनिक शिक्षाको दीर्घकालीन सोच अनुसार गुरू योजनाको मुख्य उद्देश्यहरू विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालयमा भित्र्याउने, विद्यालय छाड्ने दर घटाउने, सिकाइ उपलब्धि वढाउने, शिक्षाको गुणस्तरमा सुधार गर्ने, निरक्षरता उन्मूलन गर्ने, शिक्षकहरूको पेसागत क्षमता विकास गर्ने, विद्यालयका पूर्वाधारहरू लौगिंक तथा अपाङ्गमैत्री बनाउने रहेका छन्। यस योजना अनुरुप कार्यक्रम लागु गर्न सकिएमा शिक्षाको गुणस्तरमा सुधार हुने विश्वास गर्न सकिन्छ भने यसको कार्यान्वयनमा सरोकारवालाहरू सबैको सहयोग महत्त्वपूर्ण रहन्छ ।

प्रस्तुत १० बर्से शिक्षा योजना कार्यान्वयनका चरणमा देखिएका विभिन्न कमी कमोजोरी सुधार गर्दै योजना लाई प्रभावकारी कार्यान्वयनका लागि जोड दिइएको छ भने गाउँशिक्षा समितिको कार्यान्वयनको प्रमुख दायित्व र कर्तव्य हुन जान्छ।
सरोकारवाला तथा विज्ञहरूका रचनात्मक सुझावहरूको सकारात्मक रुपमा स्वागत गरीने छ । शिक्षा क्षेत्र योजना निर्माणको क्रममा महत्त्वपूर्ण सूचना रचनात्मक सल्लाह सहयोग प्राप्त भएको छ । यस दश वर्से शिक्षा योजना अध्यावधिक गर्ने सिलसिलामा लेखन कार्यमा सहयोग गर्नु हुने रोजगार संयोजक श्री केशव दत्त पन्त र प्राविधिक सहायक श्री नयन चौधरीलाई विशेष धन्यवाद दिन चाहन्छु । यसरी आफ्नो अमूल्य सल्लाह सुझाव दिएर प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने सबै महानुभावहरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दै योजना कार्यान्वयनका लागि सम्पुर्ण सरोकारवालाहरूको महत्त्वपूर्ण योगदानको अपेक्षा गर्दै योजनाको सफल कार्यान्वयनका लागि अनुरोध गर्दछौ

# विषयसूची


कार्यकारी सारांश

१. परिचय
२. नयाँ शिक्षा योजना
३. शिक्षा क्षेत्रहरू
४. संस्थागत संरचना र क्षमता विकास
५. लगानी र स्रोत व्यवस्थापन
६. कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरण
७. मुख्य-मुख्य क्रियाकलाप र उपलब्धि सूचक

## कार्यकारी साराशं

शिक्षा समाजको अभिन्न अङ्गको रुपमा रहेकोले मानव जीवनलाई सु-संस्कृत तथा व्यवस्थित बनाउन शैक्षिक योजना महत्तपूर्ण हुने गर्दछ । शैक्षिक प्रणालीलाई व्यवस्थित गर्न नेपालमा विभिन्न समयमा योजना तथा कार्यक्रम तय हुदै आइरहेको सन्दर्भमा केन्द्रीकृत शासन प्रणालीबाट देश सङ्घीयतामा गई सकेपछि विभिन्न प्रदेश तथा स्थानीय सरकारले शिक्षालाई समय सापेक्ष सिर्जनात्मक तथा वैज्ञानिक बनाउन आ-आफ्नो क्षेत्रको योजना निर्माण गर्ने प्रक्रिया अगाडि वढे बमोजिम लालझाडी गाउँपालिकाले पनि यस क्षेत्रका बालवालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्दै स्वावलम्बी जीवनयापनको अवसर प्रदान गरी अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धा गर्न सक्ने सक्षम जनशक्ति तयार गर्ने लक्ष्य लिइएको छ।

संङ्घीयता पश्चात यस गाउँपालिकाले वस्तुनिष्ठ रुपमा शैक्षिक नीति तथा कार्यक्रम तय गरी कार्यान्वयन गर्दै आइरहेको छ। गाउँपालिकाको पार्श्वचित्र तयार भई शिक्षाका समस्याहरू निरन्तर रुपमा समाधान हुदै आइरहेको सन्दर्भमा विगतमा शैक्षिक क्षेत्रमा देखिएका समस्याहरूलाई यथासक्य सन्तुलित रुपमा समाधान गर्ने कार्यका लागि यो दश वर्षे शिक्षा क्षेत्र योजना तयार गरी तीन बर्षको अवधि अद्यावधिक गरीएको छ। शिक्षालाई जीवनोपयोगी,सीपमूलक बनाउँदै शैक्षिक प्रणालीलाई उन्नत बनाउने योजनाको उद्देश्य हो। योजना निर्माण सहभागितामूलक अवधारणामा आधारित भइ निर्माण गरीएकोले योजनाको उद्देश्य पूराहुने अपेक्षा गरीएको छ। बालबालिकाको सर्वाङ्गीण विकास गर्न शिक्षा सम्वद् सम्पूर्ण सरोकारवालाहरूलाई सक्रिय बनाई समुन्नत समाजको निर्माण गर्ने परिकल्पनाका साथ योजनाले तीव्र विकास गर्नेछ।

## नयाँ शिक्षा योजना निर्माण प्रक्रिया

राज्य पुनःसंरचना भई तीन तहका सरकारहरू अस्तित्वमा आए पछि लालझाडी गाउँपालिकाले १० बर्से शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको सम्भवत: देशकै प्रथम पालिकाको रूपमा लिइएको छ । तीन बर्षको योजना कार्यान्वयनको अपेक्षा र नतिजाको मूल्याकङ्कन गर्दा योजनालाई सशक्त कार्यान्वयन गर्न अद्यावधिक मार्फत केही सुधार गरीएको छ। यस योजना निर्माणका क्रममा देहाय बमोजिमका प्रक्रियाहरू अवलम्बन गरीएको छन्।

१ गाउँ शिक्षा समितिबाट शिक्षा समाजिक विकास समितिका संयोजकको संयोजकत्वमा योजना निर्माण समिति गठन गरी योजना तयार गरीएको हो ।

२ तीन बर्षको कार्यान्वयन पश्चात सामाजिक विकास समितिको संयोकत्वमा शिक्षा शाखा प्रमुख सदस्य सचिव रहने गरी अद्यावधिक गरीएको छ ।

३ सरोकारवालाहरूको सहाभगितामा, अद्यावधिक तथ्याङ्क सङ्कलन, विश्लेषण एवं अपेक्षित उपलब्धि तयार गरीएको छ।

४ सङ्घीय शिक्षा क्षेत्र योजना, गाउँपालिकाले गत ३ वर्षसम्म कार्यान्वयन गरेको १० बर्से शिक्षा योजना र १६ औं पञ्च बर्षीय योजनाले शिक्षा क्षेत्रले तयका गरेका दीर्घकालीन सोच, उद्देश्य, रणनीतिहरू निर्धारिण गरी आवश्यक कार्यनीति समय सापेक्ष तय गरीएको ।

५ अद्यावधिक १० वर्ष शिक्षा क्षेत्र योजना कार्यक्रमको अध्ययन,विस्तृतीकरण र लागत अनुमान निर्धारिण गरीएको ।

६ विगतका वर्षहरूमा शिक्षा क्षेत्र योजना अन्तरगतका कार्यक्रमको लगानी उपयोगिता, उपलब्धि र परिणामको समीक्षा सहित अगामी योजना कार्यक्रमको लगानीको आँकलन।

७ प्रारम्भिक अद्यावधिक शिक्षा क्षेत्र योजनालाई, सरोकारवाला सँग सुझाव सङ्कलन गरी अन्तिम मूर्तता दिइएको ।

८ विज्ञ समूह मार्फत योजना अध्याविकका सम्बन्धमा सुझाव, सल्लाह र राय संकलन गरीएको।

९ योजानाको मूल्याङ्कनबाट प्राप्त सुझावका समेटेर योजनाको अन्तिम रूप दिइएको ।

१० योजनाको मस्यौदा स्वीकृतिका लागि गाउँशिक्षा समितिमा पेस गरीएको ।

१२ गाउँ शिक्षा समितिबाट योजनाको स्वीकृति पछि अन्तिम स्वीकृतिका लागि गाउँकार्यपालिकामा ।

११ गाउँ कार्यपालिकाबाट यथोचित रुपमा कार्यान्वयको प्रतिवद्धता सहित योजना स्वीकृत भएको छ।

१२ शिक्षा क्षेत्र योजनाका सङ्कल्प

१३ गुणस्तरीय शिक्षा, हाम्रो सदिच्छा
१४ शिक्षामा स्तरीयता, हाम्रो प्रतिबद्धता
१५ मूल्य उन्मुख शैक्षिक नीति, समग्र लालझाडीको समुन्नति
१६ दूरदृष्टि :
१७ मूल्यउन्मुख शैक्षिक वातावरण समुन्नत लालझाडीको आवरण
१८ लक्ष्य :
१९ दश वर्षभित्र शिक्षा क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धा गर्ने सक्षम नागरीक तयार गर्ने ।

## परिच्छेद १. परिचय

### १.१ पृष्ठभूमि

#### १.१.१ अवधारणा

शिक्षा मानव विकासको आधार हो। जसको माध्यमबाट देश विकासका लागि आवश्यक सबै क्षेत्रका जनशक्ति आपूर्ति गर्ने एक मात्र आधार शिक्षा नै हो। मानव समुदाय र राष्ट्रको विकास सूचकाङ्क मानक पनि शिक्षा नै भएको यथार्थतालाई हृदयङ्गम गरी विगतका केन्द्रीकृत योजना बाट सबै क्षेत्र र समुदायको समानुपातिक विकास हुन नसकेको तथ्यलाई स्वीकार गरी मुलुक विकेन्द्रीकृत सङ्घीयय ढाँचामा गएको र नयाँ सङ्घीय ढाँचा अनुरूप तीन तहका सरकारको परिकल्पना संविधानले गरे बमोजिम सबै तहका सरकारहरू आ-आफ्नो क्षेत्रको समयोचित विकासका लागि योजना कार्यक्रम बजेट तर्जुमा गरी लागु गर्न स्वायत्त भए वमोजिम आफ्ना लागि आफै योजना निर्माण गरी विकासको समानुपातिक र समन्यायिक वितरण गरी आफ्ना जनसमुदायलाई विकासको प्रतिफल उपयोग गर्ने अवसर सिर्जनाका लागि योजना निर्माण गर्ने अभ्यास अन्तर्गत लालझाडी गाउँपालिकाको दश वर्से शैक्षिक योजना तर्जुमा गरीएको हो।

शिक्षा सामाजिक विकास तथा आर्थिक स्तरको मुल आधार हो व्यक्तिले आफू आफ्नो समाज र राष्ट्रको विकास तथा परिवर्तनमा सशक्त भूमिका खेल्छ । त्यसैले शिक्षा समाज परिवर्तन सामाजिकीकरण, सामाजिक न्याय र शान्ति स्थापनाको आधारका समाज विकासको मियो हो । तेस्रो आँखाको रुपमा रहेको शिक्षा जीवनपर्यन्त चल्ने प्रक्रिया पनि हो । शिक्षाले समाज तथा राष्ट्र निर्माण र विकासका लागि चाहिने आवश्यक मानव संसोधन तयार गर्दछ । तसर्थ यस प्रक्रियाको लागि शिक्षा अपरिहार्य छ । नेपालको संविधान २०७२ मा आधारभूत तहको शिक्षालाई अनिवार्य र निःशुल्क गरीएको छ । माध्यमिक तहको शिक्षा निशूल्क गरेको छ । त्यसते अपाङ्गता भएका, अति पिछडिएका बालबालिकालाई छात्रवृत्ती सहित निःशूल्क शिक्षाको व्यवस्था गरेको छ । नेपालको सङ्घीय स्वरूपको राज्य व्यवस्था अनुरूप तीन तहका सरकार र आ-आफ्नो परिवेश, आवश्यकता र प्राप्त अधिकर अनुसार शिक्षा क्षेत्रलाई सम्बोधन गर्न क्रियाशिल छन । नेपालमा औपचारिक शिक्षाको सुरुवात वि सं १९१० बाट भएको हो । त्यसैगरी शिक्षालाई व्यवस्थित गर्न नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११, सर्वाङ्गीण राष्ट्रिय शिक्षा आयोग२०१८, राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८-२०३२, राष्ट्रिय शिक्षा शिक्षा आयोग २०४९, उच्च स्तरिय राष्ट्रिय शिक्षा कार्यदल २०५८ जस्ता आयोगका प्रतिवेदन तयार भई कार्यान्वयन भएका छन्।

वि.स.२०८७ सम्ममा माध्यम आय भएको राष्ट्र बनाउन नेपाल सरकारले राखेका २५ वर्षे दीर्घकालिन सोच अन्तरगत समवृद्ध नेपाल सुखी नेपालीको लक्ष्य पूरा गर्न १६ औं योजनाले अङ्गिकार गरेको 'सुशासन, सामाजिक न्याय र समृद्धी' को सोच पुरा गर्न स्थानीय सरकाले यथेष्ठ सक्रियता जनाउनु आजको आवश्यकता हो।

विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोरोना (covid-19) भाइरसको कारणले शिक्षा क्षेत्रमा पारेको प्रभाव तथा असरलाई समेत मध्यनजर गरी शिक्षा क्षेत्रको सुधारका लागि यस गाउँपालिकासँग भएको स्रोत र साधनलाई आवश्यकताको आधारमा समस्या समाधान तथा कार्यान्वयन गर्न योजना निर्माण गरीए पनि थप राज्यको लक्ष्य, उद्देश्य, नीति, कार्यक्रम पूरा गर्नका लागि गाउँपालिकाले १० वर्षे शिक्षा योजनालाई समयानुकूल अद्यावधिक गर्न सान्दर्भिक रहेको छ। यस गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रमा गुणात्मक सुधार ल्याउन विगतमा कार्यान्वयन भएको योजना कार्यान्वयनको अवस्था विश्लेषण गरी शैक्षिक प्रणालीलाई थप व्यवस्थित गर्न सरोकारवालाहरूको सुझाव तथा मार्गदर्शनका आधारमा शिक्षा क्षेत्र योजना अद्यावधिक गरीएको छ।

#### १.१.२ गाउँपालिकाको सन्दर्भ

**सामाजिक, सांस्कृतिक तथा जनसाङ्ख्यिक सन्दर्भ**

नेपाल सरकारको मिति २०७३/११/२२ गतेको निणर्य अनुसार साविकका तीन वटा गाविसलाई मिलाएर यस गाँउपालिकाको निर्माण भएको हो। कञ्चनपुर जिल्लाको दक्षिणी पूर्वी भेगमा अवस्थित यो गाउँपालिका साविकको शंकरपुर गा.वि.स. का पुरै वडा (१ देखी ९)हरू, साविक बाइसे बिचवा गा) का.स.वि.२,३ र ४वडा (हरूर साविक देखतभुलि गा१) का.स.वि.,२,३,७ र ८वडा(हरू समायोजन भइ गठन भएको एक गाउँपालिका हो।

यस गाउँपालिकामा जम्मा ६ वटा वडाहरू रहेका छन। यो गाउँपालिका यसको उत्तरी अक्षांश २८$^{0}$ ४७ ´३६" देखि २८$^{0}$ ४०´४४" सम्म र पूर्वी देशान्तर ८०$^{0}$ १५ ´४२" देखि ६०$^{0}$ १६ ´५३" सम्म फैलिएको छ। कञ्चनपुर जिल्लाको दक्षिण पूर्वी भागमा अवस्थित यस गाउँपालिका जिल्ला सदरमुकाम भीमदत्त नगरपालिका देखि ४६ किलोमिटरको दूरीमा रहेको छ (महेन्द्रनगर बजार) ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार लालझाडी गाउँपालिकाको जनसङ्ख्या २५,०३७ रहेको छ जस मध्ये पुरुष १२,१४४ जना र महिला १२,८९३ जना रहेको यस गाउँपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यस गाउँपालिकामा सबैभन्दा बढी राना थारू जाति क्रमश: चौधरी थारू, ब्राहमण क्षेत्री र दलित समुदायको बसोबास रहेको छ।

विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व जस्तै नयाँ वर्ष, साउने सक्रान्ति, कृष्ण जन्माष्टमी, तीज, दशै, तिहार, माघी, चैते दशैँ, अटवारी, होरी, अषाडी, गुरही, खकडेरी आदि मनाउने गरीन्छ।

### आर्थिक सन्दर्भ

उष्ण जलवायुको प्रभाव देखि ने यस भेगमा हिउँदमा कम बर्षा हुने गर्दछ भने बर्षात को समयमा भारी बर्षा हुने गर्दछ। समय समयमा स्याली र दोदा नदीमा वर्षायाममा आउने बाढीबाट यो गाउँपालीका बढी प्रभावित रहेको छ। उष्ण हावापानी हुने भएकाले यस क्षेत्रमा अन्नबालीमा धान, गहुँ, मकै, तेलहन बाली त्यसैगरी दाल बालीमा मुसुरो,अरहर,चना, फलफुलमा आँप, केरा, लिची, अम्बा आदि फलफूल बाली उत्पादन हुने गरेको पाइन्छ।

कृषि यस गाउँपालिकाको मुख्य पेसा हो । समथल उब्जाउ चिम्ट्याइलो, दोमट र बलौटे माटो भएकाले यस क्षेत्रमा कृषि उत्पादनको अझ सम्भावना देखिन्छ। यस गाउँपालिकाको अधिकांश भूमि कृषिमा उपयोग भएको छ भने, त्यस पश्चात जङ्गल, बस्ती, नदी किनारा, बाटो आदि क्षेत्रले ओगटेको छ। यस गाउँपालीकामा कृषि तथा पशुपालनको क्षेत्रमा करिब ९० प्रतिशत मानिसहरू संलग्न रहेका छन।

यस गाउँपालिकाको औसत पारिवारिक आम्दानीमा कृषि व्यवसायको हिस्सा सबैभन्दा ठूलो रहेको छ। स्थानीय बासिन्दाको आम्दानीको अन्य स्रोतहरूमा व्यापार व्यवसाय, पशुपालन, साना उद्योग, सेवा, नोकरी, वैदेशिक रोजगार, पर्यटन आदि हुन्। परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा क्रमशः आधुनिक व्यावसायिक कृषि प्रणाली अपनाउन थालेका छन्। स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ। प्राविधिक शिक्षा र माथिल्लो तह अध्ययनका लागि अन्य गाउँपालिकाका विद्यार्थीहरू यस गाउँपालिकामा आउने र यस गाउँपालिकाका विद्यार्थीहरू अन्य छिमेकी गाउँ/गाउँपालिका तथा जिल्लामा जाने गरेका छन्। अधिकांश घरमा विद्युतीकरण भएको भए तापनि केही सीमान्तकृत वर्गमा रहेका नागारिकहरूमा भने विद्युतीय उपभोगको पहुँच पुग्न सकेको छैन। विगतमा योजनावद्ध विकास कार्यक्रम कार्यान्वियन तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिंदैन ।

### भौगोलिक सन्दर्भ

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको राज्य संरचना अनुसार कञ्चनपुर जिल्ला सुदूरपश्चिम प्रदेशमा अवस्थित रहेको छ।विगतको प्रशासनिक विभाजन अनुसार सेती र महाकाली अन्चल अन्तर्गतका ९ जिल्ला रहेको यो प्रदेशको कञ्चनपुर जिल्ला महाकाली अञ्चलमा पर्ने तराईको जिल्ला हो।राज्य पुर्नसंरचना अनुसार यस जिल्लामा ९ स्थानीय तह रहेका छन जसमा ७ गाउँपालिका र २ गाँउपालिका रहेका छन। यस जिल्ला अन्तर्गतका २ गाउँपालिका मध्ये लालझाडी गाँउपालिका एक हो। लालझाडी गाउँपालिका यस जिल्लाको दक्षिणी क्षेत्रमा अवस्थित गाँउपालिका हो। कञ्चनपुर जिल्लाको दक्षिणी भागमा अवस्थित यो गाउँपालिका प्राकृतिक सम्पदामाधनी तर भौगोलिक विकटताको कारण विकासमा ओझेलमा परेको छ। यस गाउँपालिकाको पूर्वमा पुनर्वास गाउँपालिका पश्चिममा बेलौरी र शुक्लाफांटा गाउँपालिका, उत्तरमा कृष्णपुर गाउँपालिका र दक्षिणमा बेलौरी र पुनर्वास गाउँपालिका रहेका छन्।

साविकका तीन वटा गाविसलाई मिलाएर यस गाँउपालिकाको निर्माण भएको हो।कञ्चनपुर जिल्लाको दक्षिणि पुर्वि भेगमा अवस्थित यो गाउँपालिका साविकको शंकरपुर गा.स.वि. का पुरै वडा (१ देखी ९)हरू, साविक बाइसे बिचवा गा१) का.स.वि.,२,३ र ४ वडाहरु र साविक देखतभुलि गा.वि.स.का १,२,३,७ र वडाहरूसमायोजन भइ गठन भएको एक गाउँपालिका हो। यस गाउँपालिकामा जम्मा ६ वटा वडाहरू रहेका छन। यो गाउँपालिका यसको उत्तरी अक्षांश २८$^0$ ४७ ´३६˝ देखि २८$^0$ ४०´४४˝ सम्म र पूर्वी देशान्तर ८०$^0$ १५ ´४२˝ देखि ६०$^0$ १६ ´५३˝ सम्म फैलिएको छ। कञ्चनपुर जिल्लाको दक्षिण पूर्वी भागमा अवस्थित यस गाउँपालिका जिल्ला सदरमुकाम भिमदत्त गाउँपालिका देखि ४६ किलोमिटरको दूरीमा रहेको छ। (महेन्द्रनगर बजार)

कञ्चनपुर जिल्लाको दक्षिण पूर्वी भेगमा अवस्थित १५४ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको लालझाडी गाउँपालिकाको भू- आकृति स्वरुप करिव सबैजसो समथल रहेको छ। यस गाउँपलिकाको पूर्वमा कृष्णपुर र पुनर्वास गाउँपालिका, पश्चिममा शुक्लाफाँटा र बेलौरी गाउँपालिका, उत्तरमा शुक्लाफाँटा र कृष्णपुर गाउँपालिका र दक्षिणमा बेलौरी र पुनर्वास गाउँपालिका रहेको छ।

**गाउँपालिकाको शैक्षिक सन्दर्भ**

ललाझाडी गाउँपालिका जिल्लाको अन्य पालिकाको तुलनामा न्यून शैक्षिक संस्थाहरू क्रियाशील रहेका पालिका भित्र पर्दछ। हाल यस पालिका अन्तरगत २९ वटा विद्यालयमा आधारित बालविकास केन्द्रहरू सञ्चालनमा रकेका छन। गाउँपालिका क्षेत्र अन्तरगत सञ्चालित १६ वटा सामुदायिक विद्यालयहरू मध्ये ४ वटा (०-५ संचालित ) आधारभूत विद्यालय,६ वटा ०- ८ सञ्चालित विद्यालय, ३ वटा ०-१० माध्यमिक विद्यालय र ३ वटा ०-१२ सञ्चालित माध्यमिक विद्यालयहरू क्रियाशिल रहेका छन् । त्यैगरी गाउँपलिका क्षेत्र भित्र ८ वटा संस्थागत विद्यालयहरू जसमध्ये १ वटा माध्यमिक तह र ७ वटा आधारभूत तह सम्म सञ्चालनमा रहेका छन् । अनौपचारिक शिक्षाको क्षेत्रमा १ वटा आधारभूत प्रौढ विद्यालय र १ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेको छ । हालसम्म पनि यस पालिकाका बालबालिका उच्च शिक्षा अध्ययनका लागि छिमेकी पालिका तथा जिल्ला सदरमुकाम प्रदेश राजधानी र सङ्घीय राजधानीमा जानु पर्ने बाध्यतामा रहेका छन् । शिक्षाले व्यक्तिको जीवन यापनमा सहज गराइ अर्थपूर्ण जीवन जीउनका लागि सहयोग पुर्याउनुपर्ने विश्वव्यापी मान्यता रहेको छ। यसका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। हाल यस पालिकामा १ वटा प्राविधिक विद्यालय र १ वटा नमूना विद्यालय सञ्चालनमा रहेका छन् । राना थारु जातजातीका समुदायको बाहुल्यता रहेको यस ग्रामिण क्षेत्रको शैक्षिक अवस्था जिल्ला भित्रका अन्य गाउँपालिका तथा गाउँपालिकाहरूको तुलनामा कमजोर रहेको छ। विद्यालय छाड्ने दर, कक्षा दोहोर्याउने तथा उत्तीर्ण दर जस्ता आन्तरिक सक्षमताका सूचकहरूको अवस्था यस गाउँपलिकामा न्यून रहेको छ। यसैगरी न्यून शिक्षक दरवन्दी हुनु, अभिभावकहरूमा चेतनाको अभाव, समुदायका मौलिक चाडपर्व तथा रितिरिवाजहरूको प्रभाव तथा न्यून विद्यार्थी उपस्थिति यहाँको शिक्षा क्षेत्रका समस्याहरू सामाधान गर्नुपर्ने अवस्था रहेको छ।

### १.१.३ विगतका योजनाको प्रगति समिक्षा

लालझाडी गाउँपालिकाले स्थापनाकाल देखि वार्षिक रुपमा विद्यालय शिक्षा सम्वन्धमा विभिन्न शैक्षिक कार्यक्रमहरू संचालन गर्दै आइरहेको छ । सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको सहयोगमा विद्यालयको भौतिक तथा शैक्षिक क्षेत्रमा उल्लेख्य सुधार भएको छ । गाउँपालिका अन्तरगत संचालित सम्पूर्ण सामुदायिक विद्यालयहरूमा सूचना प्रविधिको पँहुच पुगेको छ । विगत वर्षहरूमा गाउँपालिकाको सेवा क्षेत्रका अभिभावकहरूको जनचेतनाको स्तर अभिवृद्धि भएको छ । शिक्षा प्रति अभिभावक तथा सरोकारवालाहरूको चासो बढ्दै गएको छ । विद्यालयको भौतिक पूर्वाधारमा सुधार हुनु, भर्ना दरमा वृद्धि हुनु, लैङ्गिक समता सूचकमा वृद्धिहुनु, तालिम प्राप्त शिक्षकहरूको अनुपातमा वृद्धि हुन यस गाउँपालिकाको शिक्षा क्षेत्रका मुख्य उपलब्धिहरू रहेका छन । गाउँपालिकामा एउटा माध्यमिक विद्यालय नमुना विद्यालयको रुपमा विकास भइरहेको तथा एउटा प्राविधिक धारको विद्यालय स्थापना भएको छ । सङ्कुचित आर्थिक स्रोतका बाबजुत पनि गाउँपालिकाले विभिन्न शिक्षक तालिम, शिक्षक पेसागत विकासका कार्यक्रमहरू, अभिभावक शिक्षा, अतिरिक्त तथा सह क्रियाकलाप, विद्यार्थी मनोपरामर्श, विद्यार्थीक लागि लागु पदार्थ दुर्व्यसनी सम्वन्धी सचेतना, विभिन्न खेलकुदका क्रियाकलापहरू संचालन गरीरहेको छ ।

आधारभूत तह कक्षा १-५ मा कुल भर्नादर ११७.३ प्रतिशत बाट १०८ प्रतिशत पुर्याउने लक्ष्य रेहको मा १०३.१ पुगेको छ । आधारभूत तह कक्षा ६-८ मा खुद भर्नादर ९६ पुर्याउने लक्ष्य रहेकोमा ९५.९ पुगेको छ । आधारभूत तह कक्षा ६-८ मा कुल भर्नादर १०१ पुर्याउने लक्ष्य रहेकोमा ११५ पुगेको छ । माध्यमिक तह कक्षा ९-१० को कुल भर्ना दर ६१ पुर्याउने लक्ष्य रहेकोमा ८८.६ पुगेको छ । माध्यमिक तह कक्षा ९-१० को खुद भर्ना दर ७४ पुर्याउने लक्ष्य रहेकोमा ७४.१ पुगेको छ।

माध्यमिक तहको खुद भर्नादर ३८ प्रतिशत पुर्याउनु पर्ने मा ३७.२ प्रतिशत पुगेको छ। आधारभूत तह कक्षा ८ सम्मको टिकाउदर ८८.१ रहेको छ। मन्टेश्वरी तालिम २०८१/८२ सम्ममा ५ पटक संचालन गर्ने लक्ष्य रहेकोमा २ पटक सम्पन्न भएको छ। रमणीय तथा प्राकृतिक बाल उद्यान वार्षिक रुपमा ४ वटा निर्माण गर्ने लक्ष्य रहेकोमा निर्माण हुन सकेको छैन। शिक्षकको क्षमता विकासका कार्यक्रम वार्षिक रुपमा एक पटक लक्ष्य अनुरुप हुने गरेको छ। कुल शिक्षक संङ्ख्याको ३२ प्रतिशत महिला शिक्षक शिक्षक पुर्याउने लक्ष्य रहेकोमा ३२.२४ प्रतिशत रहेको छ। १५ वर्ष माथिको साक्षरता दर ८० पुर्याउने लक्ष्य रहेकोमा ७५.९ प्रतिशत पुगेको छ। कक्ष ६-८ को दोहोर्याउने दर १९.५ प्रतिशत रहेको छ। कक्षा १-५ को विद्यालय छोड्ने दर ३.० प्रतिशत रहेको छ भने कक्षा ६-८ को विद्यालय छोड्ने दर ४.४ प्रतिशत रहेको छ। कक्षा ८ को उत्तिर्ण दर ६१.५ प्रतिशत रहेको छ। खेलकुद क्षेत्रका लागि आवश्यक व्यवस्थापन गर्न सकिएको छैन।

योजना अवधिभर शिक्षा क्षेत्रमा विनियोजित रकम

| क्र.सं. | आ.व. | विनियोजित रकम रु. | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | २०७६/०७७ | ७,१९,०७,००० | ६,३२,४२,८६२ | |
| २ | २०७७/०७८ | ८,४६,४२,००० | ७,०५,१३,०३७ | |
| ३ | २०७८/०७९ | १३,६३,३१,६५२ | ११,४९,५३,४९० | |
| ४ | २०७९/०८० | ६,६६,७०,४०४ | ६,१७,६१,८०१ | |
| ५ | २०८०/०८१ | ९,७६,४८,००० | ८,५२,३४,६१२ | |
| ६ | २०८१/०८२ | ९,०१,९४,००० | | |

**१.३ पालिकाको शिक्षा क्षेत्रको वर्तमान क्षेत्रगत अवस्था विश्लेषण**

हाल यसपालिका अन्तरगत २९ वटा बालविकास , आधारभूत विद्यालय ( ०-५ संचालित ) विद्यालय ४ वटा, ०- ८ संचालित विद्यालय ६ वटा र माध्यमिक विद्यालय ०-१० संचालित ३ वटा तथा ०-१२ संचालित विद्यालय ३ वटा, अनौपचारिक प्रौढ विद्यालय एक र एउटा सामुदायिक सिकाइ केन्द्र संचालनमा रहेका छन्। हाल गाउँपालिका अन्तरगत एउटा माध्यमिक विद्यालय नमूना विद्यालयको रुपमा विकास भइरहेको छ।

त्यसैगरी एउटा प्राविधिक धारको विद्यालय संचालनमा रहेको रहे पनि यस पालिकाका बालवालिका उच्च शिक्षा अध्ययनका लागि छिमेकी पालिका तथा जिल्ला सदरमुकाम, प्रदेश राजधानी र सङ्घीय राजधानीमा जानु पर्ने वाध्यता कायमै रहेको छ। शिक्षाले व्यक्तिको जीवन यापनमा सहज गराइ अर्थपूर्ण जीवन जिउनका लागि सहयोग पुऱ्याउनुपर्ने विश्वव्यापी मान्यता रहेको छ। यसका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ।

तालिका :

| क्र स | क्षेत्रहरू | सङ्ख्या | | सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या | संस्थागत विद्यालयमा अध्ययनरत सङ्ख्या | जम्मा विद्यार्थि सङ्ख्या | कार्यरत जनशक्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | | | | | |
| १ | जम्मा विद्यार्थी सङ्ख्या | ४७ | १६ | ४०९५ | १६१४ | ५६४८ | २३३ | |
| १ | बालविकास | २९ | ८ | ६६१ | ६४३ | १३०४ | ३७ | |
| २ | आधारभूत | १० | ७ | २५५२ | ९२३ | ३४७५ | १७० | |
| ३ | माध्यमिक | ६ | १ | ८२१ | ४८ | ८६९ | २५ | |
| ४ | प्राविधिक | १ | ० | ३९ | ० | ० | ४ | |
| ५ | अनौपचारीक प्रौढ विद्यालय | १ | ० | २२ | ० | ० | ० | |
| ६ | उच्च शिक्षा | ० | ० | ० | ० | ० | ० | ० |

## १.२ समग्र पालिकाको शिक्षा क्षेत्रको विश्लेषण

### पालिकाको शैक्षिक क्षेत्रको विश्लेषण

**प्राकृतिक सम्पदाले भरिपूर्ण लालझाडी** गाउँपालिका कञ्चनपुर जिल्लाको जिल्लाको पूर्व दक्षिण भेगमा अवस्थित छ । विगतमा भौगोलिक, सामाजिक, आर्थिक, शैक्षिक लगायतका सबै पक्षबाट पछि परि हाल यी सबै क्षेत्रमा अगाडि बढ्न फड्को मार्ने स्थितिमा रहेको छ । यस गाउँपालिका क्षेत्रमा सञ्चालित विद्यालयहरूमा शैक्षिक गुणस्तर लगायतको अवस्था विविध प्रकारको रहेको छ । शैक्षिक प्रणालीलाई चलायमान बनाइ राख्नका लागि पालिकाको समग्र शिक्षा क्षेत्रको SWOT Analysis गरीएको छ ।

### १.२.१ पालिकाको शैक्षिक क्षेत्रको विश्लेषण

#### पालिकाको शैक्षिक क्षेत्रको सबल पक्षहरू

१. जिल्लाभित्र सञ्चालित सामुदायिक विद्यालयहरू मध्ये यस गाउँपालिकामा २०१३ सालबाट विद्यालय स्थापना भई नागरीकको सार्वजनिक शिक्षामा पहँच पुगेको ।
२. विद्यालयहरूको सूचना प्रविधि, विज्ञान प्रयोगशाला, पुस्तकालय लगायत भौतिक पूर्वाधारहरू न्यूनतम रुपमा उपलब्ध भएको ।
३. विद्यालयहरूसँग पर्याप्त रुपमा खेलमैदान लगायत जग्गा जमीनको भोगाधिकार भएको।
४. सूचना प्रविधिको प्रयोग क्रमशः विस्तार हुँदै गएको।
५. सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूको प्रतिस्पर्धात्मक क्षमता राम्रो रहेको ।
६. विद्यार्थी सङ्ख्याको आधारमा कक्षाकोठाहरूको उप्लब्धता भएको।
७. विद्यालयहरूमा पढ्दै कमाउँदै कार्यक्रम सञ्चालनमा रहेको ।
८. बालविकास तथा आधारभूत तह (१-५) मा शिक्षकको दरबन्दी विद्यार्थी सङ्ख्याको आधारमा उपयुक्त रहेको ।
९. विद्यालयहरूको सबै कक्षाहरूको मूल्याङ्कन प्रणाली पालिका स्तरबाट सञ्चालन भएको ।
१०. विद्यालयहरूको आर्थिक दायित्व कम गर्न गुणस्तर अनुदान उपलब्ध गराउने गरीएको ।
११. विभिन्न सङ्घ संस्था तथा दातृ निकायहरूको रचनात्मक सहयोग रहेको ।

#### पालिकाको शैक्षिक क्षेत्रको सुधार गर्नुपर्ने पक्षहरू

१. विद्यालयहरूमा शैक्षिक वातावरणलाई समयानुकूल बनाउनुपर्नेमा ध्यान दिनुपर्ने देखिन्छ ।
२. विद्यालय र अभिभावक बिचको सम्बन्धलाई महत्त्व दिई सामुहिक धारणाको विकास गर्न प्रेरित गर्नुपर्ने देखिन्छ ।
३. विद्यालयहरूमा सुशासन कायम राख्न समयमा विद्यालय सुधार योजना निर्माण, प्रयोग र यथोचित तरिकाले कार्यान्वयन गर्नु आश्यक छ ।
४. पालिकाले शिक्षा क्षेत्रमा गर्नुपर्ने लगानीको अंश वृद्धि गर्नुपर्ने अवस्था रहेको छ ।
५. शिक्षक दरबन्दी मिलान र विद्यालयहरूको समायोजन गरीनु आवश्यक छ ।
६. सिकाइलाई सिपमा आबद्ध गरी उत्पादन चक्रमा आधारित शैक्षिक प्रणाली विकास गर्नुपर्ने देखिएको छ ।
७. विद्यालयहरूमा लागु भइरहेको पाठ्यक्रम न्यून शिक्षक दरबन्दीका कारण उपयुक्त तरिकाले कार्यान्वयन हुन नसकेका कारणले विद्यार्थीको सिकाइ उपलब्धिमा प्रत्यक्ष असर परेकोले तहगत र विद्यार्थीगत शिक्षक दरबन्दी व्यवस्थापन गर्नु आवश्यक छ ।
८. शिक्षकको क्षमता विकास, विद्यार्थीहरूको नियमितता र अभिभावकको विद्यालयप्रतिको अपनत्व बढाउनुपर्ने देखिएको छ ।
९. संविधान प्रदत्त निःशुल्क शिक्षाको अवधारणालाई पूरा गर्न सामुदायिक विद्यालयहरूको गुणस्तर सुधार कार्यमा जोड गर्नुपर्ने देखिएको छ ।
१०. विद्यालयहरूमा सूचना प्रविधि, विज्ञान प्रयोगशाला, पुस्तकालय लगायतका पूर्वाधारहरूको प्रयोग समयानुकूल गर्नुपर्ने देखिएको छ ।
११. बहुभाषिक सिकाइको अवसर प्रदान गरी बालबालिकाहरूको सिकाइमा भाषिक कारणले बुझाइमा समस्या सामाधानको लागि आवश्यक कार्यक्रम सञ्चालनका लागि प्रयत्न गर्नु पर्ने देखिएको छ ।

१२. विद्यालयको आर्थिक स्थिति सुधार गर्न विद्यालयसँग भएको जग्गालाई सदुपयोग गरी आय – आर्जनको प्रणाली अवलम्बन गर्नुपर्ने देखिएको छ ।

१३. पालिका अन्तर्गतका विद्यालयहरू विपद् तथा जङ्गली जनावरहरूको अति जोखिम क्षेत्रहरूमा रहेका हुनाले विद्यालयहरूको लागि विपद् व्यवस्थापन र सुरक्षित स्थल किटान गरी सिकाइको उचित प्रबन्ध गर्नुपर्ने अवस्था देखिएको छ ।

### पालिकाको शैक्षिक क्षेत्रका अवसरहरू

१. शैक्षिक क्षेत्रमा तुलनात्मक रुपमा पछाडी रहेकोले दिगो विकासको अवधारणा अनुरुप शैक्षिक कार्यक्रमहरू सञ्चालन गरी पालिकालाई नमुनाको रुपमा विकास गर्न सकिने अवसर रहेको छ ।

२. भाषिक विविधतापूर्ण कक्षाकोठा रहेकोमा बहुभाषिक शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गरी दिगो सिकाइ, रमाइलो पढाइका साथै विद्यार्थीहरूमा सहिष्णुताको भावना विकास गरी गुणस्तर सुधार गर्न सकिने अवसर रहेको छ ।

३. पढ्दै कमाउदै कार्यक्रमलाई प्रभावकारी बनाई विद्यार्थीको जीवन पद्धतिमा आवद्ध गरी सीपमूलक शिक्षाको प्रवर्द्धन गर्दै विद्यालय बाहिर रहेका तथा लक्षित वर्गका बालबालिकाहरूलाई शैक्षिक प्रणालीमा मूल प्रवाहीकरण गराउन सकिने अवसर रहेको छ ।

४. पालिका क्षेत्रभित्र रानाथारू, चौधरी थारु समुदायका बालबालिकाहरूको बाहुल्यता रहेकोमा खेल तथा प्रविधि क्षेत्रमा उत्कृष्टता हासिल गर्न सकिने अवस्था रहेको छ ।

५. विद्यालय शिक्षाको प्राविधिक धार तर्फ एउटा मात्र प्राविधिक विद्यालय सञ्चालनमा रहेकोमा यसलाई थप गर्दै सोहौ योजनाको अन्त सम्ममा ३०% बालबालिकाहरूलाई प्राविधिक शिक्षामा भर्ना गराउन सक्ने अवसर रहेको छ ।

६. विद्यालयहरूमा सुरक्षा, स्वास्थ्य, पोषण तथा अतिरिक्त क्रियाकलापको माध्यमबाट बहुआयमिक प्रतिभावान नागरीक उत्पादन गर्न विद्यालय शिक्षालाई विकास गर्न सकिने अवसर रहेको छ ।

### पालिकाको शैक्षिक क्षेत्रका चुनौतीहरू

१. विद्यार्थी शिक्षक अनुपातका आधारमा तहगत तथा विद्यार्थीगत शिक्षक दरबन्दी कायम गरी शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गर्नु ।

२. नवीनतम प्रविधिको प्रयोगको माध्यमबाट शिक्षामा नवीनता र प्रतिस्पर्धाको वातावरण सिर्जना गर्नु ।

३. निर्दिष्ट पाठ्यक्रम बमोजिम शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न शिक्षकको क्षमता विकास गरी सिकाइ उपलब्धि प्रति जवाफदेही बनाउनु ।

४. अभिभावक र विद्यालयबीचको सम्बन्धलाई सुमधुर बनाई जवाफदेहीपूर्ण शैक्षिक प्रणाली विकास गर्नु ।

५. अपाङ्गता, विपन्न तथा लक्षित वर्गका बालबालिकाहरूलाई शिक्षाको मूल प्रवाहीकरणमा समाविष्ट गर्नु ।

६. गणित पार्क, विज्ञान प्रयोगशाला, बालमैत्री बालविकास, नमुना कक्षाकोठा व्यवस्थापन र हरित विद्यालयको अवधारणालाई यथोचित गर्नु ।

७. यस गाउँपालिकाको दश वर्षे शिक्षा क्षेत्र योजनाको परिकल्पना गरेको शैक्षिक प्रणाली विकास गर्न आवश्यक पर्ने स्रोत साधनको व्यवस्थापन गर्नु ।

### १.२.२ शिक्षा क्षेत्र योजनाको विश्लेषण

शिक्षा जीवनपर्यन्त चलिरहने प्रक्रिया हो । औपचारिक र अनौपचारिक रुपमा व्यक्तिले शिक्षा निरन्तर रुपमा प्राप्त गरीरहेको हुन्छ । औपचारिक शिक्षालाई व्यवस्थित गर्न नेपाल सरकारले विद्यालय शिक्षा क्षेत्र योजनाको परिकल्पना गरेको हो । सोही बमोजिम लालझाडी गाउँपालिकाले २०७७ सालको वार्षिक योजनालाई आधारको रुपमा लिई २०७८ साल श्रावण १ गते देखि कार्यान्वयनमा ल्याउने गरी योजना निर्माण भएको हो । योजना निर्माणको क्रममा शिक्षासँग सम्बन्धित सरोकारवालाहरू, शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी, समाजसेवी र सरकारका जनप्रतिनिधिहरूको आपसी समन्वय र सहकार्यको आधारमा गरीएको हो । यसका साथै नमुना विद्यालयहरूको अवलोकन भ्रमण र असल अभ्यासहरू आदान प्रदान तथा शिक्षा क्षेत्रमा क्रियाशील विभिन्न सरकारी तथा गैर सरकारी सङ्घ संस्थाहरूसँग समन्वय र सहकार्य गरी योजना निर्माण कार्यलाई वस्तुनिष्ठ बनाउने प्रयास गरीएको छ । समग्र पालिकाको शैक्षिक स्थितिलाई उकास्न योजना निर्माण देखि कार्यान्वयनको

चरणसम्म सरोकारवालाहरूको उच्च सक्रियताको अपेक्षा गरीएको छ। सोही आधारमा शिक्षा क्षेत्र योजनाका सबल पक्ष, सुधारात्मक पक्ष, अवसर र चुनौती विश्लेषण गरीएको छ।

### शैक्षिक योजनाका सवल पक्षहरू

१. सङ्घीयता कार्यान्वयन पछि नेपाल सरकारले अङ्गिकार गरेको शिक्षा क्षेत्र विकास योजना र सिकाइ दसकलाई व्यवहारिक रुपमा कार्यान्वयन योग्य बनाउन आम सरोकारवाला, वुद्धिजीवी, विद्वतवर्ग रजनीतिक दल, राष्ट्रिय / अन्तराष्ट्रिय गैरसरकारी सङ्घ संस्था लगायतबाट प्राप्त धारणा सल्लाहसुझाव पृष्ठपोषण बाट प्राप्त सुझावको आधारमा पालिका स्तरीय दश वर्षे शिक्षा क्षेत्र योजना निर्माण गर्ने मुलुककै सम्भवत: पहिलो पालिकाको रुपमा स्थापित हुने अवसर विद्यमान रहेको छ।

२. यस योजनाले पालिकाको दश वर्षे शिक्षा योजना निर्माण हुनुको सँगसँगै शैक्षिक योजना कार्यान्वयनको माध्यमबाट समग्र पालिकाको शैक्षिक लक्ष्य पूरा गराउने निकायको रुपमा सम्पूर्ण विद्यालयहरूको दश वर्षे शैक्षिक योजना पनि निर्माण भइ कार्यान्वयनमा जाने अवस्थामा रहने वातावरण सिर्जना भएको छ।

३. पालिकाको नेतृत्व शैक्षिक योजना निर्माण र कार्यान्वयन मार्फत पालिकाको शैक्षिक स्थिति उकास्न उच्च सक्रिय र उत्प्रेरित रहेकोले शैक्षिक योजना तथा कार्यक्रम संचालनमा समग्र पालिकाको योजना भित्र प्राथमिकताको उच्च श्रेणीमा परेको छ।

४. योजना निर्माणका लागि पूर्व सर्तमा रहेको तथ्याङ्क, पार्श्वचित्र तयार भएको छ।

५. शैक्षिक योजना कार्यान्वयनको आधार स्तम्भका रुपमा रहेका शैक्षिकसंस्था हरू र तिनमा कार्यरत जनशक्ति सक्रिय र उत्प्रेरित छन्।

६. योजनालाई व्यवहारिक र कार्यान्वयन योग्य वनाउन आम सरोकारवालाहरू विच व्यापक छलफल अन्तरक्रिया, गोष्ठि संचालन गरी सो मार्फत प्राप्त सुझावहरूलाई मार्गदर्शनको रुपमा लिइ सोही अनुरुपका प्राथमिकताक्रममा योजना /कार्य्रक्रम निर्माण गरीएकोले सरोकारवाला सबैको स्वामित्व/ अपनत्वमा पूर्ण रुपमा कार्यान्वयन हुने वातावरण सिर्जना भएको छ।

७. पालिकाको योजना निर्माण सँगसगै शैक्षिक योजना मुख्य रुपमा कार्यान्वयन गर्ने गहन जिम्मेवारी र दायित्व भएका विद्यालयहरूको समेत दश वर्षे शिक्षा क्षेत्र योजना निर्माण भएकोले शैक्षिक योजना पूर्ण रुपमा कार्यान्वयन हुने वातावरण सिर्जना भएको छ।

### सुधार गर्नुपर्ने पक्ष

१. योजना कार्यान्वयनमा स्रोतको सुनिश्चितता तथा दिगोपनामा विशेष ध्यान पुर्याउनु पर्नेछ।
२. योजना तिनै चरणमा (तयारी, कार्यान्वयन, र प्रतिफल प्राप्ति) प्रभावकारी अनुगमन मूल्यांकनको व्यवस्था आवश्यक छ।
३. योजना निर्माणको चरणमा सरोकारवालाहरूको सक्रियता र तत्परताको निरन्तरता योजना अवधिभर कायम रहनुपर्ने छ।
४. योजना कार्यान्वयनमा प्रभावकारिताका लागि प्रभावकारी दण्ड र पुरस्कार प्रणाली अवलम्वन गर्नु पर्नेछ।

योजनाका चुनौती

१. योजना निर्माणको छलफलको क्रममा गरीएका प्रतिवद्धताहरूमा कार्यान्वयन चरणमा स्वामित्व/ अपनत्व नरहेमा योजना पूर्ण रुपमा कार्यान्वयन नहुने जोखिम रहनेछ।
२. योजनामा अनुमानित वजेटको स्रोत सुनिश्चितता नभएमा योजना पूर्णरुपमा कार्यान्वयन नहुने जोखिम रहनेछ।
३. योजना कार्यान्वयनको प्रमुख अङ्गको रुपमा रहेका विद्यालयहरूको सक्रियता, तत्परता र मनोवलमा प्रोत्साहन कायम राख्न नसक्नु।

## परिच्छेद २
## दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ सन्दर्भ र औचित्य

मुलुकले अंगालेको सङ्घीय शासन प्रणाली अनुरुप तीन तहका सरकारहरू स्थापना भइ क्रियाशील अवस्थामा रहेका र विगतका केन्द्रीकृत योजनाका सवल पक्षहरू लाई आत्मसात गर्दै सुधार गर्नुपर्ने पक्षमा जोड दिई आफ्ना लागि आफैले योजना निर्माण, कार्यान्वयन र प्रतिफलको उपभोगलाई समेत यथार्थ वस्तुनिष्ठ वनाउने अवसर स्थानीय सरकारलाई समेत संवैधानिक रुपमा प्राप्त भएको अवसरलाई उपयोग गर्दै समग्र पालिकाको विकासको मेरुदण्डको रुपमा रहेको दशवर्षे शिक्षा क्षेत्र योजना निर्माण गर्नुपर्ने आवश्यकता र व्यवस्था वमोजिम यो योजना निर्माण गरीएको हो।

शैक्षिक क्षेत्रमा विगतमा समग्र जिल्लामै परेको पछि परे  अवस्थाबाट मुक्तभई समुदायको आवश्यकता ( माग, चाहना र प्राथमिकता) वमोजिम शिक्षण सिकाइको केन्द्रविन्दुको रुपमा पालिकालाई स्थापित गराउन योजना निर्माण गरीएको हो ।

### २.२  दीर्घकालिन राष्ट्रिय सोच

सक्षम, सिर्जनशील र मुल्य उन्मुख  नागरीक तयार गरी नेपालको सामाजिक-आर्थिक रूपान्तरणका माध्यमबाट **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने।

### २.२.१ ध्येय

अन्तराष्ट्रिय स्तरमा तुलनायोग्य गुणस्तर युक्त तथा सान्दर्भिक शिक्षा प्राप्त गर्ने नागरीकको हक सुनिश्चित गर्न सक्षम,सुशासित,उत्तरदायी र प्रतिस्पर्धी तथा समावेशी सार्वजनिक विद्यालय शिक्षा पद्धति ।

### २.३ प्रदेशको दीर्घकालीन सोच तथा गन्तव्य

### २.४. पालिकाको दीर्घकालिन सोच तथा गन्तव्य

### २.४.१ सोच

मूल्य उन्मुख शैक्षिक वातावरण समुन्नत लालझाडीको आवरण।

### २.४.२ ध्येय:

राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तर सँग तुलनायोग्य गुणस्तरयुक्त तथा सिपयुक्त,दक्ष समतामुलक शिक्षा प्राप्त गर्ने नागरीकको हक सुनिश्चित गर्न सक्षम प्रतिस्पर्धी,वैज्ञानिक,नवप्रवर्तनशील,सिर्जनात्मक,जवाफदेहि,श्रम,उत्पादन र राष्ट्रियता प्रति सकारात्मक समावेशी तथा सुशासित विद्यालय शिक्षा पद्धति ।

### २.२.३ लक्ष्य :

दश वर्ष भित्र शिक्षा क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरमा तुलना योग्य रुपमा प्रतिष्पर्धा गर्ने सक्षम नागरीक तयार गर्ने।

### २.२.४ गन्तव्य

लालझाडी शिक्षा सम्मेलन मार्फत सरकारले घोषणा गरे वमोजिम २०७८ देखि २०८८ को दशकलाई प्रभावकारी  शैक्षिक उत्सवको रुपमा विकास गर्न विद्यालय शिक्षा पद्धतिलाई जवाफदेही पूर्ण नवप्रवर्तनात्मक तथा रचनात्मक क्रियाकलापहरू संचालन गरी सक्षम जनशक्ती तयार गर्ने ।

### २.५ प्रमुख उद्देश्यहरू

१. विद्यालय शिक्षामा आर्थिक तथा सामाजिक लगायतका कारणले बहिष्करणमा परेका लक्षित वर्ग तथा अपाङ्गता भएका बालबालिकाहरूको सम्मानजनक,समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।

२. सबै बालबालिकाहरूको न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै यस क्षेत्रको विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु ।

३. आधारभूत कार्यमूलक सीप सहित आजीवन सिकाइको अवसर प्रदान गरी विद्यार्थीहरूमा सीप विकास तथा आय- आजर्नसँग आवद्ध गर्नु ।

४. समग्र शैक्षिक जनशक्तिको आत्म - अनुशासनयुक्त व्यवहारको माध्यमबाट संस्थागत सु-शासन कायम गर्नु ।

५. शिक्षालाई प्राविधिक व्यावसायिक तथा सीपयुक्त वनाउदै श्रम बजार अनुकूल जनशक्ति तयारीका लागि आधार प्रदान गर्नु।

६. शिक्षण पेशालाई मर्यादित र व्यवस्थित वनाउन पेसागत सहयोग प्रणाली विकास गर्नु ।

७. विपद् तथा महामारीको समयमा सिकाइ निरन्तरता कायम राख्न उत्थानशील तथा प्रतिकार्यात्मक प्रणालीको विकास गर्नु।

८. समाजका कला, वैशिष्ट्य, संस्कृति, धर्म र रहनसहनको संरक्षण गरी जीवन पर्यन्त शैक्षिक व्यवहार सुनिश्चित गराउनु ।

९. सिर्जनात्मक,मनोरञ्जनात्मक र प्रयोगात्मक सिकाइका माध्यमबाट प्रकृति उन्मुख, चिन्तनयुक्त र वैज्ञानिक शैक्षिक प्रणालीको विकास गर्नु ।

१०. बालबालिकालाई संविधान प्रदत्त मौलिकहक कार्यान्वयनको प्रत्याभूति प्रदान गर्दै मूल्यउन्मुख आत्मनिर्भर,उत्पादनमूखी जीवनयापनको अवसर प्रदान गर्नु ।

११. स्वस्थ, शिक्षित र सीपयक्तु मानव पुँजी र्नमाण गर्नु ।

## २.६ पालिकाको दीर्घकालिन रणनीति

लालझाडी गाउँपालिकालाई राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेशमा समुन्नत पालिकाको रुपमा स्थापना गर्न आवश्यक मानवस्रोत विकासको आधार प्रदान गरी गाउँपालिकालाई शैक्षिक आकर्षणको केन्द्रको रुपमा स्थापित गर्ने।

१. प्रारम्भिक बालविकास शिक्षालाई नैतिक/आदर्श/मूल्यवान जीवनको आधारशीलाको रुपमा विकास गरी सबै बालबालिकालाई रमाइलो वातावरणमा मनोरञ्जनात्मक तरिकाले सिक्ने अवसर प्रदान गर्ने।
२. शिक्षामा समतामूलक पहुँच स्थापित गर्दै स्थानीय ज्ञान, सीप र प्रविधिको उपयोग गरी विद्यार्थी र अभिभावकको चाहना बमोजिम आधारभूत तहको शिक्षालाई शैक्षिक प्रणालीको आधार स्तम्भको रुपमा विकास गर्ने।
३. आधारभूत तह देखि नै व्यावसायिक शिक्षाको जग बलियो बनाइ आत्मनिर्भरता उन्मुख शैक्षिक प्रणाली विकास गर्ने।
४. गाउँपालिका भित्र तीन वर्ष भित्र उच्च शिक्षा प्रदान गर्ने शैक्षिक संस्था संचालन गर्ने।
५. विज्ञान तथा सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने।
६. विद्यालयहरूलाई सिर्जनात्मक र प्रयोगात्मक सिकाइका केन्द्रविन्दु बनाउन सबै विद्यालयहरूको जनशक्तिलाई सुशासन युक्त क्षमतावान र जवाफदेही वनाउने।
७. गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि विद्यालयमा कार्यरत सबै शिक्षकहरूको पेसागत सुदृढिकरण गर्ने ।
८. १०विद्यालय व्यवस्थापन समिति तथा प्रअलाई विद्यालय संचालन, व्यवस्थापन र अनुगमनमा जिम्मेवार वनाइ आवश्यकताका आधारमा क्षमता विकासका कार्यक्रम संचालन गर्ने ।
९. ११परम्परागत र स्थानीय ज्ञान, सीप र प्रविधिको संरक्षण गर्दै वैज्ञानिक खोज र अनुसन्धानलाई प्राथमिकता दिई नवीन प्रविधिलाई समाजको समग्र विकासमा उपयोग गर्ने ।
१०. १२सार्वजनिक शिक्षाको प्रभावकारिता यसको गुणस्तरमा आधारित हुने भएकोले गुणस्तरीय शिक्षाका लागि आवश्यक सम्पूर्ण अवयवहरूको प्रभावकारिता वृद्धि गरी सार्वजनिक शिक्षाप्रति समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन गर्ने र सार्वजनिक शिक्षालाई समाजको आकर्षणको केन्द्रको रुपमा विकास गर्ने ।
११. सङ्गीत, खेलकुद, कला, र साहित्य स्वास्थ्य शिक्षाको माध्यमबाट शिक्षाको गुणस्तर विकास गर्ने ।
१२. शिक्षामा समतामूलक पहुँच स्थापित गरी दिगो विकासका लक्ष्य न.४ हाँसिल गर्न आवश्यक कार्यक्रम संचालन गर्ने।
१३. आर्थीक सामाजिकरुपले विपन्न, लक्षित वर्ग, अपाङ्गता भएका बालवालिकाहरूलाई विद्यालयको पहुँच सुनिश्चित गर्ने।
१४. नक्साङ्कन आधारमा विद्यालयहरूलाई समायोजन गर्ने ।
१५. विद्यालय तथा शैक्षिक संस्थाहरूमा स्वप्रेरित सु-शासन कायम गर्ने ।

## २.७ प्रमुख उपलब्धि सूचकहरू

| मुख्य कार्यसम्पादन सूचक | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्रस | तह | सूचकाङ्क | आधार वर्ष २०७७ | | २०८१ | २०८२ | २०८७ |
| | | | राष्ट्रिय | पालिका | सम्मको उपलब्धि | सम्मको लक्ष्य | सम्मको लक्ष्य |
| १.१ | प्रारम्भिक बाल विकास | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर (%) | ८६.२ | ८७.४५ | ८६. | ९४ | १०० |
| १.२ | | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर(%) | | ६९.३ | ६१.६ | ७५ | ९२ |
| १.३ | | न्यूनतम योग्यता पुरा भएका शिक्षकको प्रतिशत | ९५ | १०० | १०० | १०० | १०० |
| १.४ | | आधारभूत तालिम प्राप्त शिक्षकको प्रतिशत | | १०० | १०० | १०० | १०० |
| १.५ | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | ६८.६ | ७०.२ | ८० | ७८ | ९९ |

| | मुख्य कार्यसम्पादन सूचक | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्रस | तह | सुचकाङ्क | आधार वर्ष २०७७ | | २०८१ सम्मको उपलब्धि | २०८२ सम्मको लक्ष्य | २०८७ सम्मको लक्ष्य |
| | | | राष्ट्रिय | पालिका | | | |
| २.१ | आधारभूत तह | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९६.९ | ९७.३ | ९६. ५ | ९९ | १०० |
| २.२ | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १२१.९ | १२१.४ | १००.८ | १११ | १०० |
| २.३ | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९७.१ | ९८.८ | ९६.१ | ९९ | १०० |
| २.४ | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | ११९.२ | ११७.३ | १०३.१ | १०८ | १०० |
| २.५ | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद प्रवेश दर* (%) | ९०. | ९१.२ | ९५.९ | ९६ | १०० |
| २.६ | | आधारभुत तह (प्राथमिक कक्षा १-५) मा कुल प्रवेश दर* (%) | ११३.० | ११६.० | ११२.४ | १०९ | १०५ |
| २.७ | | आधारभूत तहको प्राथमिक तह कक्षा ५ सम्मको टिकाउ दर* (%) | ९३.० | ८९.० | ९०.० | ९२.० | ९५.० |
| २.८ | | आधारभूत तह प्राथमिक तह कक्षा ५ पुरा गर्ने दर* (%) | ८५.८ | ८४.७ | ८९.० | ९१.० | ९३.० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.९ | | आधारभूत तहमा प्राथमिक तह कक्षा १-५ मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका(%) | | २२.२ | २०.५ | १८.६ | १५.० | १०.८ |
| २.१० | | आधारभूत तहमा प्राथमिक तह कक्षा १-५ कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | | १.०६ | १.०९ | १.०७ | १.०२ | १.० |
| २.११ | | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर* (%) | | ९०.६ | ९१.२ | ९५.९ | ९६ | १०० |
| २.१२ | | आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दर (%) | | ९६.१ | ९७.३ | ११५.१ | ९८ | १०० |
| २.१३ | | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | | ९३.४ | ९३.६ | ९६.० | ९६ | १०० |
| २.१४ | | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | | ११०.४ | १०९.५ | १०१ | १०१ | १०० |
| २.१६ | | आधारभूत तहमा आधारभूत तह कक्षा १-८ कुल भर्ना दरमा लैङ्गिक समता सूचकांक | | १.०१ | १.०१ | १ | १.० | १.० |
| २.१७ | | कक्षा ३ मा न्यूनतम(नेपाली भाषा)सिकाइ उपलब्धि हासिल गरेका बालबालकाको सङ्ख्या | | | | ७० | ७५ | ८० |
| २.१८ | | कक्षा ५ मा न्यूनतम(नेपाली भाषा)सिकाइ उपलब्धि हासिल गरेका बालबालकाको सङ्ख्या | | | | ८० | ८५ | ९० |
| २.१९ | | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | | ७९.३ | ८१.५ | ८८.१ | ८८ | ९७ |
| २.२० | | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका बालबालकाको सङ्ख्या | नेपाली | ४५.० | ४४.० | २.५६ | २.७६ | ३.१० |
| | | | गणित | २८.० | २९.७ | २.४४ | २.६० | ३.२२ |
| | | | अङ्ग्रेजी | | ३२.४ | २.५१ | २.७७ | ३.११ |
| २.२१ | | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका बालबालकाको सङ्ख्या | नेपाली | ६८.५ | ६७.९ | २.७९ | २.८४ | ३.१५ |
| | | | गणित | ५३.५ | ५५.४ | २.५५ | २.६० | ३.० |
| | | | विज्ञान | ४३.८ | ४५.३ | २.८५ | २.८९ | ३.२४ |
| २.२२ | | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | | ७२.७ | ७३ | | ८१ | ९४ |
| २.२३ | | विद्यालय वाहिर रहेका बालबालिका* (%) | कक्षा १-५ | २.९ | ३.२ | २.२ | १ | ० |
| | | | कक्षा १-८ | ६.६ | २ | २ | १ | ० |
| ३. | **अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | ६ बर्ष माथिको साक्षरता दर | | ८२.० | ८९ | | ९३ | ९८ |
| ३.१ | | १५-२४ बर्षको साक्षरता दर | | ९२ | ९८.३ | | ९९ | ९९.६ |
| ३.२ | | १५ बर्ष माथिको साक्षरता दर | | ५८ | ७५ | | ८० | ८६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३.३ | | साक्षरता दरमा लैंगिक समता(१५ वर्ष माथि) | ०.६५ | | ०.७६ | ०.८१ | ०.९७ | १ |
| ४.१ | महिला शिक्षक प्रतिशत | आधारभूत तह (कक्षा१-८) | ४३.७ | | २८.६५ | | ३२ | ३६ |
| ४.२ | PMEC पुरा गरेका विद्यालयको प्रतिशत | बालविकास | | | | | | |
| ४.३ | | आधारभूत | | | | | | |
| ४.४ | | माध्यमिक | | | | | | |
| ४.५ | छोड्ने दर | आधारभूत तह （कक्षा १-८) | ३.५६ | | ३ | २.६ | २ | १ |
| ४.६ | दोहयाउने दर | आधारभूत तह （कक्षा १-८) | | | ३ | २.३ | २ | १ |
| ४.७ | सिकाइ उपलब्धि दर | कक्षा ८ ३.२ बाट ३.६ ग्रेड ल्याउने % | | | ७ | १४.०१ | १९.० | २३.६ |
| ५.७ | | कक्षा ८ ३.६ बाट ४.० ग्रेड ल्याउने % | | | ४ | ६.५४ | १०.० | १२.३ |
| ६.० | प्रारम्भिक कक्षाको पठनसीप | CB EGRA | छात्र | छात्रा | | | | |
| ६.१ | | CB EGRA कक्षा १ समग्र | ७५ | ६६ | | | | |
| ६.२ | | CB EGRA कक्षा २ समग्र | ५३ | ४५ | | | | |
| ६.३ | | CB EGRA कक्षा ३ समग्र | ५९ | ५१ | | | | |

**मुख्य कार्यसम्पादन सूचक**

| क्रस | तह | सुचकाङ्क | आधार बर्ष २०७७ | | २०८१ सम्मको उपलब्धि | २०८२ सम्मको लक्ष्य | २०८७ सम्मको लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय | पालिका | | | |
| ७.१ | माध्यमिक तह | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर (%) | २९.२ | ३१.२ | ७४.१ | ३८ | ४७ |
| ७.२ | | माध्यमिक तह (कक्षा ९-१०) मा कूल भर्ना दर (%) | ५१.२ | ५२.६ | ८८.६ | ६१ | ६८ |
| ७.३ | | माध्यमिक तह (कक्षा ११-१२) मा खुद भर्ना दर (%) | ६४.६ | ६६.७ | ११.२ | ७४ | ८१ |
| ७.४ | | माध्यमिक तह (कक्षा ११-१२) मा कूल भर्ना दर (%) | ६४.६ | ६५.२ | २१.१ | ७२ | ७८ |
| ७.५ | | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | ४७.६ | ४८.५ | ३७.२ | ५४ | ५९ |
| ७.६ | | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर (%) | ७१.४ | ७२.२ | ४९.१ | ७८ | ८१ |
| ७.७ | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने टिकाउ दर (%) | ६०.३ | ५५.८ | ५८.२ | ६२ | ७१ |
| ७.८ | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने टिकाउ दर (%) | २४.० | २७ | २९ | ३३ | ३९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७.९ | | कक्षा ९-१२ को खुद भर्ना दरमा लैङ्गिक समता सूचक | | १.०२ | १.०० | १.० | १.०० | १.०० |
| ७.१० | | माध्यमिक तह (कक्षा९-१२) | | २०.६ | १.०० | १.० | १.०० | १.०० |
| ७.११ | | माध्यमिक तह (कक्षा ९-१०) | | ३.७ | ३.५ | ३.१ | २ | १ |
| ७.१२ | | माध्यमिक तह (कक्षा ९-१०) | | | २ | १.८ | १.५ | १ |
| ७.१३ | | आधारभूत तह बाट माध्यमिक तहमा ट्रान्जिशन दर | | ९७.५ | | | | |
| ७.१४ | | माध्यमिक तह कक्षा ९-१२ मा कार्यरत महिला शिक्षक | | २०.६ | | १२ | १५ | २० |
| ७.१५ | | माध्यमिक तह कक्षा ९-१२ मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विद्यार्थीमा भर्ना भएका विद्यार्थी सङ्ख्या | विज्ञान | | | | | |
| | | | प्रा.व्य | १०.० | | ३९ | ४५ | ५० |
| ८.१ | | कक्षा SEE ३.२ बाट ३.६ ग्रेड ल्याउने % | | | ६ | १.२५ | ११ | १९ |
| ८.२ | **सिकाइ उपलब्धि दर** | कक्षा SEE ३.६ बाट ४.० ग्रेड ल्याउने % | | | ० | | ७ | १३ |
| ८.३ | | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि | नेपाली | | | | | |
| | | | गणीत | | | | | |
| | | | विज्ञान | | | | | |
| | | | अङ्ग्रेजी | | | | | |
| **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | | |
| ९.१ | प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तथा तालिम प्राप्त आर्थिक रुपले सक्रिय जनशक्ति(%) | | | ३१.० | | | | |
| ९.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९-१२ वा प्रि डिप्लोमा वा सो सरह)उत्तीर्ण जनशक्ती(वार्षिक सङ्ख्या | | | | | | | |
| **शुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ९.३ | आधारभूत तह(कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात (समुदायिक विद्यालय | | | १:२० | १:२० | १:२२ | १:३० | १:३५ |
| ९.४ | आधारभूत तह(कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (समुदायिक विद्यालय | | | १:६२ | १:६० | १:५८ | १:५० | १:४५ |
| ९.५ | आधारभूत तह(कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (समुदायिक विद्यालय | | | १:२५ | १:२८ | १:३० | १:३५ | १:४० |
| ९.६ | माध्यमिक तह(कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (समुदायिक विद्यालय | | | १:६० | १:४८ | १:२६ | १:३० | १:३५ |
| ९.७ | माध्यमिक तह(कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात (समुदायिक विद्यालय | | | १:६६ | १:६० | १:४८ | १:४५ | १:४० |
| **शिक्षामा लगानी** | | | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट % | १०.६८ | ३० | २७ | ३० | ३५ |
| १०.१ | आधारभूत तह कक्षा १-८ मा प्रति विद्यार्थी सरकारी खर्च रु हजारमा | १५ | १६ | १७ | २२ | २६ |
| १०.१ | आधारभूत तह कक्षा ९-१२ मा प्रति विद्यार्थी सरकारी खर्च रु हजारमा | १५ | १६ | १७ | २२ | २६ |

### सहायक उपलब्धि सूचकहरू

| क्र.स. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | | १ | | | २ | |
| २ | मापदण्डअनुसार शिक्षक व्यवस्था | सङ्ख्या | १० | १० | १० | १० | १० | ५० | ५० |
| ३ | सबै बालबालिकालाई विद्यालय भर्ना | पटक | १ | १ | १ | १ | १ | १ | १० |
| ४ | प्रारम्भिक कक्षाका बालबालिकाहरूका लागि पठन सामग्री व्यवस्था | पटक | १ | १ | १ | १ | १ | १ | १० |
| ५ | प्रारम्भिक कक्षा शिक्षणसम्बन्धि शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | १ | १० |
| ६ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १० |
| ७ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | १ | १० |
| ९ | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | १ | १० |
| १० | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | निरन्तर | | | | | | | |
| १२ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | निरन्तर | | | | | | | |
| १३ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | | | | | | | |
| १४ | पाठ्यपुस्तक तथा पुसतकालय व्यवस्था | निरन्तर | | | | | | | |
| १५ | सन्दर्भ सामग्रीको व्यवस्था | | | | | | | | |
| १७ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | निरन्तर | | | | | | | |
| १८ | कक्षाकोठामा आधारित मूल्याङ्कन | निरन्तर | | | | | | | |
| १९ | व्यवस्थित परीक्षा प्रणाली | | | | | | | | |
| २१ | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| २२ | अभिभावक जागरण अभियान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

## परिच्छेद ३
## शिक्षाका मुख्य उपक्षेत्रहरू

### ३.१ प्रारम्भिक बालविकास शिक्षा

#### परिचय

नेपालको संविधान २०७२ को धारा ३९ बालबालिकाको हकको उपधारा ३ मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा तथा बाल सहभागिताको हक हुनेछ भनि उल्लेख गरीएको छ। त्यसैगरी मानव अधिकार सम्वन्धी विश्व घोषणा पत्र १९४८ को धारा २६(३) मा मातापिता लाई आफ्ना बालबालिकाहरू लाई दिईने शिक्षाको किसिम छनौट गर्ने पूर्ण अधिकार रहेको छ।
यसका साथै बालबालिका अधिकार महासन्धी १९८९ ले बाल अधिकारका मुख्य ४ वटा पक्षहरू बाल बचाउ, बाल संरक्षण, बालविकास र बाल सहभागितालाई जोड दिएको छ। साथै शिक्षा ऐन २०२८ को आठौ संसोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रुपमा मान्यता दिएकोछ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकाई लेखपढ गराउने वा अक्षर तथा अंक चिनाउने कार्यमा जोड दिने भन्दा बाल बालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नुका साथै आधारभूत शिक्षकको लागि तयार गराउन सहयोग गर्नु पर्ने र प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिमा सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक बर्से बालविकास शिक्षा कार्यक्रम सञ्चालन गरीने व्यवस्था नेपालको निशूल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा राष्ट्रिय शिक्षा नीति २०७६ मा उल्लेख भएको र नेपालको १६ औं योजनामा पनि शिक्षा योजनामा पनि एक बर्से बालविकास शिक्षा कार्यक्रम समावेश गरीएको छ।
१६ औं योजनामा प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिका ७६.९ बाट २०८५/८६ सम्ममा १०० प्रतिशत पुर्याउने लक्ष्य रहेकोमा यस गाउँपालिका क्षेत्रमा उक्त लक्ष्य पूरा गर्न आवश्यक कार्यक्रमहरू गरीनेछन। सबै क्षेत्रको समन्वयात्मक सहयोगले यस पालिकामा बालविकास शिक्षा कार्यक्रम विस्तारमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक एवम् नैतिक सिर्जनात्मक पक्षको विकासमा उनीहरू लाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइलाको रुपमा रहेको छ। तसर्थ यसलाई सर्वसुलभ र गुणस्तरिय बनाउने क्रममा विद्यालयहरूमा बालमैत्री बातावरण निर्माण, चप्पल रहित बालविकास रहित कक्षाकोठा सहित उचित बसाई व्यवस्थापन गरी रमाइलो बातावरणमा सिक्न पाउने अवसर पाउने प्रदान गर्ने गरी योजना अवधिभर वस्तुनिष्ठ तरिकाले आवश्यक व्यवस्थापन गर्ने तयारी गर्नु पर्ने देखिन्छ। यसै कुरालाई मध्यनजर गरेर लालझाडी गाउँपालिकाले निर्माण गरेको शिक्षा क्षेत्र योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित गुणस्तरिय बाउने प्रयास स्वरुप आवश्यक कार्यक्रमहरू समावेश गरीएको छ। यस कार्यलाई पुरा गर्नका लागि स्थानीय सरकारले जवाफदेहिताका साथ बालविकास शिक्षामा लगानी गर्नु पर्ने देखिएको छ।

#### वर्तमान अवस्था

यस गाउँपालिका भित्र हाल सम्म जम्मा १६ वटा समुदायिक विद्यालयहरूमा २९ वटा बालविकास केन्द्र सञ्चालनमा रहेका छन्। योजना निर्माणको आधार वर्षमा १ जना पुरुष र २८ जना महिला गरी जम्मा २९ वटा बालविकास सहजकर्ताहरू कार्यरत रहेकोमा हाल सम्म सोही सङ्ख्या कायम रहेको विद्यामान अवस्था छ। योजन निर्माणको आधार वर्ष र अद्यावधिक वर्षमा बालविकास कक्षामा भर्ना भएको विद्यार्थी **सङ्ख्या १४४ जना** विद्यार्थी सङ्ख्या थप भएको छ। तुलनात्मक रुपमा प्रारम्भिक बालविकास कक्षामा भर्ना हुने विद्यार्थीहरूको सङ्ख्या संस्थागत विद्यालयमा बढेको देखिएको छ भने सामुदायिक विद्यालयमा घटेको देखिन्छ। समग्रमा बालविकास कक्षामा बालबालिकाको पहुँच अभिवृद्धि भएको छ।

| आधार वर्ष(२०७७/७८) | | | अद्यावधिक वर्ष(२०८१/८२) | | |
|---|---|---|---|---|---|
| छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| ५०५ | ५७१ | १०७६ | ५५९ | ६६१ | १२२० |

#### सामुदायिक विद्यालय तर्फ

| आधार वर्ष(२०७७/७८) | | | अद्यावधिक वर्ष(२०८१/८२) | | |
|---|---|---|---|---|---|
| छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |

| | | | | | |
|---|---|---|---|---|---|
| ३८५ | ३८८ | ७७३ | ३३५ | ३२६ | ६६१ |

**संस्थागत विद्यालय तर्फ**

| आधार वर्ष (२०७७/७८) | | | अद्यावधिक वर्ष (२०८१/८२) | | |
|---|---|---|---|---|---|
| छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १२० | १८३ | ३०३ | २२४ | ३३५ | ५५९ |

प्रारम्भिक बालविकासको कुल भर्नादर ८७.४५ प्रतिशत रहेकोछ। त्यसैगरी प्रारम्भिक बालविकासको खुदभर्नादर ६९.३ रहेको छ। कक्षा १ मा भर्ना भएका कुल बालबालिकाहरू मध्ये ७०.२ प्रतिशत बालवालिकाहरू मात्रै वालविकास कक्षाको अनुभव लिएको देखिन्छ।

| मुख्य कार्यसम्पादन सुचक | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्रस | तह | सुचकाङ्क | आधार बर्ष २०७७ | | २०८१ | २०८२ | २०८७ |
| | | | राष्ट्रिय | पालिका | सम्मको उपलब्धि | सम्मको लक्ष्य | सम्मको लक्ष्य |
| १.१ | प्रारम्भिक बाल विकास | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर (%) | ८६.२ | ८७.४५ | ८६.० | ९४ | १०० |
| १.२ | | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर(%) | | ६९.३ | ६१.६ | ७५ | ९२ |
| १.३ | | न्यूनतम योग्यता पुरा भएका शिक्षकको प्रतिशत | ९५ | १०० | १०० | १०० | १०० |
| १.४ | | आधारभूत तालिम प्राप्त शिक्षकको प्रतिशत | | १०० | १०० | १०० | १०० |
| १.५ | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | ६८.६ | ७०.२ | ८० | ७८ | ९९ |

प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२८८ ले वि.सं. २०८८ सम्ममा गर्भावस्था देखि ८ वर्षसम्मका सबै बालबालिकाको शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक र भाषिक विकासको अवसर सुनिश्चित गरीनेछ भनि उल्लेख गरेकोले सोही बमोजिम राष्ट्रिय लक्ष्यलाईपुरा गर्न लालझाडी गाउँपालिकाले प्राथमिकताका साथ प्रारम्भिक बालविकास शिक्षालाई अगाडि बढाउन देहाय बमोजिम कार्य संचालन गरीनेछ।

## चुनौती

१. बालविकास केन्द्रहरूमा भौतिक पूर्वाधार तथा विद्यार्थी सङ्ख्या बमोजिम सिकाइ क्षेत्रहरूको व्यवस्था मिलाउनु।
२. बालविकास सहजकर्ताहरूलाई बालमनोविज्ञानमा आधारित भइ आधुनिक सूचना प्रविधिको प्रयोग गर्न सक्ने गरी क्षमता विकास गराउनु।
३. बहुभाषिक बालबालिकाहरूलाई सम्बोधन गर्दै सिकाइ प्रति आकर्षण बढाउनु।
४. प्रारम्भिक बालविकासको न्यूनतम मापदण्ड पुरा गर्न आर्थिक स्रोत सुनिश्चित गर्नु।
५. सामुदायिक बालविकास केन्द्र प्रति अभिभावक तथा सरोकारवालकाहरूको धारणा सकारात्मक तुल्याइ आकर्षण बढाउनु।

## उद्देश्य

१. सर्वाङ्गीण विकासको लागि शारीरिक, मानसिक,सामाजिक,संवेगात्मक तथा नैतिक विकास गराउन प्रारम्भिक उमेर समूहका सबै बालबालिकाहरूलाई उमेर अनुसार लक्षित एवं गुणस्तरीय सेवा प्रभावकारी रुपमा प्रदान गरी राष्ट्रिय एकीकृत रणनीतिका उद्देश्य पुरा गर्न सहयोग गर्नु।

२. प्रभावकारी सिकाइ व्यवस्थापन गर्न प्रारम्भिक बालविकासका लागि शैक्षिक एवम् भौतिक पूर्वाधार सुनिश्चित गर्नु।

३. प्रारम्भिक बालविकासको प्रभावकारी सेवा पुर्याउन दक्ष जनशक्ति व्यवस्थापन तथा आर्थिक स्रोत सुनिश्चित गर्नु ।

४. बालबालिकाको सर्वाङ्गीण विकासका लागि आमाबुबा, परिवार, संरक्षक तथा समुदायको सक्रिय संलग्नता सुनिश्चित गर्नु ।

५. विशेष संरक्षण आवश्यकता भएका प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि लक्षित रुपमा एकीकृत एवं गुणस्तरीय सेवाको पहुँच विस्तार गर्नु ।

६. विद्यालय प्रति बालबालिकाहरूको सकारात्मक भावनाको विकास गराइ सबै बालबालिकाहरूलाई बालविकासको अनुभव प्रदान गराउनु ।

७.विद्यालय शिक्षाको जग बलियो बनाउन प्रारम्भिक बालविकासका बालबालिकाहरूलाई विद्यालय शिक्षाको लागि पूर्व तयारी गराउनु ।

**रणनीति**

१. प्रारम्भिक बालविकास शिक्षालाई नैतिक,आदर्श, जीवनमूल्यउन्मुख आधारशीलाको रुपमा विकास गरी सबै बालबालिकालाई बालमैत्री,लैङ्गिक मैत्री र अपाङ्गमैत्री पूर्वधार सहितको वातावरणमा मनोरञ्जनात्मक तरिकाले सिक्ने अवसर प्रदान गर्ने ।
२. गुणस्तरीय र प्रभावकारी प्रारम्भिक बालविकास सेवाका लागि सूचना व्यवस्थापन प्रणीलीको सुदृढीकरण,अनुगमन र अनुसन्धानमूलक मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।
३. प्रभावकारी सिकाइका लागि, प्रारम्भिक बालविकास केन्द्र मा सिकाई कुना तथा वसाइ व्यवस्थापन मिलाईने छ ।

**कार्यनीतिहरू :-**

१. प्रत्येक विद्यालयमा प्राकृतिक तथा रमणीय वाल उद्यानको विकास गरीनेछ ।
२. बालविकास केन्द्रका सहजकर्ताको क्षमता विकास गराइ बालबालिकाहरूलाई विद्यालय शिक्षाका लागि पूर्व तयारी गराउन रमाइलो पढाइ दिगो सिकाइ अभियान तथा कार्यक्रमहरू संचालन गरीनेछ ।
३. बालबालिकाहरूमा असल सामाजिक व्यवहार तथा नैतिक मूल्यमान्यता विकास गराउन समुदायसँग विद्यालय कार्यक्रम संचालन गरीनेछ ।
४. प्रारम्भिक बालविकाससम्बन्धी हाल भएका कार्यक्रमहरूको अवस्या विश्लेषण, तथ्याङ्क सङ्कलन तथा नक्साङ्कन गरी आवश्यकताको आधारमा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने व्यवस्था गरीनेछ ।
५. स्थानीय स्तरसँग परिचित गराउनका लागि अभिभावकसँग बालबालिका कार्यक्रम संचालनमा ल्याइनेछ ।
६. गुणस्तरीय र प्रभावकारी प्रारम्भिक बालविकास सेवाका लागि सङ्घ प्रदेश र अन्य सङ्घसस्थाहरूसँग समन्वय गरी अनुगमनका सूचकहरू तयार गरी लागू गरीनेछ ।
७. एकीकृत प्रारम्भिक बालविकाससम्बन्धी सूचना व्यवस्थापन तथा सुदृढीकरण गरीनेछ ।

**अपेक्षित उपलब्धि**

१. प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्नादर १६ औं योजनाको अन्त्य सम्म ९९ प्रतिशत तथा योजाको अन्त्य सम्म शत प्रतिशत पुगेको हुनेछ।
२. प्रारम्भिक बालविकास र शिक्षामा १६ औ योजनाको अन्त्य सम्म योजनाको अन्त्य सम्म खुद भर्नादर ८८ प्रतिशत पुगेको हुनेछ।
३. योजनाको अन्त्य सम्म प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको सङ्ख्या शत् प्रतिशत पुगेको हुनेछ।
४. प्रारम्भिक बालविकास कक्षाकोठामा बहुभाषिक सिकाइको सम्बोधन हुने गरी सिकाइका ६ क्षेत्रहरू निर्माण भइ बालमैत्री,लैङ्गिक मैत्री र अपाङ्गमैत्री पूर्वधार सहितको वातावरण सिर्जना भएको हुनेछ ।

### ३. प्रमुख क्रियकलापहरू तथा लक्ष्य

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(वर्ष ५) | | | | | भौतिक लक्ष्य (वर्ष १०) |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | बालविकास सहजकर्ताहरूको क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | १० |
| २ | रमणीय तथा प्राकृतिक बाल उद्यान | निरन्तर | | | | | | |
| ३ | पोषण युक्त दिवा खाजाको व्यवस्था | निरन्तर | | | | | | |
| ४ | अभिभावक सँग बालबालिका कार्यक्रम शिक्षा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ७ |
| ५ | प्रारम्भिक बालविकासका सिकाइ क्षेत्र तथा ELDS रिपोर्ट कार्ड व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ७ |
| ६ | परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजीक्षेत्रसँगको सहकार्य | निरन्तर | | | | | | |
| ७ | बालबालिकाको अभिलेखीकरण | निरन्तर | | | | | | |
| ८ | शिक्षकको योग्यता र क्षमता विकास | निरन्तर | | | | | | |
| ९ | बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान तथा समतामूलक व्यवहार प्रदर्शन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ७ |
| १० | मातृ भाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार बहुभाषिक अवधारमामा आधारित शैक्षिक कार्यक्रम संचालन | निरन्तर | | | | | | |
| ११ | परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी सङ्घसंस्थाहरूको सहभागिता, संलग्नता, सहकार्य तथा साझेदारी अभिवृद्धि | निरन्तर | | | | | | |
| १२ | स्थानीय स्तरमा बालविकास शैक्षिक सामाग्री निर्माण र प्रयोग | निरन्तर | | | | | | |

## ३.२ आधारभूत शिक्षा

### परिचय

शिक्षा ऐन २०२८ आठौं संशोधन अनुसार आधारभूत शिक्षा भन्नाले प्रारम्भिक वालबविकास देखि कक्षा आठ सम्म दिइने शिक्षा हो। प्रभावकारी कार्यक्रम तथा योजनाका लागि प्रारम्भिक बाल शिक्षा तथा विकासलाई माथि खण्ड ४.१ मा प्रस्तुत गरीएको छ भने आधारभूत तहको कक्षा १-८ लाई यहाँ प्रस्तुत गरीएको छ। आधारभूत तहको शिक्षा देशको राजनैतिक तथा स्वरुप अनुसार शिक्षा इस्तिहार देखि विभिन्न आयोग तथा समितिका प्रतिवेदनहरूमा फरक-फरक ढङ्गले व्याख्या एवं विश्लेषण गरेको पाइएको छ। विशेषत: आधारभूत शिक्षाले बालवालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन तथा सामाजिक समायोजनमा सहयोग गर्छ र थप सिकाइ तथा माध्यमिक शिक्षाका लागि तयारीको सुनिश्चितता गर्दै आधारभूत ज्ञान, सिप तथा अभिवृत्तिको विकास गर्छ। यसले निरन्तर सिकाइका लागि मार्ग प्रशस्त गर्दै विद्यार्थीहरूको सर्वाङ्गीण विकासका साथै मुलुकको सामाजिक - आर्थिक रूपान्तरणमा सहभागी हुनका लागि सक्षम बनाउँछ। आधारभूत शिक्षाका प्रारम्भिक वर्षहरू (कक्षा १-३) मा बालबालिकाले आधारभूत सिकाइ सीपहरू ( गणित, साक्षरता, व्यवहारकुशल सीप, अन्तरवैयक्तिक सीप सिक्छन्। यसले उनीहरूलाई भविष्यको सिकाइमा मद्दत गर्छ। प्रारम्भिक बाल विकासको अनुभव सहित कक्षा १ मा भर्ना भएका बालबालिकाले भविष्यमा बढी सिक्ने सम्भावना देखिएको छ, विद्यालयको तयारीका लागि यो मुख्य सूचक हो।

संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकारको क्षेत्र भित्र तथा सङ्घ प्रदेश र स्थानीय सरकारको साझा अधिकार भित्र पनि राखिएको छ। स्थानीय सरकार संचालन ऐन २०७४ ले माध्यमिक तह सम्मको शिक्षाको जिम्मेवारी स्थानीय सरकारको कार्य क्षेत्र भित्र उल्लेख गरी कानुनी रुपमा संस्थागत गर्ने प्रयास गरेको छ। तथापी स्थानीय सरकारको स्रोत साधन र क्षमता अनुसार सम्पूर्ण जिम्मेवारी बहन गर्न सक्ने अवस्था देखिदैन। त्यसैले विद्यालय तहमा गुणस्तरीय शिक्षा प्रदान गर्ने दायित्व तीनै तहका सरकारको रहनु आवश्यक छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन,२०७५का अनुसार बालबालिका लाई विद्यालय पठाउन अभिभावकका साथै सरकारका तीनै तह जिम्मेवार छन्। सोह्रौं योजनाको अन्त सम्ममा आधारभूत तह कक्षा १-८ पुरा गर्ने दर उपयुक्त उमेर समूहको तुलनामा ७७.१ प्रतिशत बाट १०० प्रतिशत पुर्याउने लक्ष्यको अभिभारा पुरा गर्न यस गाउँपालिकाको सरकाले पनि आवश्यक कार्यहरू गर्नु पर्ने देखिएको छ। संवैधानिक रुपमा सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गरेको छ। यस खण्डमा लालझाडी गाउँपालिकाको आधारभूत शिक्षाको सन्दर्भ, चुनौती तथा अवसरहरूको पुनरावलोकन गरीएको छ। यसका आधारमा उद्देश्य, रणनीति, लक्षित प्रतिफल तथा मुख्य क्रियाकलापहरूको रूपरेखा प्रस्तुत गरीएको छ।

### वर्तमान अवस्था

लालझाडी गाउँपालिकाको विद्यालय शिक्षाको आधारभूत तहको वर्तमान अवस्था हेर्दा गाउँपालिका अन्तरगत सञ्चालित १६ वटा सामुदायिक विद्यालयहरू मध्ये ४ वटा विद्यालयमा कक्षा १-५ , ६ वटा विद्यालयमा कक्षा १-८ र अन्य ६ वटा माध्यमिक विद्यालयमा समेत आधारभूत तह संचालन मा रहेको छ। त्यसैगरी संस्थागत तर्फ जम्मा ८ वटा विद्यालयहरू मध्ये ४ वटा विद्यालयमा कक्षा १-५, ३ वटा विद्यालयमा कक्षा १-८ र १ वटा माध्यमिक विद्यालयमा समेत आधारभूत तह सञ्चालनमा रहेको छ। जसमा शैक्षिक सत्र २०८१ को तथ्याकं अनुसार सामुदायिक तर्फ १३२६ छात्रा र १२१५ छात्र गरी जम्मा २५५१ विद्यार्थी आधारधुत तहमा अध्यनरत छन् भने संस्थागत तर्फ २९७ छात्रा र छात्र ४९७ गरी जम्मा ७९४ जना विद्यार्थी अध्ययनरत रहेकाछन्। समग्रमा आधारभूत तहमा ३३४५ जना विद्यार्थीहरू अध्ययनत रहेका छन। दुवै धार तर्फ छात्र छात्राको भर्नाको उपस्थिति विश्लेषण गर्दा सामुदायिक तर्फ छात्रा सङ्ख्या बढी र छात्र सङ्ख्या कम देखएको छ भने संस्थागत तर्फ छात्र सङ्ख्या बढी र छात्रा सङ्ख्या कम देखिएको छ। संविधान प्रदत्त निशूल्क शिक्षाको हक सुनिश्चित गर्न सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धिमा जोड दिनुपर्ने देखिन्छ।

| मुख्य कार्यसम्पादन सुचक | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्रस | तह | सुचकाङ्क | आधार बर्ष २०७७ | | आ.व. २०८१/८२ सम्मको उपलब्धि | २०८२ सम्मको लक्ष्य | २०८७ सम्मको लक्ष्य |
| | | | राष्ट्रिय | पालिका | | | |
| 2.1 | आधारभूत तह | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९६.९ | ९७.३ | ९६.५ | ९९ | १०० |
| 2.2 | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १२१.९ | १२१.४ | १००.८ | १११ | १०० |
| 2.3 | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९७.१ | ९८.८ | ९६.१ | ९९ | १०० |
| 2.4 | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | ११९.२ | ११७.३ | १०३.१ | १०८ | १०० |
| 2.5 | | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर* (%) | ९०.६ | ९१.२ | ९५.९ | ९६ | १०० |
| 2.6 | | आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दर (%) | ९६.१ | ९७.३ | ११५.१ | ९८ | १०० |
| 2.7 | | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९३.४ | ९३.६ | ९६.० | ९६ | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 2.8 | | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | ११०.४ | १०९.५ | १०७.९ | १०१ | १०० |
| 2.9 | | आधारभूत तह(कक्षा १-८) खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | १.०१ | १.०१ | | १.० | १.० |
| 2.10 | | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ७९.३ | ८१.५ | ८८.१ | ८८ | ९७ |
| 2.11 | | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | ७२.७ | ७३ | | ८१ | ९४ |
| 2.12 | | विद्यालय वाहिर रहेका बालबालिका* (%) कक्षा १-८ | ६.६ | २ | | १ | ० |

### चुनौती

१. आधारभूत शिक्षामा सबैको समान पहुँच स्थापित गर्नु ।
२. आधारभूत तहका शिक्षकको आन्तरिक सक्षमतामा सुधार ल्याउनु।
३. आधारभूत शिक्षामा भर्ना भई अपेक्षित सिकाइ उपलब्धि हासिल नै नगरी कक्षोन्नतिको निरन्तरता दिनु।
४. अङ्ग्रेजी, गणित र विज्ञान विद्यार्थीको औसत सिकाइ उपलब्धि वृद्धि गर्नु।
५. विद्यार्थी सङ्ख्याको अनुपातमा विद्यार्थीगत शिक्षक दरबन्दी कायम गर्नु।
६. विद्यालयको नकसांकन गरी न्यून विद्यार्थी सङ्ख्या भएका विद्यालयहरूको समायोजन गर्नु।
७. आधारभूत तहमा विद्यार्थी छाड्ने दर र दोहर्याउने दर घटाउनु।
८. आधारभूत तहमाविद्यालयमा शिक्षण सिकाइमा सूचना तथा प्रविधिको प्रयोगको अवस्था वृद्धि गर्नु।
९. बहुभाषिक सिकाइका प्रयाप्त अवसरहरू प्रदान गरी दिगो सिकाइ प्रणाली कायम गर्नु।

### उद्देश्य

१. विद्यालय शिक्षामा विद्यालय उमेर समूहका बालबालिकाको समतामूलक पहुँच स्थापित गर्ने ।
२. शिक्षकको क्षमता विकास गरी आन्तरिक क्षमता विकास गर्ने ।
३. गुणस्तरिय सिकाइका लागि स्थानीय, ज्ञान सीप र प्रविधिलाई उपयोग गर्ने ।
४. बहुभाषिक सिकाइको माध्यमबाट आधारभूत तहको सिकाइलाई जीवनोपयोगी बनाउने ।
५. विद्यालय छोड्ने दर र दोहर्याउने दर कम गर्दै सिकाइ उपलब्धि वृद्धि गर्ने ।
६. बदलिदो परिवेश अनुसार सिकाइको अवसर प्रदान गर्न नवीनतम सूचना प्रविधिको उपयोग गर्ने ।

### रणनीति

१. शिक्षामा समतामूलक पहुँच स्थापित गर्दै स्थानीय ज्ञान, सीप र प्रविधिको उपयोग गरी विद्यार्थी र अभिभावकको चाहना बमोजिम आधारभूत तहको शिक्षालाई शैक्षिक प्रणालीको आधार स्तम्भको रुपमा विकास गर्ने ।
२. सबैका लागि निःशुल्क विद्यालय शिक्षा सुनिश्चित गर्न विपन्न, सुविधाविहीन, विभिन्न कठिन परिस्थितिमा रहेका लक्षित वर्गका बालवालिकालाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी हुन सहयोग हुने गरी कार्यक्रमहरू संचानल गर्ने ।
३. आधारभूत तहका बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी स्थानीय स्तरमा आधारित पोषयुक्त दिवा खाजाको प्रवन्ध गर्ने ।
४. आधारभूत तहका बालवालिकालाई सुरक्षित पानी, सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य र पोषण सेवा तथा शिक्षा प्रदान गर्ने
५. विपत्का कारणले क्षति भएको सिकाइको आपूरण गर्न आपुरण तथा इत्त सिकाइ योजनाको कार्यान्वयन गर्ने

६. कक्षा १-३ को एकीकृत पाठ्यक्रमअनुसार साक्षरता तथा गणितीय सिपको आधारभूत सक्षमतामा सुधार गर्ने
७. सिकाइ क्रियाकलापमा बालबालिकाको सहभागिताका लागि भौतिक तथा शैक्षिक वातावरण सुधार गरी विद्यालयलाई भय, विभेद, दुर्व्यवहारमुक्त, समावेशी, बालमैत्री तथा सुरक्षित बनाउने
८. विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिनेशअनुकूल बहुभाषिक सिकाइ रणनीति अबलम्बन गर्ने ।
९. सिकाइका लागि विधालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याउने र विद्यालयलाई सिकारुमैत्री वनाउने
१०. सबै बालबालिकाहरूको विद्यालय प्रति अपनत्व विकास गर्न बाल क्लबमार्फत विद्यार्थीहरूलाई विद्यालयको शैक्षिक तथा भौतिक पूर्वाधारको संरक्षणमा संलग्न गराउने
११. मापदण्ड अनुसार योग्य, उत्प्रेरित र सक्षम शिक्षक व्यवस्थापन गर्ने ।
१२. शिक्षकको अनुपस्थिति वा अन्य कुनै कारणले विद्यार्थीको सिकाइमा पर्ने बाधा न्यून गर्न साथि शिक्षक मार्फत कक्षा संचालन गर्ने
१३. शिक्षण सिकाइमा सूचना तथा संचार प्रविधिको प्रयोगलाई व्यवस्थित गर्न शिक्षकको शैक्षणिक तया डिजिटल सिपको विकास गर्ने
१४. आपत्कालीन तथा सङ्कटको परिस्थितिमा सिकाइको निरन्तरता सुनिश्चतता गर्ने गरी विद्यालयहरूको क्षमता विकास गर्ने

### कार्यनीति

१. विद्यार्थीहरूको सिकाइलाई जीवनपद्धति सँग आवद्ध गर्न र घरमा सिकेका कुराहरूबाट विद्यालयमा सिक्ने विषवस्तुहरूमा सहयोग पुर्याउन बहुभाषिक सिकाइ क्रियाकलापहरू संचालन गरीनेछन ।
२. विद्यार्थीलाई विद्यालयमा टिकाउन र सिकाउनका लागि उपयुक्त आकर्षक शैक्षिक वातावरण तयार गरीनेछ ।
३. एक विद्यालय एक सीपमूलक कार्यक्रम मार्फत स्थानीय ज्ञान सीप र प्रविधिको संरक्षण गर्न प्रभावकारी रुपमा कार्यक्रमहरू सञ्चालन गरीनेछन् ।
४. शिक्षण सिकाइलाई विद्यार्थी र अभिभावकको चाहना बमोजिम सिकाइ स्तर विकास गर्न आधारभूत तहमा बहुभाषिक कक्षा सञ्चालन गरीनेछन् ।
५. आधारभूत तहमा एकीकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक क्षमता विकास गरीनेछ ।
६. विद्यालयहरूको जोखिम नक्साङ्कन गरी विपद् प्रतिकार्य योजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।
७. सिकाइ प्रविधि सँग आवद्ध गर्न प्रविधि मैत्री शिक्षक तयार गर्न कार्यक्रमहरू संचालन गरीनेछन ।
८. विद्यार्थी सिकाइ उपलब्धि अभिवृद्धि गर्न शिक्षक र प्रधानाध्यापक विच कार्यसम्पादन सम्झौता गरी कार्यान्वयनमा ल्याइनेछ ।
९. विद्यालय समुदाय सम्वन्ध सुधार गर्नका लागि विद्यालय सँग अभिभावक कार्यक्रम संचालन गरीनेछ ।
१०. बहुभाषिक सिकाइका कार्यक्रमहरू सञ्चालन गरी विद्यालय र समुदायको सम्बन्ध स्थापना गरी समतामुलक शिक्षा कार्यक्रम स्न्चालन गरीनेछ ।
११. विपन्न तथा लक्षित वर्गका बालबालिकाहरूको सिकाइ निरन्तरताका लागि विद्यार्थी प्रोत्साहन कार्यक्रम संचालनमा ल्याइनेछ ।
१२. बालबालिकामा रहेको विभिन्न प्रकारका अपाङ्गताको पहिचान गरी आवश्यकता अनुसार सिकाइको प्रबन्ध गर्न स्रोत कक्षा सञ्चालनका साथै School At Home का कार्यक्रमहरू सञ्चालन गरीनेछन् ।

### अपेक्षित उपलब्धि

१. आगामि पाँच वर्ष आधारभूत तहको खुद भर्नादर शत प्रतिशत पुगेको हुनेछ।
२. योजना अवधिभर आधारभूत तहका कक्षाहरूमा बहुभाषिक सिकाइमा आधारित पठन पाठन सञ्चालन भएको हुनेछ।
३. योजना अवधिको अन्त्य सम्ममा कक्षा दोहर्याने तथा विद्यालय छाड्ने दरमा कमि आइ न्यूनतम सिकाइ उपलब्धि हासिल भएको हुनेछ ।
४. सिकाइ उपलब्धिमा हुने सबै कसिमको विभेद न्यूनिकरण भइ आधारभूतहको शिक्षामा सबै बालबालिकाहरूको पहुँच सुनिश्चित भएको हुनेछ ।
५. बहुभाषिक सिकाइको अवसरहरूलाई बृद्दि गरी बालवालिकाहरूको सिकाइको सुनिश्चितता भएको हुनेछ ।
६. वाल मैत्री सिकाइ अवधारणा लाई कार्यान्वयनमा ल्याउन आवश्यक कार्यक्रमहरू सञ्चालन गरीनेछ ।

७. समग्र सिकाइको अवधारणालई बोधगम्य बनाउन आवश्यक कार्क्रमहरू सञ्चालन गर्न पालिकाको वाप्रिक कार्यकक्रमा समावेश गरीनेछ ।

८. जीवन प्रयन्त सिकाइलाई सुनिश्चित गर्न शिक्षक क्षमता विकास बिद्यार्थट् अभिभावक सम्बन्ध विकास गर्न प्रयत्न गरीनेछ।

## ३.३ माध्यमिक शिक्षा

### परिचय

माध्यमिक शिक्षा (कक्षा ९-१२) ले आधारभूत मूल्य मान्यता सहितको कला, विज्ञान तथा प्रविधिसँग सम्बन्धित ज्ञान, सिप, दृष्टिकोण तथा व्यवहारयुक्त जनशक्तिको विकास गर्ने लक्ष्य लिएको छ । यस तहको शिक्षाले नागरीकलाई विश्वबजारमा प्रवेश गर्न र उच्च शिक्षा हासिल गर्न सक्षम बनाउने आधार प्रदान गर्छ । यसै दृष्टिकोणका आधारमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ को विकास गरी यसका आधारमा२०७७ देखि नयाँ पाठ्यक्रमको कार्यान्वयन गरीयो । नेपालको संविधानले माध्यमिक शिक्षा नि:शुल्क पाउने अधिकारको प्रत्याभतूिका साथै सबै नागरीकलाई गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न सरकारका तीनै तहलाई जिम्मेवार बनाएको छ। विद्यालय तहको वर्तमान संरचना अनुसार कक्षा ९ देखि कक्षा १२ सम्म माध्यमिक तह रहेको छ। माध्यमिक तहलाई पनि माध्यमिक तह कक्षा ९-१० र माध्यमिक तह कक्षा ११-१२ गरी दुई भागमा विभाजन गरीएको छ।

नेपालमा माध्यमिक तहमा साधारण र प्राविधिक धारको शिक्षा प्रदान गरीन्छ । प्राविधिक धारको कक्षा ९-१२ मा बाली विज्ञान, पशु विज्ञान, कम्प्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ र सङ्गीत गरी ६ विद्यार्थी क्षेत्रहरू मध्ये लालझाडी गाउँपालिकामा सिभिल इन्जिनियरिङ धार सञ्चालनमा रहेको छ । गाउँपालिकाको भौगोलिक, सामाजिक तथा आर्थिक परिवेशका कारण गाउँपालिकाको माध्यमिक तहको शिक्षा अपेक्षित रुपमा उपलब्धिपूर्ण  बनाउन सकिएको छैन। वर्तमान श्रम बजारको माग बमोजिमका प्राविधिक जनशक्ति तयार गर्न प्राविधिक शिक्षाको धारलाई अझै फराकिलो बनाउनुपर्ने अवस्था रहेको छ।

### वर्तमान अवस्था

लालझाडी गाउँपालिका क्षेत्रभित्र सामुदायिक तर्फ तीन वटा र संस्थागत तर्फ १ वटा गरी माध्यमिक तह (९-१०) तर्फ जम्मा ४ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन् भने माध्यमिक तह (९-१२) ३ वटा सामुदायिक विद्यालयहरू सञ्चालनमा रहेका छन् । जसमा शैक्षिक सत्र २०८१ को तथ्याकं अनुसार सामुदायिक तर्फ ४७१ छात्रा र  ३४१छात्र गरी जम्मा ८१२ विद्यार्थी माध्यमिक तहमा अध्यनरत छन् भने संस्थागत तर्फ १४छात्रा र छात्र १५ गरी जम्मा २९ जना विद्यार्थी अध्ययनरत रहेका छन् । त्यसैगरी प्राविधिक धार तर्फ १९ छात्र र १९ छात्रा गरी जम्मा ३८ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन् ।  समग्रमा माध्यमिक तहमा ८७९ जना विद्यार्थीहरू अध्ययनत रहेका छन ।

| मुख्य कार्यसम्पादन सुचक | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्रस | तह | सुचकाङ्क | आधार बर्ष २०७७ | | आ व २०८१/८२ सम्मको उपलब्धि | २०८२को लक्ष्य | २०८७को लक्ष्य |
| | | | राष्ट्रिय | पालिका | | | |
| 3.1 | माध्यमिक तह | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर* (%) | २९.२ | ३१.२ | ७४.१ | ३८ | ४७ |
| 3.2 | | माध्यमिक तह (कक्षा ९-१०) मा कूल भर्ना दर* (%) | ५१.२ | ५२.६ | ८८.६ | ६१ | ६८ |
| 3.3 | | माध्यमिक तह (कक्षा ११-१२) मा खुद भर्ना दर* (%) | ६४.६ | ६६.७ | ११.२ | ७४ | ८१ |
| 3.4 | | माध्यमिक तह (कक्षा ११-१२) मा कूल भर्ना दर* (%) | ६४.६ | ६५.२ | २१.१ | ७२ | ७८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 3.5 | | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | ४७.६ | ४८.५ | ३७.२ | ५४ | ५९ |
| 3.6 | | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | ७१.४ | ७२.२ | ४९.१ | ७८ | ८१ |
| 3.7 | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने टिकाउ दर (%) | ६०.३ | ५५.८ | | ६२ | ७१ |
| 3.8 | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने टिकाउ दर (%) | २९.२ | २७ | | ३३ | ३९ |
| 3.9 | | कक्षा ९-१२ को खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | १.०२ | १.०० | | १.०० | १.०० |
| 5.2 | | माध्यमिक तह (कक्षा९-१२) | २०.६ | १.०० | | १.०० | १.०० |
| 8.2 | | माध्यमिक तह (कक्षा ९-१०) | ३.७ | ३.५ | | २ | १ |
| 9.2 | | माध्यमिक तह (कक्षा ९-१०) | | २ | | १.५ | १ |
| 10.1 | सिकाइ उपलब्धि दर | कक्षा SEE ३.२ बाट ३.६ ग्रेड ल्याउने % | | ६ | १.२५ | ११ | १९ |
| 10.4 | | कक्षा SEE ३.६ बाट ४.० ग्रेड ल्याउने % | | ० | | ७ | १३ |

**चुनौती**

१. तहगत रुपमा विद्यार्थी सङ्ख्या अनुसार विद्यार्थीगत दक्ष शिक्षकको पूर्ति गर्नु।
२. माध्यमिक तहको कक्षा १२ सम्म उपयुक्त उमेर समूहको तुलनामा पुग्ने दर १६ औं योजनाको अपेक्षा बमोजिम पूरा गर्नु ।
३. प्राविधिक विद्यार्थीमा अध्ययन गर्ने विद्यार्थीको हिस्सा २०८५/०८६ सम्म ३० प्रतिशत पुर्‍याउनु।
४. माध्यमिक तहको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी रुपमा प्रयोग गरी नयाँ ज्ञान, सीप तथा प्रविधियुक्त बनाउनु ।
५. अङ्ग्रेजी, गणित र विज्ञान विद्यार्थीमा देखिएको सिकाइ उपलब्धिको दरलाई अधिकाधिक बनाउनु ।
६. नमुना विद्यालयलाई सिकाइ उपलब्धिका आधारमा अन्य विद्यालयहरूले अनुकरण गर्न सक्ने गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु ।
७. माध्यमिक तहका विद्यार्थीहरूलाई लक्षित गरी सञ्चालन गरीएको पढ्दै कमाउँदै कार्यक्रमलाई यथोचित बनाउने ।
८. विद्यालय स्तरमा विद्यार्थीहरूको टिकाउ दरलाई अभिवृद्धि गर्नु।

**उद्देश्य**

१. माध्यमिक शिक्षाको उमेर समूहका सबै बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
२. माध्यमिक शिक्षाको गणुस्तर र सान्दर्भिकता अभिवृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार गर्नु ।
३. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गर्नु र विद्यालय शिक्षा पद्धतिलाई विविधता अनुकूल, उत्थानशील र जवाफदेही बनाउनु ।
४. सोह्रौं योजनाको अन्त सम्ममा माध्यमिक तहको कक्षा १२ सम्म उपयुक्त उमेर समूहको तुलनामा पुग्ने दर ५५ प्रतिशत पुर्‍याउनु ।
५. उच्च शिक्षाको प्राविधिक विद्यार्थी अध्ययन गर्ने विद्यार्थीको हिस्सा ३० प्रतिशत पुर्‍याउनु ।
६. अङ्ग्रेजी, गणित र विज्ञान विद्यार्थीमा देखिएको सिकाइ उपलब्धिको वृद्धि गरी एस.इ.इ. को न्यूनतम मापदण्ड शतप्रतिशत पुर्‍याउनु ।
७. पढ्दै कमाउदै कार्यक्रमलाई विद्यार्थीको जीवन पद्धतिसँग आवद्ध गरी विद्यालय तहबाटै चक्रीय आर्थिक प्रणाली विकास गर्नु ।
८. गाउँपालिका क्षेत्रभित्र कम्तिमा तीन वटा प्राविधिक धारका विद्यालयहरू सञ्चालनमा ल्याउनु ।
९. सूचना प्रविधिको अधिकतम उपयोग गर्न सकिने गरी प्रविधिमैत्री शैक्षिक जनशक्ति तयार गरी विद्यार्थीको वास्तविक क्षमता रुपान्तरण गर्नु ।

**रणनीति**

१. निर्धारित मापदण्डका आधारमा विद्यालय नक्साङ्कन गरी विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी माध्यमिक शिक्षाको उमेर समूहका सबै बालबालिकाको पहुँच स्थापित गर्ने ।
२. सबैका लागि निःशुल्क माध्यमिक शिक्षाका साथै विपन्न, सुविधाविहीन, सङ्कटापन्न, सीमान्तकृत तथा अपाङ्ग भएका बालबालिकालाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी हुन सहयोग हुने गरी लक्षित वर्गलाई छात्रवृत्ति सहित शैक्षिक प्रणालीलाई सुदृढ बनाउने ।
३. बालबालिकामा रहेको विभिन्न प्रकारका अपाङ्गको पहिचान गरी आवश्यकता अनुसार सिकाइको प्रबन्ध गर्न आवश्यक सहयोग गर्ने ।
४. शैक्षिक उपलब्धिलाई वस्तुनिष्ठ र अपेक्षित बनाउन आन्तरिक मूल्याङ्कन प्रणालीलाई थप सुदृढ गर्ने ।
५. शिक्षण सिकाइमा सूचना प्रविधिको उपलब्धतालाई भरपुर प्रयोग गरी आवश्यकता अनुसार थप विस्तार गर्ने
६. पढ्दै कमाउँदै कार्यक्रमलाई दैनिक जीवनसँग आबद्ध गराउनका लागि एकिकृत प्रयोगात्मक अभ्यास परियोजना कार्य तथा सामुदायिक कार्यहरू समावेश गर्ने ।
७. शिक्षक तयारी, विकास र सहायता प्रणालीलाई पुनर्संरचित गर्न सङ्घ, प्रदेश र विभिन्न दातृ निकाय तथा सङ्घ-संस्थाहरूसँग समन्वय, सहकार्य एवम् साझेदारी गर्ने ।
८. मापदण्ड अनुसार विज्ञान र गणित विद्यार्थीमा आवश्यक सङ्ख्यामा योग्य र सक्षम शिक्षक व्यवस्थापन गर्न सङ्घ तथा प्रदेश सरकारसँग पहल गर्ने।
९. शिक्षकको अनपुस्थिति वा अन्य कुनै कारणले विद्यार्थीको शिक्षण सिकाइ अवरुद्ध नहुने सुनिश्चितताका लागि साथी शिक्षणको अवधारणालाई कार्यान्वयन गर्ने ।
१०. सबै विद्यालयमा सिकाइका लागि आवश्यक वातावरण तयार गर्न विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याउने र विद्यालयलाई गणुस्तरीय पानी, सरसफाइ, महिनावारी व्यवस्थापन सुविधा लगायतका स्वास्थ्य सुविधा तथा विज्ञान तथा सूचना प्रविधि सहित सिकारुमैत्री बनाउने ।
११. विद्यालयहरू सिकाइका सुरक्षित स्थान हुन् तथा सङ्कट र द्वन्द्वरहित छन् भन्ने सुनिश्चित गर्न विद्यालय स्तरीय विपद् प्रतिकार्य योजना कार्यान्वयन गर्ने ।
१२. माध्यमिक तहमा सञ्चालन भइरहेका प्राविधिक धारको विद्यालयहरूलाई थप गर्दै गुणस्तरीय र प्रभावकारी बनाउने।

### कार्यनीति

१. विद्यार्थीहरूको सिकाइलाई जीवनपद्धतिसँग आवद्ध गर्न र घरमा सिकेका कुराहरूबाट विद्यालयमा सिक्ने विषवस्तुहरूमा सहयोग पुऱ्याउन बहुभाषिक सिकाइ क्रियाकलापहरूका साथै सामाजिक तथा सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गरीनेछन् ।
२. विद्यार्थीलाई विद्यालयमा टिकाउन र सिकाउन र बिकाउनका लागि उपयुक्त आकर्षक शैक्षिक वातावरण तयार गरीनेछ।
३. निर्धारित मापदण्डका आधारमा विद्यालय नक्साङ्कन गरी विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी माध्यमिक शिक्षाको उमेर समूहका सबै बालबालिकाको पहुँच सुनिश्चित गरीनेछ ।
४. सबैका लागि निःशुल्क माध्यमिक शिक्षाका साथै विपन्न, सुविधाविहीन, सङ्कटापन्न, सीमान्तकृत तथा अपाङ्ग भएका बालबालिकालाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी हुन सहयोग हुने गरी लक्षित वर्गलाई छात्रवृत्ति सहित आकर्षक शैक्षिक कार्यक्रमहरू सञ्चालन गरीनेछन्।
५. बालबालिकामा रहेको विभिन्न प्रकारका अपाङ्गताको पहिचान गरी आवश्यकता अनुसार सिकाइको प्रबन्ध गर्न स्रोत कक्षा सञ्चालनका लागि पहल गरीनेछ।
६. शैक्षिक उपलब्धिलाई वस्तुनिष्ठ र अपेक्षित बनाउन आन्तरिक मूल्याङ्कन प्रणालीलाई थप सुदृढ गर्न विद्यालयहरूलाई सप्ताहिक तथा मासिक मूल्याङ्कन प्रणाली अवलम्वन गर्न प्रेरित गरीनेछ।
७. शिक्षण सिकाइमा सूचना प्रविधिको उपलब्धतालाई भरपुर प्रयोग गर्न शिक्षक क्षमताको विकास गरी प्रविधिमैत्री शिक्षक सञ्जाल तयार गरी आवश्यक कार्यक्रमहरू सञ्चालन गरीनेछन्।
८. पढ्दै कमाउँदै कार्यक्रमलाई दैनिक जीवनसँग आबद्ध गराउनका लागि एकिकृत प्रयोगात्मक अभ्यास परियोजना कार्य तथा सामुदायिक कार्यहरू समावेश गरी कार्यक्रमहरू सञ्चालन गरीनेछन्।
९. शिक्षक तयारी, विकास र सहायता प्रणालीलाई पुनर्संरचित गर्न सङ्घ, प्रदेश र विभिन्न दातृ निकाय तथा सङ्घ-संस्थाहरूसँग समन्वय, सहकार्य एवम् साझेदारी गरी गुणस्तरीय मापदण्डमा आधारित कार्यक्रमहरू सञ्चालन गरीनेछन् ।

१०. मापदण्ड अनुसार विज्ञान र गणित विद्यार्थीमा आवश्यक सङ्ख्यामा योग्य र सक्षम शिक्षक व्यवस्थापन गर्न सङ्घ तथा प्रदेश सरकारबाट पूर्ति नहुँदासम्म पालिकाको आन्तरिक स्रोतबाट शिक्षक व्यवस्थापन गरीनेछ ।
११. शिक्षकको अनपुस्थिति वा अन्य कुनै कारणले विद्यार्थीको शिक्षण सिकाइ अवरुद्ध नहुने सुनिश्चितताका लागि साथी शिक्षणको अवधारणालाई कार्यान्वयनमा ल्याईनेछ ।
१२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक वातावरण तयार गर्न विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याउन र विद्यालयलाई गणुस्तरीय पानी, सरसफाइ, महिनावारी व्यवस्थापन सुविधा लगायतका स्वास्थ्य सुविधा सहित विद्यालय प्रवेश द्वारमा साबुन पानी सहित हात धुने व्यवस्थापनलाई प्रभावकारी बनाई "मेरो विद्यालय हाम्रो गौरव" कार्यक्रम सञ्चालन गरीनेछ ।
१३. माध्यमिक तहमा सञ्चालन भइरहेका प्राविधिक धारको विद्यालयहरूलाई थप गर्दै गुणस्तरीय र प्रभावकारी बनाइनेछ ।
१४. गाउँपालिकाको विद्यालय स्तरीय खेल क्षेत्रमा देखिएको खाडललाई पूर्ति गर्न व्यावसायिक खेल कार्यक्रम सञ्चालन गरीनेछ ।
१५. विद्यालयहरू सिकाइका सुरक्षित स्थान हुन् तथा सङ्कट र द्वन्द्वरहित छन् भन्ने सुनिश्चित गर्न विद्यालय स्तरीय विपद् प्रतिकार्य योजनालाई विद्यालयको क्षमता विकास सहित कार्यान्वयनमा ल्याइनेछ ।

### अपेक्षित उपलब्धि

१. माध्यमिक शिक्षाको उमेर समूहका सबै बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ ।
२. माध्यमिक शिक्षाको गणुस्तर र सान्दर्भिकता अभिवृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धि औसत उत्तीर्ण हुने दर योजना अवधिको अन्त सम्ममा ९० प्रतिशत पुगेको हुनेछ ।
३. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार भई विद्यालय शिक्षा पद्धति विविधता अनुकूल, उत्थानशील र जवाफदेही भएको हुनेछ ।
४. सोह्रौं योजनाको अन्त सम्ममा माध्यमिक तहको कक्षा १२ सम्म उपयुक्त उमेर समूहको तुलनामा पुग्ने दर ५५ प्रतिशत पुगेको हुनेछ ।
५. उच्च शिक्षाको प्राविधिक विद्यार्थी अध्ययन गर्ने विद्यार्थीको हिस्सा ३० प्रतिशत पुऱ्याउन पुर्वाधारको आवश्यक तयारी गर्नु।
६. अङ्ग्रेजी, गणित र विज्ञान विद्यार्थीमा देखिएको सिकाइ उपलब्धिको वृद्धि गरी एस.इ.इ. को न्यूनतम मापदण्ड पूरा गर्ने दर शतप्रतिशत पुगेको हुनेछ ।
७. पढ्दै कमाउँदै कार्यक्रमलाई विद्यार्थीको जीवन पद्धतिसँग आवद्ध गर्न विद्यालय तहबाटै आय- आर्जनका कार्यक्रमहरू सञ्चालन भई आर्थिक अभावले विद्यालय छोड्ने अवस्थाको अन्त्य भएको हुनेछ ।
८. योजना अवधिको अन्त सम्ममा गाउँपालिका क्षेत्रभित्र कम्तिमा २ वटा प्राविधिक धारका विद्यालयहरू सञ्चालनमा आएका हुनेछन् ।
९. सूचना प्रविधिको अधिकतम उपयोग भई प्रविधिमैत्री शैक्षिक जनशक्ति भएको हुनेछ ।

## ३.४ उच्च शिक्षा र माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध

### परिचय

माध्यमिक शिक्षा (कक्षा ९-१२) ले आधारभूत मूल्य मान्यता सहितको कला, विज्ञान तथा प्रविधिसँग सम्बन्धित ज्ञान, सिप, दृष्टिकोण तथा व्यवहारयुक्त जनशक्तिको विकास गर्ने लक्ष्य लिएको छ । यस तहको शिक्षाले नागरीकलाई विश्वबजारमा प्रवेश गर्न र उच्च शिक्षा हासिल गर्न सक्षम बनाउने आधार प्रदान गर्छ । विद्यालय शिक्षा पूरा गरीसकेपछि हरेक व्यक्तिलाई अध्ययन गरेको विद्यार्थीमा दक्षता प्राप्त गर्नकका लागि यथोचित रुपमा उच्च शिक्षाको आवश्यकता पर्दछ ।

### वर्तमान अवस्था

हालसम्म लालझाडी गाउँपालिका क्षेत्रभित्र कुनै पनि उच्च शिक्षा सञ्चालन गर्ने संस्था नरहेकोले योजना निर्माणको प्रथम तीन वर्षभित्र उच्च शिक्षा सञ्चालन गर्ने क्याम्पस स्थपना लक्ष्य रहे पनि हालसम्म स्थापना हुन सकेको छैन। जसको कारणले गाउँपालिका क्षेत्रमा माध्यमिक शिक्षा पूरा गरीसकेपछि उच्च शिक्षाको आकांक्षा पूरा गर्न गाउँपालिका बाहिर जानुपर्ने विद्यमान अवस्थाले गर्दा अभिभावकहरूको उच्च शिक्षामा गर्ने औसत लगानी बढी हुन गई आर्थिक समस्या सिर्जना हुने गरेकोले गाउँपालिका क्षेत्रभित्र उपयुक्तता र नक्साङ्कनका

आधारमा वर्तमान परिवेश सुहाउँदो विद्यार्थीवस्तुहरू अध्यापन गर्ने गरी उच्च शिक्षा प्रदायक संस्था सञ्चालनमा ल्याउन आवश्यक देखिएको छ।

### चुनौती

१. समायानुकुल उच्च शिक्षा प्रदायक संस्था सञ्चालनमा ल्याउनु।

### उद्देश्य

१. वि.सं. २०८३ भित्र उच्च शिक्षा प्रदायक संस्था सञ्चालन गर्ने।

### रणनीति

१. उच्च शिक्षा प्रदायक शिक्षण संस्था सञ्चालन गर्ने।

### कार्यनीति

**१.** गाउँपालिकाका नागरीकको उच्च शिक्षा प्राप्त गर्नका लागि पर्न गएको व्यय भारलाई सन्तुलित गरी गाउँपालिका क्षेत्रभित्रै उच्च शिक्षाको अवसर प्रदान गर्न हाल सञ्चालित माध्यमिक तह (९-१२) मध्ये बाट उच्च शिक्षा प्रदायक शिक्षण संस्था सञ्चालनका लागि प्रेरित गरीनेछ।

### अपेक्षित उपलब्धि

गाउँपालिका क्षेत्रभित्र वि.स. २०८३ सम्ममा उच्च शिक्षण संस्था संचालनमा भई स्थानीय स्तरमा नै उच्च शिक्षा अध्ययनको वातावरण तयार भएको हुनेछ।

## ३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपविकास तालिम

### परिचय

नेपालको व्यावसायिक शिक्षाको इतिहास धेरै लामो रहेको छ । औपचारिक रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षाको सुरुवात वि.सं. १९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुल्चोक इन्जिनियरिङ कलेज) बाट भएको पाइन्छ। प्राविधिक तथा व्यावसायिक शिक्षाले व्यक्तिको आयआर्जनमा वृद्धि गरी जीवनयापनमा सुधार गर्दछ । शिक्षा प्रणाली वि.सं.२०२८ मा सुरु भई प्रत्येक माध्यमिक विद्यालयमा कम्तीमा एक विद्यार्थीमा व्यावसायिक शिक्षा पढाउनुपर्ने व्यवस्था गरीए पनि प्रभभावकारी रुपमा लागु हुन सकेन।

### वर्तमान अवस्था

यस लालझाडी गाउँपालिक क्षेत्र भित्र विगत लामो समय देखि प्राविधिक तथा व्यावसायिक शिक्षा संचालन गर्ने संस्था नभएकोमा १० बर्से शिक्षा क्षेत्र योजना कार्यान्वयनमा आए पछि नेपाल सरकारको शिक्षा नीति अनुरुप सिभिल इन्जिनियरिङ् तर्फ (कक्षा ९-१२) मा प्राविधक धार संचालन भएको छ । जसले गर्दा स्थानीय स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच पुगेको छ । प्राविधिक तथा व्यावसायिक शिक्षालाई विविधिकरण गरी थप गर्नु पर्ने आवश्यकता देखिएको छ।

### चुनौती

१. प्राविधिक शिक्षामा नागरीकको चाहना अनुसार पहुँच स्थापित गर्नु ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षाको दायरा फराकिलो गरी बहुप्राविधिक रुपमा संचालन गर्नु ।

### उद्देश्य

गाउँपालिको आर्थिक उन्नतिका लागि योग्य, सक्षम, प्रतिस्पधी र उत्पादनशील जनशक्ति तयार गर्न र सबैका लागि रोजगारीका अवसर सिर्जना गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसरहरूको विस्तार गरी सबै नागरीकहरूका लागि समावेशी एवम् समतामूलक पहुँच स्थापित गर्ने।

### रणनीति

१. आत्म निर्भरउन्मुख प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास तथा विस्तार गर्ने .
२. आधारभूत तह देखि नै व्यावसायिक शिक्षाको जग बलियो वनाइ आत्मनिर्भरता उन्मुख शैक्षिक प्रणाली विकास गर्ने ।

३. गाउँपालिकामा पाँच वर्ष भित्र वहुप्राविधिक विद्यालय संचालन गर्ने।
४. आवश्यकता अनुसार प्राविधिक धारका विद्यालयहरू संचालन गर्ने।
५. प्राविधिक विद्यालयलाई व्यवस्थित गर्दै यसको दायरा फराकिलो गर्ने।

### कार्यनितिहरू

१. गाउँपालिका भित्र विद्यार्थीको चाहाना एवम् समाजको आवश्यकता वमोजिम प्राविधिक विद्यालयहरू संचालन गरीनेछन ।
२. प्रत्येक विद्यालयहरूमा पेसागत सिप विकास गर्न छोटो अवधिको एक विद्यालय एक सीपमूलक तालिम प्रदान गरीनेछ।
३. व्यावसायिक शिक्षाको विकास गर्न शिक्षकको पेसागत दक्षता अभिवृद्धि गरीनेछ।
४. व्यावसायिक शिक्षालाई जीवनको आधार स्तम्भको रुपमा विकास गर्न उचित व्यवशायिक दक्षता विकास गरीनेछ ।
५. विद्यालय मार्फत समाजका आवश्यकता तथा सीपमूलक शिक्षाका चाहाना पूरा गरी विद्यार्थीलाई आत्म निर्भर वनाउन १ विद्यालय १ सीपमूलक कार्यक्रम मार्फत पेसागत तथा व्यवशायिक तालिम प्रदान गरीनेछ।
६. गाउँपालिका भित्र थप प्राविधिक विद्यालय संचालनका लागि पहल गरीनेछ।

### अपेक्षित उपलब्धि

१. योजना अवधिको अन्त सम्ममा माध्यमिक तह अध्ययनरत विद्यार्थीहरू मध्ये ३० प्रतिशत विद्यार्थीहरूको प्राविधिक तथा व्यावसायिक शिक्षामा सहभागिता पुगेको हुनेछ।
२. योजना अवधिको अन्त सम्ममा प्राविधिक धार तर्फका २ वटा विद्यालयहरू संचालन भएका हुनेछन।
३. प्राविधिक तथा व्यावसायिक शिक्षा प्रतिको आकर्षण वृद्धि भएको हुनेछ।

## ३.६ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

औपचारिक पद्धति भन्दा बाहिर फरक समयमा विभिन्न उमेर समूहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । यो एउटा निरन्तर प्रक्रिया जस्तो पनि हो । औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानवजीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो साँस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्नो जीवनमा आइपर्ने समस्याहरूका बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दछन् । आफ्नो जीवनको इतिहास आफै लेख्छन् । तसर्थ सिकाइजीवन पद्धतिसँग जोडिएको हन्छ । अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर सिकाइ, अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ । संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिको सिद्धान्त, दिगो विकासका लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ । विभिन्न सिकाइ अवस्थाका आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ सँस्कृतिको विकास गर्न आवश्यक छ । यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तर वृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ । शिक्षा क्षेत्र योजना २०७९-२०८३ ले अनौपचारिक शिक्षा र आजीवन सिकाइका लागि ५ वर्ष भित्र निरन्तर सिकाइमा संलग्न समाज एवं सिकाइ सँस्कृतिको प्रवद्र्धन गर्ने तर्फ लैजान्छ । स्थानीय तहको अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था विश्लेषण आधारमा समस्या एवं चुनौतीहरूको पहिचान गर्दै चुनौतीहरूको सामना गर्न यसको उद्देश्य र नीतिहरू कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू यस खण्डमा समावेश गरिएको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ सँस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने निर्धारण गरेको छ । यो कार्यक्रम तीनै तहका सरकारको साझा अधिकार सूचीमा रहेकोले प्रदेश तहमा शिक्षा विकास निर्देशनालयले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको

कार्यान्वयनमा समन्वय र सहजीकरण गर्दछ भने स्थानीय तहहरूमा शिक्षा युवा तथा खेलकुद महाशाखा/शाखाहरूको अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। देश संघीय संरचनामा रुपान्तरण भए पश्चात अनौपचारिक तथा जीवनपर्यन्त सिकाइको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको तर यसको मर्म अनुसार कार्यसम्पादन हुनसकेको देखिँदैन आवधिक रूपमा शैक्षिक सर्वेक्षण गर्ने व्यवस्था गर्न नसकिएकाले गाउँपालिकाको साक्षरता सम्बन्धि तथ्याङ्क अद्यावधिक हुन नसकिरहेको अवस्था छ।

### ३.५.२ उदेश्य

- सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन अवसर सुनिश्चितता गर्ने।
- सामुदायिक सिकाइ केन्द्रमार्फत समुदायमा विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रमहरु सञ्चालन गर्ने।

### ३.५.३ रणनीतिहरु

- सामुदायिक सिकाइ केन्द्रहरुको समायोजन तथा पुनर्वितरण गर्ने।
  सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैरसरकारी संघसंस्थाहरु, नागरिक समाज, सञ्चारमाध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरु सञ्चालन गर्ने।
- सिकारुका आवश्यका अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरु र भाषिक विविधता अनुसार सामग्रीको प्रयोग गर्ने।
- सरोकारबालाहरु संगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारीक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरुको सुदृढीकरण गर्ने।
- सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधासम्पन्न विद्युतिय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रुपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित जीवनप्रयन्त सिकाइको थलोका रुपमा विकास गर्ने।
- सामुदायिक सिकाइ केन्द्रमार्फत विभिन्न आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने।

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजाः

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्राप्त हुनेछन्।
- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्राप्त हुनेछन्।
- अनौपचारीक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन गर्ने।
- सिकारुको आवश्यकता अनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरु कार्यान्वियन हुने।
- सामुदायिक सिकाई केन्द्र जीवनपर्यन्त सिकाइको केन्द्रका रुपमा विकास हुने।
- अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान हुने ।
- अनौपचारिक तथा जीवनपर्यन्त सिकाइसम्बन्धी तथ्याङ्क अद्यावधिक हुने।
- स्थानीय तह पूर्ण साक्षर घोषणा हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स. | सूचक | आधारवर्ष | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | (२०८१-८२) | | | | | |
| | आधारभूत सुविधा सम्पन्न सामुदायिक सिकाइ केन्द्रको संख्या | १ | | १ | २ | | ३ |
| | सामुदायिक पुस्तकालयको संख्या | | | | | | |

**प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण**

| क्र स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| | निरक्षरहरुको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटाबेस तयारी | पटक | | | | | | | | |
| | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | | | | | | | | | |
| | सामुदायिक सिकाइ केन्द्र सञ्चालन | | | | | | | | | |
| | सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक पुस्तकालयका रुपमा सञ्चालन | | | | | | | | | |
| | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण | | | | | | | | | |
| | सरकारी तथा गैरसरकारी निकायसँग साझेदारी र सहकार्य | | | | | | | | | |
| | मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामग्री विकास | | | | | | | | | |
| | सूचना तथा सञ्चार प्रविधिको प्रयोग | | | | | | | | | |
| | सिकाइ सामग्री र सिकाइको प्रमाणीकरण | | | | | | | | | |
| | संस्थागत प्रबन्ध | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अनौपचारीक प्रौढ विद्यालय, खुल्ला विद्यालय र धार्मिक प्रकृतिका विद्यालयहरुलाई अनुदान | | | | | | | | | |
| | साक्षर स्थानीय तह घोषणा | | | | | | | | | |

## परिच्छेद ४

## अन्तरसम्बन्धित विषय तथा क्षेत्र

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

#### ४.१.१ वर्तमान अवस्था

विद्यालयमा नेपाल सरकारद्वारा तोकिएको पाठ्यक्रम तथा पाठ्यसामग्री प्रयोग गरीनेछ। थप पाठ्यक्रम तथा पाठ्यसामग्रीको विद्यालयबाट माग भइ आएमा आवश्यकता र औचित्यको आधारमा यसको व्यवस्थापन पालिकाबाट गरीनेछ। शिक्षण सिकाइ क्रियाकलापमा बालबालिकाले आफ्नो परिवेश र वरपरका भाषा- संस्कृति रीति - रिवाज, रहनसहन, चाडपर्व, धार्मिक क्रियाकलाप र अवसरलाई ग्रहण गर्दै यसलाई जीवन्तता प्रदान गरी  पुस्तान्तरण गर्न आधारभूत तहको पाठ्यक्रममा स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने व्यवस्था भए बमोजिम आवश्यक कार्यहरू सम्पन्न भइसकेकोले यसलाई थप प्रभावकारी बनाइनेछ। भाषाको कारण शैक्षिक क्षेत्रमा देखिएका समस्याहरूलाई सामाधान गर्न बहुभाषिक शैक्षिक प्रणाली विकास गरीनेछ। महामारी तथा विपद् लगायतका जोखिम उत्पन्न भएको अवस्थामा सोही अनुसार आव्शयक व्यवस्था गर्न प्रयत्न गरीनेछ। विद्यार्थीको सिकाइ उपलब्धिलाई मापन गर्न समय समयमा सिकाइ आपुरण तथा द्रूत सिकाइ योजना निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ।  कक्षा ५,८ ,१० र १२ लाई लक्षित गरी सिकाइका विशेष सहयोगातमक कार्यक्रम संचालन गरीनेछन।

#### ४.१.२ उदेश्य

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान सीप र व्यवहार विकासमा सहजीकरण गर्नु।
- निरन्तर बवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु।

#### ४.१.३ रणनीतिहरु

- राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुरुप पाठ्यक्रम कार्यान्वयन गर्ने।
- पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको प्बोधीकरण गर्ने।
- पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षक पेसागत क्षमता विकास गर्ने।
- विपद् महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने।

- शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री र विद्यार्थीका लागि सिकाई सामग्री, स्वअध्ययन तथा सन्दर्भ साग्रीहरु उपलब्ध हुने व्यवस्थाजो सिनिश्चितता गर्न ।
- माध्ययम भाषाका रुपमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने ।
- विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने ।
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिका लाई सहयोग गर्ने व्यवस्था मिलाउने ।
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने ।
- स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने ।
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्तिविकाससंग आवद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई शिक्षण सिकाइको अभिन्न अङ्गका रुपमा प्रयोग गर्ने ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजाः

**उपलब्धिः**

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।
- निरन्तर, आबधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.स. | सूचक | आधारवर्ष (८२-२०८१) | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | एकिकृत पाठ्यक्रम लागू गरेका विद्यालय संख्या | | १६ | १६ | १६ | १६ | १६ |
| २. | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय संख्या | | १६ | १६ | १६ | १६ | १६ |
| ३ . | स्थानीय बहु भाषामा कक्षा सञ्चालन गर्ने विद्यालय संख्या | | १६ | १६ | १६ | १६ | १६ |
| ४ . | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्न् विद्यालय | | १६ | १६ | १६ | १६ | १६ |
| ५ . | जलवायु परिवर्तन तथा उत्थानशिलता सम्बन्धी सामाग्री प्रयोग गर्ने विद्यालय संख्या | | ५ | ७ | ११ | १३ | १६ |

### ४.१.४ प्रमुख क्रियाकलाप र परमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | पाठ्यक्रम प्रबोधीकरण तालिम सञ्चालन | पटक | १ | | | | | १ | २ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनका लागि शिक्षक तालिम सञ्चालन | शिक्षक | २५ | 25 | 25 | 25 | 25 | 125 | 250 | |
| ३ | शिक्षक पेसागत सहयोग | शिक्षक | 20 | 20 | 20 | 20 | 20 | 100 | 200 | |
| ४ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | पटक | 1 | 1 | 1 | 1 | 1 | 5 | 10 | |
| ५ | आवधिक विद्यार्थी मूल्याङ्कन | पटक | 1 | 1 | 1 | 1 | 1 | 5 | 10 | |
| ६ | डिजिटल सामग्रीको प्रयोग | विद्यालय | 1 | 1 | 1 | 1 | 1 | 5 | 10 | |
| ७ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग | विद्यालय | 1 | 1 | 1 | 1 | 1 | 5 | 10 | |
| ८ | निःशुल्क पाठ्यपुस्तक | विद्यार्थी | सबै विद्यार्थी | | | | | | | |
| ९ | बहु पाठ्यपुस्तक | | | | | | | | | |
| १० | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | | | | | | | | | |
| ११ | माध्यम भाषाका रुपमा मातृभाषाको प्रयोग | | | | | | | | | |
| १२ | सुपरिवेक्षक तथा अनुगमन | पटक | 1 | 1 | 1 | 1 | 1 | 5 | 10 | |
| १३ | परीक्षा सञ्चालन | पटक | 1 | 1 | 1 | 1 | 1 | 5 | 10 | |

### ३.७ शिक्षक व्यवस्थापन र विकास

शिक्षण सिकाइ प्रक्रियाका संवाहकको रुपमा शिक्षक रहने भएकाले पालिका भित्र कार्यरत शिक्षकहरूलाई उच्च मनोवलताका साथ आफ्नो कार्य क्षेत्रमा संलग्न भइ प्रभावकारी शिक्षण सिकाइका माध्यम द्वारा गुणस्तरिय शिक्षा प्रदान गरी समग्र शैक्षिक योजनालाई सफलकार्यान्वयनको सम्वाहकको रुपमा शिक्षक रहेकाले निजहरूको पेसागत क्षमता विकास र उन्नयनका लागि आवश्यक कार्यक्रम संचालन निरन्तर रुपमा गरीन छ। शिक्षकलाई शैक्षिक उपलब्धि सँग आवद्ध गर्न कार्यसम्पादन सम्झौता गर्न लगाइ नियमित रुपमा अभिलेखिकरण तथा मूल्यांकन गर्ने र शिक्षण पेशा प्रति जवाफदेहि बनाउन उत्प्रेरित गरीनेछ।

#### ३.७.१ शिक्षक तयारी

वर्तमान परिपेक्षमा अङ्ग्रेजी, गणित तथा विज्ञान जस्ता मुख्य विद्यार्थीहरूको पदपूर्ति गर्न शिक्षक अभाव देखिएकोले सो विद्यार्थी अध्ययन गर्न इच्छुक विद्यार्थीहरूलाई गाउँपालिकाबाट छात्रवृत्ती सहित उच्च शिक्षा अध्ययनका लागि प्रेरित गरीनेछ। शिक्षक सेवा आयोग बाट सञ्चालन हुने परीक्षामा यस गाउँपालिका क्षेत्र भित्रका जनशक्तिको पहुँच अभिवृद्धि गर्न शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन गरीनेछ। समाजमा शिक्षण पेशालाई समाजको अब्बल पेशाको चिनाउनका लागि मेरो पेशा राष्ट्रको राष्ट्रको सम्मान कार्यक्रम सञ्चालन गरीनेछ।

#### ३.७.२ शिक्षक पेशामा आकर्षण र नियुक्ति

शिक्षकको नियमित रुपमा पेसागत विकास गर्न पाठ्यक्रम तथा शिक्षण कौशल सम्वन्धी क्षमता विकासका कार्यक्रमहरू संचालन गर्न सङ्घ प्रदेश र विभिन्न सङ्घ संस्थाहरूसँग साझेदारी तथा समन्वय गरीनेछ। शिक्षकलाई प्रविधि मैत्री बनाउन आवश्यक कार्यक्रमहरू संचालन गरीनेछन। शिक्षण पेशालाई आकर्षक वनाउन कार्यरत जनशक्तिलाई अल्पकलिन तालिम,प्रोत्साहन,अनुभव आदान प्रदान,नमूना कक्षा अवलोकन तथा प्रदर्शन, पुरस्कार र दण्ड (reward and punishment) प्रणाली लागु गरीनेछ।शिक्षक तथा प्रधानाध्यापकको नेतृत्व क्षमता विकास गर्न र विद्यालयमा शिक्षकलाई पेशा प्रति प्रतिबद्ध बनाउन शिक्षण कौशल विकास गर्न शिक्षक डायरीको प्रयोगमा जोड दिईनेछ।

#### ३.७.३ शिक्षण सिकाइ क्रियाकलाप

विद्यालयहरूमा शैक्षणिक क्रियाकलापहरू प्रभावकारी हुनु आवश्यक छ।शिक्षाका स्वरुपमा दिनानुदिन परिवर्तन हुँदै स्वरुपहरूशिक्षण सिकाइ क्रियाकलाप विद्यार्थी मैत्री बनाउन विज्ञान तथा सूचना प्रविधिको उच्चतम प्रयोग गरीनेछ । शिक्षकको शिक्षण कौशलको उच्चतम उपयोग

गर्दै विद्यार्थीहरूमा पाठ्यवस्तुको उचित ज्ञानको सम्प्रेषण गर्न नतिजामा आधारित शिक्षण सिकाइ क्रियाकलाप संचालन गरीनेछ। प्रयोगात्मक शिक्षण सिकाइको माध्यम बाट विद्यार्थीहरूमा ठोस धारणाको विकास गराउन आवश्यक प्रयत्न गरीनेछ।समुह सिकाइ, सहपाठी सिकाइ तथा परियोजना मार्फत सिकाइ गर्न आवश्यक कार्यहरू संचालन गर्ने कार्यहरूलाई प्राथमिकताका साथ संचालन गरीनेछ। विद्यार्थीवस्तुका आधारमा शिक्षण विधिहरूको छनौट एवम् प्रयोग सम्बन्धी आवश्यक कार्यहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापहरू छनौट गर्न प्रेरित गरीनेछ। सूचना प्रविधि शिक्षालाई व्यवहारिक जीवनको अङ्गको रुपमा विकास गर्न सूचना प्रविधिको उच्चतम प्रयोगका लागि विद्यालयहरूको संस्थागत क्षमता विकास गरीनेछ।विद्यार्थीहरूमा वैज्ञानिक चिन्तन तथा गणितीय सीपको विकास गर्न विद्यालय हाताभित्र वनष्पति विज्ञान प्रयोगशाला तथा गणित पार्क बालउद्यान, प्रभावकारी कक्षाकोठा व्यवस्थापनका क्रियाकलापहरू नमूना रुपमा संचालन गरीनेछन।

बालविकास देखि कक्षा वाह्र सम्मका बालवालिकाहरूको सिकाइ उपलब्धिमा सुधार गरी गाउँपालिका स्तरको सिकाइ उपलब्धि उत्कृष्ट बनाउन विद्यार्थीको उमेर समुह र कक्षाको आधारमा शिक्षण विधिहरूको विविधिकरण गरी क्रियाकलापहरू सञ्चालन गरीनेछन। आधारभूत तहका विद्यार्थीहरूको विद्यार्थीवस्तु प्रतिको ठोस धारणा विकास गराउन आवश्यक्ताका आधारमा बहुभाषिक शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालन प्रवन्ध मिलाईनेछ। बदलिदो परिवेश अनुकूल सूचना प्रविधिको विकास तथा विस्तार गरी प्रविधिमैत्री शिक्षक र प्रविधि उत्प्रेरित विद्यार्थी तयार गर्नका लागि प्रत्येक विद्यालयमा प्रविधि प्रयोगशाला तयार गर्न हाल उपलब्ध पूर्वाधारको थप सुदृढीकरण गरी व्यवस्थित गर्ने कार्यलाई अगाडि बढाइनेछ।

### ३.७.४ शिक्षकको जिम्मेवारी/दायित्व/ आचार संहिता

शिक्षकहरूको वृत्तिविकासलाई विद्यार्थीको उपलब्धिसँग जोड्दै आफ्नो पेशा प्रति जिम्मेवार बनाइनेछ। शिक्षक र विद्यालयलाई पुरष्कृत गर्ने आधारको रुपमा शैक्षिक उपलब्धि (कक्षागत तथा विद्यार्थीगत) लाई मूख्य आधार बनाइनेछ। शिक्षक विद्यार्थी आचारसंहिता पालना भए नभएको सम्वन्धमा वि व्य स, शि अ सं र पालिकाबाट समय समयमा अनुगमन गरीनेछ। विद्यालयहरूलई शैक्षिक सुशासनका केन्द्र बनाउन जबाफदेहिपूर्ण शैक्षिक प्रणाली विकास गर्न शिक्षकको जिम्मेवारी र जवाफदेहितालाई उच्च प्राथमिकता दिइनेछ। प्रत्येक विद्यालयमा शिक्षक आचारसंहितालाई उल्लेख गरीनेछ। शिक्षकले कक्षाकोठामा बिताउने समयलाई अभिलेखिकरण गरी सार्वजनिक रुपमा उत्कृष्ट शिक्षकलई पुरुष्कृत गर्न प्रेरित गरीनेछ। सिकाइ उपलब्धिप्रति शिक्षकलाई जफावदेहि बनाउन प्रधानाध्यापक सँग शिक्षकको कार्य सम्पादन सम्झौता गरीनेछ। कार्य सम्पादन सम्झोतामा भएका विद्यार्थीवस्तुहरूलाई कार्यान्वयनका लागि वि व्य स तथा शि अ स लाई उत्प्रेरित गरी उचित रुपमा पुरुष्कृत तथा सचेत गर्ने कार्यक्रमहरू सञ्चालन गरीनेछ। कक्षाकोठाहरूमा Student taking time अभिवृद्धि गरी विद्यार्थीको सिकाइलाई अभिवृद्धि गर्ने रणनीति लिइनेछ।

### ३.७.५ शिक्षक सहयोग पद्धति

शिक्षण सिकाइ क्रियाकलाप बहुआयामिक प्रक्रिया हो। शिक्षक विद्यार्थीको सुमधुर सम्बन्ध विकासको माध्यमबाट विद्यालयहरु लाई सिर्जनात्मक र प्रयोगात्मक सिकाइका केन्द्रविन्दु वनाउन सबै विद्यालयहरूको जनशक्तिलाई सुशासन युक्त क्षमतावान र जवाफदेही वनाउनु पर्दछ। शिक्षा क्षेत्रमा कार्यरत सबै तहको जनशक्ति लाई उचित क्षमता विकासको अवसर प्रदान गर्दै नैतिक तथा मेधावी/आत्म निर्भर जनशक्ति उत्पादन गर्न शिक्षक – शिक्षक बिच घनिष्ठ सम्बन्ध हुन आवश्यक छ।

शिक्षक सहयोग पद्धतिलाई व्यवस्थित गर्न सक्षम र पारदर्शी विद्यालय प्रशासन कायम राख्न पद सोपान प्रणाली कायम गर्दै हरेक जनशक्ति लाई उचित अवसर प्रदान गर्नु नितान्त आवश्यक छ। शिक्षक पेसागत विकासका लागि शिक्षक तालिम केन्द्र, शिक्षा विकास तथा समन्वय इकाइ र गाउँपालिकाको समन्वयमा कार्यक्रमहरू संचालन गर्नुपर्ने देखिएकाले बिषयगत शिक्षक समुह निर्माण गरी अनुभव आदान प्रदानका कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ। गाउँपालिका बाट विद्यालय अनुगमन सुपरिवेक्षण र पृष्ठपोषणको कार्य निरन्तर रुपमा संचालन गरी शिक्षक सहयोग पद्धतिको मुख्य जिम्मेवार व्यक्तिको रुपमा प्रअ लाई लिइ शिक्षक सहयोग पद्धतिको रुपमा विकास गर्दै शैक्षिक पृष्ठपोषणका कार्यक्रमहरू संचालन गरीनेछन। विद्यालयको मागको आधारमा अल्पाकालिन विद्यार्थीगत तालिम संचालन गरीनेछ।

### ३.७.६ शिक्षक क्षमता विकास कार्यक्रम

विद्यालयमा कार्यरत शिक्षकहरूको कार्यदक्षतामा अभिवृद्धि गरी गुणस्तरीय शिक्षण सिकाइमार्फत विद्यार्थीको सिकाइमा बढोत्तरी ल्याउनका लागि शिक्षक पेसागत विकास प्रारूप को कार्यान्वयन अति आवश्यक छ। शिक्षकलाई नियमित रुपमा तालिम कार्यक्रमहरू सञ्चालन हुँदै आएको भए तापनि बदलिदो परिवेशमा आधारित भई अधिकतमम सूचना प्रविधिको प्ररयोग शिक्षण सिकाइ क्रियाकलाप गर्न सक्ने बनाउन

नियमित रुपमा पाठ्यक्रम पाठ्य सामग्रीमा विकास गरी शिक्षकको क्षमता विकास गर्न आवश्यक छ। समयानुकूल स्वप्रेरित भएर शिक्षकले आफुलाई अद्यावधिक गर्नु शिक्षण सिकाइका विधि प्रकियाहरूलाई विद्यार्थी मैत्री बनाउन सिर्जनशील भई रचनात्मक तरिकाले कार्य सम्पादन शिक्षक टड्कारो आवश्यकता छ।

शिक्षकमा विद्यार्थीवस्तुको ज्ञान(Content knowledge),शिक्षण सिकाइका तौरतरिकाको ज्ञान (Pedagogic knowledge), बालबालिका/सिकारूको ज्ञान (Knowledge about children),सिकाइ वातावरण तथा कक्षा व्यवस्थापन (Learning environment and classroom management),सञ्चार तथा सहकार्य (Communication and collaboration),निरन्तर सिकाइ तथा पेसागत विकास (Continuous learning and professional development), कानुनी आधार तथा पेसागत आचारसंहिता (Legal back up and code of conduct) सूचना तथा सञ्चार प्रविधि (Information and Communication Technology) आधारित भएर कार्यक्रम कार्यान्वयन गर्न जरुरी छ। यसका लागि गाउँपालिकाले, सङ्घ प्रदेश तथा विभिन्न विकास साझेदारहरू सँगको समन्वय तथा सहकार्यमा आधारित भई आफ्नै स्रोत समेत परिचालन गरी आवश्यकताका आधारमा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरीनेछ।

### ३.८ विद्यालय व्यवस्थापन (प्रधानाध्यापक व्यवस्थापन समेत)

विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकलाई विद्यालय संचालन, व्यवस्थापन र अनुगमनमा जिम्मेवार वनाइ आवश्यकताका आधारमा दक्ष, योग्य र तहगत प्रधानाध्यापक व्यवस्थापन गरी समग्र रुपमा विद्यालयको शैक्षिक उन्नयनमा जोड दिनु पर्दछ। विद्यालयको समग्र विकासका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने समाज सँग असल सम्बन्ध कायम गरी कार्यक्षमताका आधारमा विश्वास कायम गराउन सक्ने शिक्षक तथा विद्यार्थीलाई प्रशासनिक रुपमा अब्बल भई स्वो प्रेरित गर्न सक्ने प्रचलित ऐन कानुनको परिधिभित्र रहे वि.व्य.स तथा सिअसका निर्णयहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रयत्नशील रहने प्रधानाध्यापक आवश्यकता रहेको छ। यसका लागि प्रधानाध्यपक क्षमता विकास गरीनु आवश्यक छ। योजना अवधि  यसका कार्यका लागि सुशासन युक्त जवाफदेही विद्यालय प्रशासन कायम गर्न आवश्यक कार्यक्रम सञ्चालन गरीनेछ। प्रशासनिक व्यवस्थापनका लागि पदसोपान प्रणाली कायम गरीनेछ।निजी लगानीका शैक्षिक संस्थाहरूमा संस्थागत सुशासन कायम, नियमनको दायरामा वृद्धि, शैक्षिक तथ्याङ्क अद्यावधिक गरीनेछ।

### ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

पहँचु र सहभागिताको लागि समानतामा पुग्ने उद्देश्य हासिल गर्न असमानहरु बिच गरिने असमान व्यवहार नै शैक्षिक समता हो । विभेद र वञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चिता सम्भव हुँदैन । यो आफैँमा गन्तव्य नभई एउटा माध्यम मात्र हो । नौगाड गाउँपालिका एउटा विविधताले भरिपूर्ण गाउँपालिका हो । यसमा ब्राहमण, क्षेत्री, दलित, जनजाति, अपाङ्गता भएका बालबालिकाहरुको बसोबास छ । विभिन्न शारीरिक क्षमता भएका कमजोर आर्थिक अवस्था भएका समाजमा पछि परेका र पारिएका दलित महिला अपाङ्गता भएका व्यक्तिहरुको मिश्रित बसोबास यहाँको समुदायमा रहेको छ । सम्पति माथिको अधिकार पुरुषको तुलनामा महिलामा कम छ । सामाजिक साँस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैङ्गिक विभदे विद्यमान छ । बालबालिकाहरु विशेषतः अपाङगता भएका, दलित विपन्न परिवारमा जन्म भएका आदिहरुको लागि शिक्षामा पहँचु कठिन रहेको छ । विविधतालाई पहिचान दिनु, सम्मान गर्नु मनोरञ्जन गर्न र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहन हनु आवश्यक छ । बालबालिकामा भएका भिन्नताहरुदेखि पहँचु सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्न आवश्यक छ । यस्तो समता बनाउन विशेष तथा थप प्रबन्ध गर्नुपर्दछ् । समता अभिवृद्धि विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्व दिएको महसुस गर्नुपर्दछ । यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ । ठाउँ, क्षेत्र अनुसार विविधताको सम्मान र समता तथा समावेशीता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच र अर्थपूर्ण सहभागितामा कायम गर्दै सिकाइ सुनिश्चितता गर्नका लागि यसका कारण तथा बाधाहरु पहिचान गरी ती बाधाहरु हटाउनु पर्दछ । यस्ता बाधाहरु ठाउँपिच्छे भिन्न फरक छन् । यस्ता चुनौतीहरु हटाई विविधता अनकूल हुनेगरी शिक्षामा सबैको सहज पहँचु , सहभागिता तथा सिकाइका लागि समता तथा समावेशीता अभिवृद्धि गर्नका लागि योजना निर्माण गरी त्यस अनुरुप कार्यक्रम सञ्चालन गर्नु आजको आवश्यकता हो ।

शिक्षा पाउनु सबै बालबिलकाको नैसर्गिक अधिकार हो । नेपालको संविधानको धारा ३१ ले यो अधिकारलाई स्थापित गरेको छ । सबै वर्ग र क्षेत्रका बालबालिकाको सामाजिक न्याय, पहुँच र प्रतिनिधिन्वका लागि समावेशी शिक्षा आजको उपयुक्त र सान्दर्भिक मुद्दा बनेको छ । अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा २४ ले अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ । समावेशी शिक्षा भन्नाले भाषाभाषी, वर्ग, क्षेत्र र अपाङ्गता भएका बालबालिकाले हाँस्दै, खेल्दै घरनजिकैको विद्यालयमा जाने, समान आधारमा सबै बालबालिकासँगै सिक्न पाउने वातावरण

सिर्जना गर्नु नै हो । यस पद्धतिले बालकेन्द्रित शिक्षामा जोड दिन्छ । बालबालिकाको रुची, क्षमता र वैयक्तिक आवश्यकताका आधारमा उनीहरुलाई सुहाउँदा शिक्षा अरु बालबालिकासँगै उपलब्ध गराउने कार्य समावेशी शिक्षा हो । यस कार्यलाई सबैका लागि शिक्षा भन्ने बहुचर्चित शिक्षा अभियानले पनि अङ्गिकार गरेको छ ।

अवसर पाएका सबै बालबालिकाले पढ्न र सिक्न सक्छन् भन्ने मान्यताका साथ समावेशी शक्षाले अरु थप बहिष्करण हुनबाट रोक्छ र समाजसँगै हुर्कन, बढ्ने र पढ्ने एवम् प्रतिस्पर्धी बन्ने अवसर उपलब्ध गराउने नयाँ उपायहरु सुझाउँछ । विविध वर्ग, क्षेत्र, लिङ्ग, क्षमता, आर्थिक-सामाजिक परिवेशका बालबालिकालाई एउटै कक्षामा राखी शिक्षा दिदाँ बालबालिकाले एकले अर्कोबाट सिक्ने मौका पाउँछन् र एकले अर्काको समान्यǛ कदर गर्न सिक्छन् । नेपाल सामाजिक साँस्कृतिक रुपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक, साँस्कृतिक तथा जातजातिगत समुदायहरुको बसोवास छ । विविधताको सम्मान र समता तथा समावेशिताको अभिबृद्धि गरी शिक्षामा सबैको सहज पहुँचसहित अर्थपूर्ण सहभागिता कायम गर्न र सिकाइ सुनिश्चित गर्नका लागि यसका कारण तथा बाधाहरु पहिचान गरी ती बाधाहरु हटाउनु आवश्यकछ ।

नौगाड गाउँपालिकामा समुदायमा आधारित बालविकास केन्द्र सहित ४३ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । उक्त विद्यालयहरुमा विभिन्न जातजाति, धर्म, आर्थिक अवस्थाका विद्यार्थीहरु अध्ययन गर्दै आएका छन् । कतिपय विद्यालयहरुमा शारीरिक अपाङ्गता भएका बालबालिकाहरु समेत रहेका छन् । यस्तो अवस्थाका विद्यार्थीहरुको शिक्षामा पहँचु वृद्धिका लागि आवासीय तथा गैर आवासीय छात्रवृत्ति प्रदान गर्ने गरिएको छ । तर कतिपय विद्यालयमा अपाङ्गता भएका बालबालिकाको संख्या रिपोर्टिङ नभएकाले संख्या कम देखिन गएको छ । ती बालबालिकाहरु, विद्यालय शिक्षा पहुँचबाट टाढा रहेको अवस्था छ । त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरु सडक बालबालिकाहरु, जटिल रोगहरुबाट पीडित बालबालिकाहरु, अभिभावक र सहाराबिहीन बालबालिकाहरु समेत समुदायमा रहेका छन् तर तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकिरहेको छैन । त्यस्ता प्रकारका बालबालिकाहरु समेत विद्यालय शिक्षाको पहँचु बाहिर रहेको देखिन्छ । विद्यालय भर्ना भएका बालबालिकाहरुलाई आवासीय र गैर आवासीयरुपमा तोकिएको नियमका आधारमा छात्रवृति पनि प्रदान गरिने गरिन्छ । खासगरी आधारभत् तहका कक्षा १-८ मा अध्ययन गर्ने सबै छात्राहरु र दलित बालबालिकाहरूलाई कुनै न कुनै रुपमा सहयोग गरिँदै आएको छ । त्यसैगरी विद्यार्थी मूल्याङ्कनका क्रममा समेत अपाङ्गता भएका बालबालिकाहरुलाई थप समयको व्यवस्था समेत गरिने प्रावधान छ । बहिरा बालबालिकाहरु, सुस्त मनस्थितिका बालबालिकाहरु, दृष्टिबिहिन बालबालिकाहरुका छिमेकी पालिकाहरुमा सञ्चालनमा रहेका स्रोतकक्षा पठाइ उनीहरुलाई शिक्षामा पहुचँको हक सुनिश्चित गर्ने कार्य गरिएको छ । गाउँपालिकाले धेरै महत्वपूर्ण कामहरु गरिरहेको भएतापनि अझैपनि शिक्षामा सबै वर्गको समान पहँचु भने पुग्न सकिरहेको छैन् ।

४.३.२ उदेश्य

- लक्षित समूहका व्यक्तिहरुको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु ।
- लक्षित समूहका बालबालिकाहरुको सिकाइमा सहभागिता बृद्धि तथा सिकाइ उपलब्धी सुधार गर्न ।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु ।

४.३.३ रणनीतिहरु

- विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्थाहरु पूरा गरी अपाङ्गतामैत्री तथा लैङ्गिकमेत्रि बनाउने । यसका लागि बालमैत्री विद्यालय प्रारुप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गर्ने ।
- अपाङ्गताको किसिम तथा स्वरुप पहिचान गरी उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकता अनुसार विशष विद्यालयको प्रबन्ध गर्ने ।
- छात्रवृत्तीका लागि विपन्न लक्षित गरी आर्थिक रुपले विपन्न, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालबालिकाहरु सहभागी हुने व्यवस्था गर्ने ।
- कार्यविधि तयार गरी आवश्यकताअनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने ।
- विद्यालयमा सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रदान गर्ने ।
- आधारभूत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिने ।
- पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास तथा नागरिक ज्ञान तथा सीपका साथै बृहत् यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्य सम्बन्धी विषयवस्तु समावेशी गरी सिकाइलाई जीवनोपयोगी सीपसँग आवद्ध गर्ने ।

- सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनैपनि प्रकारको विभेद, दुर्व्यवहार र हेपाई नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने।

४.३.४ प्रमुख उपलब्धि तथा नतिजाः

उपलब्धिः

- लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भइ सिकाई उपलब्धिमा सुधार आएको हुनेछ।

नतिजा तथा परिमाणात्मक लक्ष्यः

| क्र.स. | शिक्षामा समता र समावेशीकरण | आधारवर्ष (२०८१-८२) | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
|---|---|---|---|---|---|---|---|
| १. | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको संख्या | | | | | | |
| २. | आधारभूत तहमा लैंगिक समता सूचक | | | | | | |
| ३. | माध्यमिक तहमा लंगिक समता सुचक | | | | | | |

४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | 2082 | 2083 | 2084 | 2085 | जम्मा | | |
| १ | शिक्षाको अवसरबाट वञ्चित हुनका कारण पहिचान गरी वैयक्तिक आवश्यकताअनुसारको वैकल्पिक शैक्षिक निरन्तर कार्यक्रमहरु तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | पटक | 1 | 1 | 1 | 1 | 1 | 5 | 10 | |
| २ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखिकरण गरी निरन्तर उपयुक्त शिक्षाको प्रबन्ध | विद्यार्थी संख्याको आधारमा | | | | | | | | |
| ३ | आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा | पटक | 1 | 1 | 1 | 1 | 1 | 5 | 10 | |
| ४ | बालकेन्द्रत शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबीच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, कक्षाकोठ, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरुको अवलम्बन | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | बालबालिकाहरुको सिकाइ आवश्यकता अनुरुपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरुलाई समावेश | पटक | १ | १ | १ | १ | १ | 5 | 10 | |
| ६ | विद्यालमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न यससम्बन्धी शिक्षा तथा संयन्त्र स्थापना | पटक | 1 | 1 | 1 | 1 | 1 | 5 | 10 | |
| ७ | शिक्षामा समाता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरुबीच जवाफदेहितासहितको कार्यगत समन्वय | पटक | | | 1 | | 1 | 2 | 4 | |
| ८ | निर्देशिका अनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण (अपाङ्गता भएका तथा विभिन्न किसिमका आवासीय छात्रवृत्तिसमेत) | पटक | 1 | 1 | 1 | 1 | 1 | 5 | 10 | |

### ३.१० गुणस्तरिय सार्वजनिक शिक्षा

गुणस्तरीय सार्वजनिक शिक्षा एक महत्त्वपूर्ण बिषय हो जसले सबैका लागि पहुँच योग्य प्रभावकारी र समावेशी शिक्षालाई जोड दिन्छ। सबै नागरीकलाई समान अवसर, पहुँच र उत्कृष्ट शिक्षण सिकाइ प्रदान गर्न तथा व्यक्तिको बौद्धिक, सामाजिक, भावनात्मक र नैतिक विकासलाई प्राथमिकता दिँदै समाजमा सकारात्मक योगदान पुऱ्याउन सक्षम नागरीक तयार गरी गाउँपालिकाको समग्र शैक्षिक अवस्थालाई गुणस्तीय बनाउन आवश्यक छ।

यस गाउँपालिका क्षेत्रमा गुणस्तरीय शिक्षाका आधार तयार गर्न पाठ्यक्रम समयानुकूल, व्यावहारिक र जीवनोपयोगी बनाउन प्रयत्न गरीनेछ। शिक्षालाई सीप सँगै आवद्ध गर्दै आय आर्जन गर्न सक्ने गरी कार्यक्रम सञ्चालन गरीनेछन्।समस्या समाधान र सिर्जनशीलतालाई प्रोत्साहन गरीनेछ। गुणस्तरीय शिक्षाका लागि आवश्यक पर्ने कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला, शौचालय, खानेपानीजस्ता आधारभूत पूर्वाधार यथोचित विकास गरीनेछ।

#### बर्तमान अवस्था

यस गाउँपालिका क्षेत्रमा संचालित विद्यालयहरूले गुणस्तरीय शिक्षाका लागि आवश्यक पर्ने कक्षाकोठा, पुस्तकालय, प्रयोगशाला, शौचालय, खानेपानीजस्ताहरू क्रमश सुधार गर्दै लगिएको छ। नतिजामुखी मुल्याकन प्रणाली स्थापन गर्न सबै कक्षाका परिक्षाहरूलाई गाउँपालिका स्तरमा सञ्चालन गरी नतिजा विश्लेषण गर्ने कार्यहरू भैरहेको छ। सिकाइ उपलब्धि अभिवृद्धि गर्न विभिन्न सरोकारवालाहरू सँग नियमित रुपमा छलफल तथा अन्तरक्रिया गरी सुधारका प्रयासहरू गरीएका छन्।
विद्यालयहरूको नियमित अनुगमन गरी पृष्ठपोषणका कार्यक्रमहरू अगाडि बढाइएका छन्।

#### चुनौती

१. तहगत बिषयगत रुपमा दक्ष शिक्षक व्यवस्थापन गर्नु।
२. सामुदायिक विद्यालयहरूमा आवश्यक पर्ने स्रोतको व्यवस्थापन गर्नु।

३. शिक्षण सिकाइ लाई प्रविधि र वैज्ञानिक बनाउन।
४. शिक्षकको गुणस्तर र तालिम: धेरै शिक्षकहरूमा आधुनिक शिक्षण विधिको ज्ञान र प्रेरणाको प्रदान गर्नु।
५. शिक्षा नीतिहरूमा बारम्बार परिवर्तन र प्रभावकारी कार्यान्वयनको अभावले गुणस्तरमा असर पर्नु ।
६. विद्यालय क्षेत्रमा द्रूत गति इन्टरनेट र प्रविधिको पहुँच मा कठिनाई हुनका साथै डिजिटल सिकाइ प्रभावकारी बनाउन।

**उदेश्य :**

१. तहगत बिषयगत रुपमा दक्ष शिक्षक व्यवस्थापन गरी सामुदायिक विद्यालयहरूमा आवश्यक पर्ने स्रोतको व्यवस्थापन र शिक्षण सिकाइ लाई वैज्ञानिक प्रविधियुक्त बनाउनु।
२. विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धी गर्न शिक्षकको शिक्षण कौशल समुचित तरिकाले विकास गर्ने।
३. विद्यालय प्रशासन,विद्यालय व्यवस्थापन, शिक्षक अभिभावक सङ्घलाई जिम्मेवार बनाई समग्र शिक्षाको गुणस्तर वृद्धि गर्नु ।
४. समावेशिताको अवधारणा बमोजिम बिपन्न पछाडि परेका अपाङ्गता भएका बालबालिकाहरूको गुणस्तरीय सार्वजनिक शिक्षामा समान पहुँच विस्तार गर्ने।

**रणनीती:**

१. विद्यालय तहमा आवश्यक पर्ने विद्यार्थीगत शिक्षकहरूको व्यवस्थापन गर्ने
२. गुणस्तरीय सार्वजनिक शिक्षाको प्रत्याभुति गर्न प्रविधि मैत्री शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न शिक्षकको क्षमता विकास गर्ने।
३. समावेशी शिक्षा लाई लक्षित बर्ग बालबालिकाहरूको पहुँच विकास गर्ने ।

**कार्यनीति :**

१. विद्यालय तहमा आवश्यक पर्ने विद्यार्थीगत शिक्षकहरूको व्यवस्थापन गर्न आवश्यक स्रोत साधनको व्यवस्थापन गरी प्राथमिकताका आधारमा बिषयगत र तहगत शिक्षक ब्यवस्थापन गर्दै लगिनेछ।
२. गुणस्तरीय सार्वजनिक शिक्षाको प्रत्याभुती गर्न प्रविधि मैत्री शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्दै लगिनेछ।
३. विद्यालय शिक्षाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यार्थीको सिकाइ उपलब्धिलाई प्रविधिका माध्यमबाट शिक्षकको कार्यसम्पादन सँग आवद्ध हुने गरी आवश्यक कार्यक्रम सञ्चालन गरीनेछ।
४. विद्यालयमा सुशासन कायम गर्न विद्यालय प्रशासन, वि.व्य.स, तथा सि.अ.स.को क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरीनेछन्।

**अपेक्षित उपलब्धि**

१. गुणस्तरीय सार्वजनिक शिक्षाको पहुँचबाट सबै वर्ग, लिंग र क्षेत्रका बालबालिकाहरूका लागि विद्यालय तहमा आवश्यक पर्ने विद्यार्थीगत शिक्षकहरूको व्यवस्थापन गर्न आवश्यक स्रोत साधनको व्यवस्थापन, प्राथमिकताका आधारमा बिषयगत र तहगत शिक्षक ब्यवस्थापन भइ परिणात्मक लक्ष्य प्राप्ति भएकोहुनेछ।
२. प्रविधि मैत्री शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन पश्चात शिक्षकको क्षमता विकास भई विद्यार्थीको औसत सिकाइ उपलब्धि अभिवृद्धि भएको हुनेछ।
३. विद्यालय प्रशासन, वि.व्य.स, तथा सि.अ.स.को क्षमता अभिवृद्धिका भई जवाफदेही पूर्ण गुणस्तरीय शिक्षा सञ्चालन भएको हुनेछ।

### ३.११ आर्थिक र सामाजिक रुपमा पछाडि परेका वर्गको पहुँच

शैक्षा नैसर्गिक अधिकारको बिषय भएकाले समाजमा पछाडि परेका बर्गको समतामूलक पहुँच स्थापित गर्न समावेशी शिक्षा, पोशाक, छात्रवृति, सिकाइ सामग्री तथा प्रोत्साहनमूलक कार्यक्रम संचालन गरी शिक्षाको मुलधारमा बालबालिकाहरूलाई समावेश गरीनेछ।

विपन्न वर्गका बालबालिकाहरूलाई शिक्षण सिकाइमा सहभागी गराउन अभिभावकलाई आर्थिकभार नपर्ने गरी विद्यार्थीलाई पढ्दै कमाउँदै कार्यक्रममा सहभागी गराइनेछ साथै शैक्षिक प्रणालीमा समाजको अपनत्व विकास गराई विद्यालय प्रति अधिकाधिक सहभागि गराउन अभिभावक जागरण अभियान संचालन गरीनेछ।

## ३.१२ शिक्षामा सूचना प्रविधिको पहुँच विस्तार र उपयोग

### परिचय

शिक्षामा सूचना प्रविधिको पहुँच विस्तार र उपयोग शिक्षण-सिकाइ प्रक्रियालाई आधुनिक, प्रभावकारी र समावेशी बनाउने कार्यलाई बुझाउँछ। यसले कम्प्युटर, इन्टरनेट, डिजिटल उपकरणहरू, अनलाईन सिकाइ मञ्चहरू र शैक्षिक सफ्टवेयरको प्रयोगमार्फत शिक्षालाई प्रविधिमा आधारित बनाउन मदत गर्छ। सिकाइलाई सहज, पहुँच योग्य र व्यावहारिक बनाउनुका साथै शिक्षक र विद्यार्थीलाई डिजिटल साक्षरता प्रदान गर्न अति आवश्यक छ।
नेपालमा "डिजिटल नेपाल फ्रेमवर्क" जस्ता पहलहरूले सामुदायिक विद्यालयहरूमा इन्टरनेट र कम्प्युटरको पहुँच विस्तार गरी शिक्षामा सूचना प्रविधिको उपयोगलाई प्रोत्साहन गरीरहेका पाइन्छ। यसले समावेशी रुपमा विद्यार्थीलाई गुणस्तरीय शिक्षाको अवसर प्रदान गर्न मद्दत गर्छ।

### बर्तमान अवस्था

लालझाडी गाउँपालिका अन्तर्गतका सम्पुर्ण विद्यालयहरूमा सूचना प्रविधिको पहुँच विस्तार भएको छ। विद्यालयमा भएको सूचना प्रविधिको प्रयोग विस्तार गर्न आवश्यक जनशक्ति नहुँदा यसको अधिकतम उपयोग गर्न नसकिएको अवस्था छ।

### उदेश्य:

शिक्षण सिकाइमा सूचना प्रविधिको  अधिकतम उपयोग गर्नु।

### रणनीति:

प्रविधि मैत्री शिक्षण क्रियाकलाप सञ्चालन गर्ने।

### कार्यनीति:

१. सिकाइका लागि सूचना प्रविधिका विभिन्न सामाग्रीहरूको उचित प्रबन्ध गर्दै मिलाईनेछ।
२. प्रविधिमैत्री शिक्षा विकास गर्न सूचना प्रविधिमा आधारित क्षमता विकासका तालिम सञ्चालन गरीनेछन्।
३. माध्यमिक तहका विद्यार्थीहरूलाई सूचना प्रविधिको प्रयोग गर्न सक्षम बनाउन माध्यमिक विद्यालयहरूमा डिजिटर साक्षरता कार्यक्रम सञ्चालन गरीनेछ।
४. गाउँपालिका स्तरीय शिक्षा प्रोर्टल तयार गरी शैक्षिक क्रियाकलापहरूलाई पोर्टलमा upload  समावेश गरीनेछ।

## ३.१३ शिक्षामा कमजोर वर्गको पहुँच/ समावेशी शिक्षा

### परिचय

शिक्षा सार्वजनिक महत्त्वको बिषय हो। यसको पहुँच सबै बालबालिकाको नैसर्गिक अधिकार क्षेत्रभित्र पर्दछ। नेपालले समतामूलक गुणस्तरीय शिक्षा प्रत्याभूति गर्नका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा विभिन्न प्रतिवद्धताहरू समेत गरेको छ।  संवैधानिक रुपमा  नेपालको संविधानको भाग३,धारा ३१ले शिक्षाको अधिकार व्यवस्थित गर्न आवश्यक व्यवस्था गरेको छ। सबै वर्ग र क्षेत्रका बालबालिकाको सामाजिक न्यायमा आधारित समतामूलक पहुँच स्थापित गर्नु आजको आवश्यकता हो। हरेक बर्ग समुदाय, क्षेत्र, लिंगका बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गरी व्यक्तीको जीवनलाई व्यवस्थीत गर्नु संविधानको धारा ३९ मा बालबालिकाको हक तथा  राज्यका निर्देशक सिद्धान्त तथा राज्यका नीतिहरूमा समेत शैक्षिक व्यवस्थापनका पक्षहरू उल्लेख भएका छन्। अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६

को धारा २४ ले अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ। नेपालको संविधानको धारा ३१ को उपधारा ३ मा अपाङ्गता भएका व्यक्तिको शिक्षा सम्बन्धी अधिकार लाई व्यवस्थीत गरीएको छ। समाजिक न्यायको हक धारा ४२ को १ मा शिक्षामा अंपागताको विविधता पहिचान गरी सार्वजनिक सेवा र सुविधामा समान पहुँच सुनिश्चित गरीएको छ।

शिक्षा ऐन २०२८ ले दृष्टिविहिन न्युन दृष्टियुक्त बहिरा सुस्त श्रवण अटिज्म बैद्धिक शारीरिक वा अन्य अंपागता भएका बालिबालिका लाई नियमित शैक्षिक पद्धतिमा रही समाजिक आर्थिक वा भौगोलिक कारणले विभेद रहित वातावरणमा दिइने शिक्षा लाई समावेशी शिक्षा भनेर उल्लेख गरे बमोजिम विद्यालयहरूमा उपयुक्त वातावरण तयार गर्नु आवश्यक छ।

विविध वर्ग, क्षेत्र, लिङ्ग, क्षमता,आर्थिक–सामाजिक परिवेशका बालबालिकालाई एउटै कक्षामा राखी शिक्षा दिँदा बालबालिकाले एकले अर्कोबाट सिक्ने मौका पाउँछन् र एकले अर्काको सम्मान, कदर गर्न सिक्ने हुँदा आत्म सम्मानको भावना विकास गराई वहिष्करणमा परेका व्यक्तिहरूलाई समेत सहयोग पुग्ने गरी समावेसी शिक्षाको व्यवस्थापन गर्न आवश्यक छ।

### वर्तमान अवस्था

लालझाडी गाउँपालिकाको वर्तमान अवस्था नियाल्दा विद्यालय तहमा सरकारी दरबन्दीमा कार्यरत शिक्षकहरूमध्ये दलित समुदायबाट प्रतिनिधित्व गर्ने शिक्षक नरहेको अवस्था छ। यस गाउँपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरू ३३ प्रतिशत महिला शिक्षक रहेको अवस्था छ भने आदिवासी जनजाति समुदायबाट ६० प्रतिशत शिक्षकहरू रहेको विद्यमान अवस्था छ। तर माध्यमिक तहमा महिला शिक्षकको सङ्ख्या अत्यन्त न्युन रहेको देखिन्छ।

विद्यालयतहमा अध्ययनरत छात्र छात्रा मध्ये समग्रमा ४८.३८ प्रतिशत छात्रा र ५१.६२ छात्र रहेका छन् भने यस क्षेत्रमा सबैभन्दा बढी आदिवासी जनजाती रानाथारु तथा चौधरी समुदायका ८१.९९ प्रतिशत त्यसैगरी ब्राह्मण क्षेत्री समुदायका १०.०६ प्रतिशत र दलित विद्यार्थीको प्रतिशत ४.२१ रहेको छ। सम्पुर्ण बालबालिका मध्ये ३.७४ अन्य समुदायिका बालिकाहरू रहेका छन ।

अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ सहजीकरण गर्नका लागि स्रोत कक्षा सञ्चालनका लागि ३ वटा विद्यालयहरूलाई नमुना रुपमा छनौट गरी आवश्यक प्रबन्ध गर्ने प्रयास गरीएको छ। यसका साथै अति अशक्त बालबालिकाहरूका लागि स्कुल एट होम (School at home ) कार्यक्रम सञ्चालनमा रहेको भएपनि यतिमात्र प्रयाप्त व्यवस्थापन हो भन्न सकिदैन् ।

### उदेश्य :

१. विद्यालय शिक्षामा आर्थिक तथा सामाजिक लगायतका कारणले बहिष्करणमा परेका लक्षित वर्ग तथा अपाङ्गता भएका बालबालिकाहरूको सम्मानजनक,समतापूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु।

२.अपाङ्गता भएका बालबालिकाहरूको न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै यस क्षेत्रको विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु ।

३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति,सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु ।

### रणनीति

१. शिक्षामा समतामूलक पहुँच स्थापित गरी दिगो विकासका लक्ष्य न.४ हासिल गर्न आवश्यक कार्यक्रम संचालन गर्ने।
२. आर्थिक समाजिक रुपले पछाडि परेका तथा अपाङ्गता भएका बालबालिकाका लागि विद्यालयको पहुँच सुनिश्चित गर्ने।
३. विद्यालय सिकाइका लागि आवश्यक भौतकि तथा शैक्षिक अवस्थाहरू पूरा गरी अपाङ्गतामैत्री तथा लैङ्गकिमैत्री बनाउँदै यसका लाग बालमैत्री विद्यालय प्रारूप (Child Friendly School Framework) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गर्ने।

४. सिमान्तकृत तथा पछाडि पारिएका बर्गका तथा कार्यगत सिमितता भिन्न क्षमता भएका बालबालिकाहरूको आवश्यकता अनुसार समावेसी समुहका थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने।

५. विद्यालयहरूमा छात्रामैत्री तथा अपाङ्गता मैत्री सरसफाई तथा स्वच्छता सम्बन्धी आवश्यक प्रबन्ध गर्ने ।

६. विद्यालय तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषिक सिकाइको अवसर प्रदान गर्ने ।

**कार्यनीति:**

- शिक्षामा समतामूलक पहुँच स्थापित गरी दिगो विकासका लक्ष्य न.४ हाँसिल गर्न आवश्यक कार्यक्रम संचालन गरीनेछ ।
- आर्थिक समाजिक रुपले पछाडि परेका तथा अपाङ्गता भएका बालबालिकाका लागि विद्यालयको पहुँच सुनिश्चित गर्न छात्रवृत्ति लगायत (School at home ) जस्ता कार्यक्रम सञ्चालन गरीनेछन्।
- विद्यालय सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्थाहरू पूरा गरी अपाङ्गतामैत्री तथा लैङ्गकिमैत्री बनाउँदै यसका लागि बालमैत्री विद्यालय प्रारूप(Child Friendly School Framework) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार विस्तार गरीनेछन् ।
- सिमान्तकृत तथा पछाडि पारिएका बर्गका तथा कार्यगत सीमितता भिन्न क्षमता भएका बालबालिकाहरूको सिकाइमा पहुँच सुनिश्चित गर्न स्रोत कक्षा व्यवस्थापन लगायत उत्प्रेरणामूलक कार्यक्रम सञ्चालन गरीनेछन्।
- विद्यालयहरूमा छात्रामैत्री तथा अपाङ्गता मैत्री सरसफाई तथा स्वच्छता सम्बन्धी आवश्यक कार्यक्रमहरू सञ्चालन गरीनेछन्।
- सिकाइलाई विद्यार्थीको जीवनपद्धति सँग आवद्ध गराई दिगो सिकाइको धारण विकास गर्न बहुभाषिक सिकाइ कार्यक्रम सञ्चालन गरीनेछ।

## अपेक्षित उपलब्धि तथा लक्ष्य

उपलब्धि:

- विद्यार्थीहरूको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धिमा गुणात्मक सुधार भएको हुनेछ ।
- बालबालिकाका लागि विद्यालयको पहुँच सुनिश्चित गर्न छात्रवृत्ती,स्रोत कक्षा (School at home) जस्ता कार्यक्रम सञ्चालन भइ नितिजामा सुधार भएको हुनेछ ।
- अपाङ्गतामैत्री तथा लैङ्गकिमैत्री तथा बालमैत्री विद्यालय प्रारूप (Child Friendly School Framework)बमोजिमका पूर्वाधारमा क्रमश: सुधार भएको हुनेछ।
- सिमान्तकृत तथा पछाडि पारिएका बर्गका तथा कार्यगत सिमितता भिन्न क्षमता भएका बालबालिकाहरूको सिकाइमा पहुँच सुनिश्चित भएको हुनेछ।
- विद्यालयहरूमा सरसफाई तथा स्वच्छता सम्बन्धी आवश्यक मापदण्ड पूरा भएको हुनेछन्।
- दिगो सिकाइको धारण विकास भई बहुभाषिक सिकाइ कार्यक्रम सञ्चालन भएको हुनेछ।

मुख्य क्रियाकलाप तथा लक्ष्य:

| मुख्य क्रियाकलापहरू | इकाइ | | | भौतिक लक्ष्य ( ७ बर्ष ) | | | | | | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७९ | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | ७वर्ष | |
| अपाङ्गत भएका बालबालिकाहरू पहिचान तथा अभिलेखीकरण र सहयोग सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | १ | ७ | ७ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सबै  उमेर समूहका बालबालिकाहरूलाई विद्यालय भर्ना गर्न  भर्ना अभियान कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ | १ | ७ | ७ | |
| समावेसी शैक्षिक वातावरण, अवलम्बन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| आवश्यकता अनुरूपका सिकाइ सामग्री निर्माण तथा पेसागत विकासका कार्यक्रममा सञ्चालन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री पूर्वाधार विस्तार | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| विद्यालयमा आचारसंहिता सम्बन्धी अभिमुखीकरण | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| पढाईमेला विज्ञान प्रदर्शनी तथा Food फेस्टिबल कार्यक्रम संञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | ७ | ७ | |
| गैरसरकारी सङ्घसंस्थाहरू तथा सरोकारवालाहरू सँग समन्वय | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| छात्रवृत्ति वितरण | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | निर्देशिकाले तोके अनुसार |
| विपन्न तथा लक्षित वर्गका विद्यार्थीका लागि नतिजामा आधारित छात्रवृत्ती तथा प्रोत्साहन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| शिक्षामा पहुँच तथा गुणस्तर अभिवृद्धिका लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | | १ | १ | १ | १ | १ | १ | १ | ७ | ७ | |
| अपाङ्गताको प्रकृतिका आधारमा बालबालिकाका लागि सहयोगी सामग्री वितरण | पटक | | | | | | | | | | आवश्यकतानुसार |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अपाङ्गता भएका बालबालिकालाई शिक्षण गर्ने शिक्षकका लागि विशेष शिक्षा सम्बन्धी क्षमता विकास तालिम | पटक | | | | | | | | | | आवश्यकतानुसार |

## ३.१४ आपतकालिन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा

### परिदृश्य

कमजोर भौतिक संरचनाविद्यालय भवन तथा परिसरमा चट्याङ तथा आग ,पहिरोको जोखिमयुक्त स्थानमा हुनु ,विद्यालय भवन बाढी ,लागि हावाहुरीको जोखिम रहेका क्षेत्रमा कमजोर छाना भएको भवन आदि कारणले ,उपयुक्त ढल निकासको अभाव ,निरोधक प्रणालीको अभाव नेपालका धेरै विद्यालयहरू सङ्कटासन्न अवस्थामा रहेका परिपेक्ष्यमा लालझाडी गाउँपालिका क्षेत्रभित्र संचालित विद्यालयहरू बढी जोखिममा रहेका छन्। मुख्य गरेर दोदा नदीको प्रकोप, जंगली जनावर आतङ्क प्रमुख रुपमा रहेका छन् भने  आगलागि, हावाहुरी, चट्याङ्क, शीतलहर,भूकम्प लगायत विश्व परिवेशमा देखिने महामारीको सङ्कटासन्नता बाट यो गाउँपालिका पनि अछुतो रहन सकेको छैन्।

कमजोर बनोटकै कारण विक्रम सम्वत् २०७२ सालको भूकम्पमा ३५ हजार कक्षाकोठा भत्केका थिए। लाखौँ बालबालिका शिक्षाबाट वञ्चित भएका थिए। यस क्षेत्रको विश्लेषणमा अझै पनि ५० प्रतिशत भन्दा बढी विद्यालयहरूमा सङ्कटासन्न भवन संरचना रहेको उल्लेख छ। ,

विद्यालय भवन र परिसर सुरक्षित हुँदाहुँदै पनि त्यहाँ जाने बाटोमा बाढी,जंगली जनावरको आतंक जस्ता प्रकोपको जोखिम भएर वा समुदायमा विभिन्न प्रकारका प्रकोपका कारण समेत विद्यालयमा पठनपाठन अवरुद्ध हुने गर्दछ। विद्यालय सञ्चालनको तौर तरीकाबाट पनि विपद्को जोखिम र प्रभावमा फरक पार्दछ। अत्यधिक गर्मी हुने याममा बिहान सबेरै पठनपाठन गरी दिउँसोको चर्को घाममा बिदा गरेर जोखिम घटाउने रणनीतिलाई उदाहरणको रूपमा लिन सकिन्छ।

### चुनौती

१. विद्यालय भवनहरूको कमजोर संरचनामा का कारण पठनपाठनमा अवरोध भइरहने।
२. बाढी, हावाहुरी, आगलागि, जङ्गली जनावर आतङ्क, शीतलहर, भूकम्पजस्ता प्रकोपका कारण जोखिम रहने।
३. पठनपाठनमा प्रकोपका कारण अवरोध।
४. जोखिम क्षेत्रहरूमा विद्यालय जाने सडक पूर्वाधार राम्रो भएका कारण असुरक्षा।
५. फोहरमैला व्यवस्थापन नहुँदा महामारी फैलिन सक्ने सम्भावना

### उदेश्य

१. विद्यालयहरूको संरचनात्मक सुरक्षाको विकास गर्ने सुनिश्चितता।
२. विद्यार्थीहरूका लागि वैकल्पिक शिक्षण सिकाइ क्रियाकलाप।
३. प्रकोपबाट पठनपाठनमा पर्ने प्रभावलाई न्यून गर्नु।

### रणनीति

१. जोखिम क्षेत्रमा रहेका विद्यालय, सिकाइ केन्द्रहरू लाई सुरक्षित स्थानमा संरचना निर्माण तथा अस्थायी संरचनाको स्थापना।
२. सामुदायिक सहभागिता र चेतना अभिवृद्धि गर्ने।
३. जोखिममा आधारित समयतालिका लागू गर्ने (जस्तै, गर्मी मौसममा बिहानै कक्षा संचालन,जाडी शीतलहरका बेला विदा तथा सोबाट बच्न सकिने पूर्वाधार तयार गर्ने)।

### कार्यनीति

१. बढी तथा अन्य जोखिम कम गर्न जोखिमयुक्त भवनहरूको पुनर्निर्माण विकास गर्दै जाने।
२. बाढी,जंगली जनावर, हावाहुरी र आगलागि जस्ता प्रकोपबाट सुरक्षित रहनु प्रतिरोधात्मक उपाय अपनाउने।

३. महामारीजन्य पछिको समयमा गर्नुपर्ने क्रियाकलाप र समूहका सदस्यको जिम्मेवारी निर्धारण गरी कार्यान्वयन गर्ने ।
४. चट्याङ र आगलागि निरोधक उपकरण जडान ।

### अपेक्षित उपलब्धि

१. बढी जोखिमयुक्त भवनहरूको पुनर्निर्माण भएको हुने ।
२. प्रकोप न्यूनीकरणको प्रभावकारी कार्यक्रम संचालन भएको हुने।
३. वैकल्पिक शिक्षण सिकाइका माध्यमबाट शिक्षण निरन्तरता भएको हुने ।

### कार्यसम्पादन कार्ययोजना:

- प्रत्येक विद्यालयको जोखिम न्यूनीकरण योजनाको निर्माण ।
- विद्यालय पुनर्निर्माणका लागि स्रोतको व्यवस्थापन गर्ने।
- सामुदायिक तथा अभिभावक जागरूकता  कार्यक्रम सञ्चालन गर्ने।
- महामारीबाट भएको क्षतिको लेखाजोखा गरी क्षति भएका र जोखिममा रहेका समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने ।
- पूर्वानुमानका आधारमा सम्बन्धित समुदाय तथा शैक्षिक संस्थाहरूलाई सजग र सतर्क रहन सूचित गर्ने ।
- विद्यार्थीहरूका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीहरू संकलन गरी पठनपाठनलाई निरन्तर गर्नका लागि आवश्यक व्यवस्थापन गर्ने ।
- महामारी सम्भावना र प्रभाव अनुमानका आधारमा उच्च जोखिममा रहेका विद्यालयमा पठनपाठन सावधानीपूर्वक सञ्चालन गर्न वा बन्द गर्न सूचित गर्ने ।
- महामारीजन्य पछिको समय अवधिमा )१ हप्ता -२ हप्ता ,१ महिना आदि क्रमशः गर्नुपर्ने क्रियाकलाप र समूहका सदस्यको ( जिम्मेवारी निर्धारण गरी कार्यान्वयन गर्ने ।
- अपाङ्गता भएका विद्यार्थीहरूका लागि वैकल्पिक शिक्षण सिकाइ क्रियाकलापहरू (घुम्ती विद्यालय, स्वाध्ययन सामग्री वितरण,गृह विद्यालय कार्यक्रम,भर्चुअल कक्षा, अस्थायी सिकाइ केन्द्र) सञ्चालन गर्ने ।
- महामारीबाट प्रभावित क्षेत्रका विद्यालयको द्रूत लेखाजोखा गरी क्षतिको मूल्याङ्कन गर्ने र विद्यालय भवन र परिसरलाई सुरक्षित र असुरक्षित वर्गमा छुट्याउने,
- आपत्कालीन शैक्षिक सामग्रीहरू संकलन तथा वितरण गर्ने,
- शिक्षक तथा सहजकर्तालाई आवश्यक अनुशिक्षण र परामर्श प्रदान गर्ने,
- महामारीबाट प्रभावित परिवारहरूको मानवीय आवश्यकता परिपूर्ति साथै बालबालिकाको संरक्षण, सरसफाइ, सरसामान, आश्रय, स्वास्थ्य र पोषण जस्ता साझा सरोकारका सवाल सम्बोधन गर्न सम्बन्धित समूहहरूसँग समन्वय र सहकार्य गर्ने ।
- शिक्षाक्षेत्रको मानवीय सहयाता र आपत्कालीन पठनपाठन र सिकाइ सञ्चालनमा रीष्ट्रिय न्यूनतम मापदण्ड ) INEE ( पालना गर्ने / गराउने ।

### आधारभूत तथा सामान्य पूर्वतयारी कार्ययोजना

| क्रियाकलाप | स्थान | विद्यमन क्षमता | अपुग आवश्यता | जिम्मेवार निकाय | बजेट/ स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
| जनशक्ति | | | | | |
| विपद् सम्पर्क व्यक्ति,वि.व्य.स र | पालिका र विद्यालय | १६ | ३२ | गाउँपालिका | गाउँपालिका / गैर सरकारी सङ्घ सस्थाहरू |

| क्रियाकलाप | स्थान | विद्यमन क्षमता | अपुग आवश्यता | जिम्मेवार निकाय | बजेट/ स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
| शिक्षकलाई तालिम प्रदान गर्ने | | | | | |
| पुर्व सूचना प्रणाली विस्तार | विद्यालय | १ | १६ | गाउँपालिका /गैर सरकारी सङ्घ सस्था | गाउँपालिका |
| खोज तथा उद्धार कार्यदल | विद्यालय | २४ | ५० | गाउँपालिका | गाउँपालिका |
| प्राथमिक उपचार कार्यदल | विद्यालय | १६ | १६ | विद्यालय | गाउँपालिका |
| कृत्रिम नमुना अभ्यास | विद्यालय | १६ | १६ | विद्यालय | विद्यालय |
| स्वास्थ्यकर्मी परिचालन | पालिका | ६ | १६ | पालिका | पालिका |
| मनोपरामर्शदता | पालिका | ३ | १३ | पालिका | पालिका |
| शिक्षा क्षेत्रमा कार्यरत सङ्घ संस्थाहरूसँग समन्वय गरी विवरण संकलन तथा अद्यावधिक गर्ने | गाउँपालिका | १ | ६ | गाउँपालिका वडा/ कार्यालय, विद्यालय | गाउँपालिका |
| विपद् फोकल शिक्षकहरूको विवरण अद्यावधिक गर्ने | पालिका र विद्यालय | १६ | ३२ | गाउँपालिका विद्यालय | गाउँ/गाउँपालिका |
| गाउँ/गाउँपालिका र विद्यालयमा कार्यदल गठन गठन गर्ने | पालिका र विद्यालय | १५ | १ | गाउँ/गाउँपालिका विद्यालय | गाउँ/गाउँपालिका |
| विद्यालयमा विपद् व्यवस्थापन सम्वन्धि अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्ने | पालिका र विद्यालय | ० | १६ | गाउँ/गाउँपालिका विद्यालय | गाउँ/गाउँपालिका/गैर सरकारी सङ्घ सस्थाहरू |
| विपदबाट बच्ने र उद्दार गर्ने सम्बन्धि नमूना अभ्यास गराउने | पालिका र विद्यालय | ० | १६ | गाउँ/गाउँपालिका विद्यालय | गाउँ/गाउँपालिका/ गैर सरकारी सङ्घ सस्थाहरू |
| शैक्षिक सामग्री | | | | | |

| क्रियाकलाप | स्थान | विद्यमन क्षमता | अपुग आवश्यता | जिम्मेवार निकाय | बजेट/ स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
| आवश्यक पाठ्यक्रम,पाठ्यपुस्तक र किटहरूको खरिद गर्ने | विद्यालय | ० | १६ | गाउँ/गाउँपालिका विद्यालय | गाउँ/गाउँपालिका,प्रदेश सरकार/ गैर सरकारी सङ्घ सस्थाहरू |
| शैक्षिक सामग्रीहरूको सुरक्षित स्थानमा भण्डारण गर्ने | विद्यालय | ० | १६ | गाउँ/गाउँपालिका विद्यालय | गाउँ/गाउँपालिका,प्रदेश सरकार/ गैर सरकारी सङ्घ सस्थाहरू |
| तत्कालीन अवस्थामा आवश्यक पर्ने शैक्षिक पूर्वाधार तथा शैक्षिक सामग्रीहरू व्यवस्थापन गर्ने | विद्यालय | ० | १६ | गाउँ/गाउँपालिका विद्यालय | गाउँ/गाउँपालिका,प्रदेश सरकार/ गैर सरकारी सङ्घ सस्थाहरू |
| स्रोत परिचालन | | | | | |
| स्थानीय तथा प्रदेश सरकारसँग बजेट विनियोजन गर्न पहल गर्ने | गाउँ/गाउँपालिका | | | गाउँ/गाउँपालिका/प्रदेश | गाउँ/गाउँपालिका/प्रदेश |
| एमबुलेन्स,दमकल व्यवस्थापन | हावाहुरीबाट प्रभावित क्षेत्र | २ एमबुलेन्स | १ दमकल | पालिका | पालिका |
| सामुदायिक स्तरमा रहेका खोज तथा उद्धार समग्री प्रयोग | हावाहुरीबाट प्रभावित क्षेत्र | ५० हेलमेट स्टेचर-१५ | २०० हेलमेट ३० स्टेचर | पालिका | पालिका |
| अस्थायी सिकाइ केन्द्र निर्माण गर्ने | हरेक वडा | ० | ६ | गाउँ/गाउँपालिका | गाउँ/गाउँपालिका,प्रदेश सरकार/ गैर सरकारी सङ्घ सस्थाहरू |
| विद्यालय तहमा कृतिम  घटना अभ्यास गराउने | विद्यालय | ० | १६ | विद्यालय | गाउँ/गाउँपालिका,प्रदेश सरकार/ गैर सरकारी सङ्घ सस्थाहरू |
| सचेतना कार्यक्रम | विद्यालय | ० | १६ | विद्यालय/गाउँपालिका | गाउँपालिका |

| क्रियाकलाप | स्थान | विद्यमन क्षमता | अपुग आवश्यता | जिम्मेवार निकाय | बजेट/ स्रोत व्यवस्थापन |
|---|---|---|---|---|---|
| विपद् व्यवस्थापन फोकल पर्सन तथा उद्दारकर्मीलाई तालिम दिने | गाउँ/गाउँपालिका | १६ | ३२ | गाउँ/गाउँपालिका | गाउँ/गाउँपालिका,प्रदेश सरकार/गैर सरकारी सङ्घ सस्थाहरू |
| शिक्षक र कर्मचारी | गाउँपालिका/विद्यालय | २२० | ५० | गाउँपालिका | गाउँपालिका ,प्रदेश सरकार/ गैर सरकारी सङ्घ सस्थाहरू |
| शिक्षक,कर्मचारी र विद्यार्थीहरूका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | विद्यालय | ० | १६ | विद्यालय | विद्यालय/गाउँ/गाउँपालिका ,प्रदेश सरकार/ गैर सरकारी सङ्घ सस्थाहरू |
| हावाहरी बाट आउने आपतकालीन अवस्थाका बाट बच्नका लागि क्षमता प्राथमिक उपचार कार्यदलको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने | विद्यालय | ० | १६ | विद्यालय/गाउँ/गाउँपालिका | विद्यालय/गाउँ/गाउँपालिका ,प्रदेश सरकार/ गैर सरकारी सङ्घ सस्थाहरू |
| पूर्व सूचना कार्यदल तालिम | गाउँपालिका | ० | १६ | गाउँपालिका/सङ्घ संस्था | गाउँपालिका |

### शिक्षक तथा विद्यालय व्यवस्थापन समितिको क्षमता विकास

विपद् अनुसार शिक्षक तथा वि व्य स को क्षमता विकास गर्न विद्यमान स्थितिको विवरण देहाय बमोजिम रहेको छ।

### विपदको प्रतिकार्य गर्न आवश्यकताको विवरण

| क्र.सं. | आवश्यकताको विवरण | एकाइ | परिमाण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | न्यूनतम | अधिकतम | |
| क | *जनशक्ति* | | | | |
| १ | विपद् सम्बन्धि तालिम प्राप्त शिक्षक | *सङ्ख्या* | १६ | ४८ | |
| २ | खोज उद्दारका लागि कार्यदल गठन | *सङ्ख्या* | ७ | १३ | |

| क्र.सं. | आवश्यकताको विवरण | एकाइ | परिमाण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | न्यूनतम | अधिकतम | |
| ३ | हरेक विद्यालयमा सङ्कटकालीन कार्य सञ्चालन गर्न सहयोग गर्न टोली गठन | *सङ्ख्या* | १४४ | - | |
| ४ | स्वयमसेवक शिक्षकको व्यवस्था | *सङ्ख्या* | - | - | |
| *ख* | *सामग्री तथा प्रविधि औजार* | | | | |
| १ | शिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीहरू | सेट | २५० | | |
| २ | सि.यु.जी.सिम, ह्वाइटबोर्ड,पाठ्यक्रम,पाठ्यपुस्तक | सेट | ४५० | | |
| *ग* | *आधारभूत भौतिक संरचना र सामग्री* | | | | |
| १ | पाल,म्याट र पि फर्म | मिटर | २५० | | |
| २ | कुर्सी, दराज | सङ्ख्या | ५५६ | | |
| *घ* | *लागत रकम* | | | | |
| १ | पालिकास्तरीय विपद् व्यवस्थापन कोष स्थापना | रु | ५० लाख | | |
| *ङ* | *संस्थागत संरचना* | | | | |
| १ | पालिकास्तरीय विपद् व्यवस्थापन समिति | पटक | ३ | | |
| २ | पालिका स्तरीय राहत तथा उद्दार समिति | पटक | ३ | | |
| ३ | वडास्तरीय विपत व्यवस्थापन समिति | पटक | ३ | | |

## जोखिम नक्साङ्कन

विपद जोखिमका दृष्टिले विद्यालयको विवरण

| सि.न. | विद्यालय भवनको विवरण | एकाइ | जम्मा विद्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | विद्यालय (सामुदायिक) | सङ्ख्या | १६ | |
| २ | कच्ची भवन (माटो ,माटो वा ईँटा ,ढुङ्गा) | भवन | ३२ | |
| | | कक्षाकोठा | ६२ | |
| ३ | पक्की भवन ) | भवन | ६२ | |
| | | कक्षाकोठा | १८६ | |
| ४ | भूकम्प प्रतिरोधी प्रविधिले बनेका भवन | भवन | २४ | |

| | | | | |
|---|---|---|---|---|
| | | कक्षाकोठा | | |
| ५ | बाढीको जोखिममा रहेका विद्यालय | भवन | ३६ | |
| | | कक्षाकोठा | १२० | |
| ६ | पहिरोको जोखिममा रहेका विद्यालय | भवन | ० | |
| | | कक्षाकोठा | ० | |
| ७ | चट्याङ्को जोखिममा रहेका विद्यालय | भवन | ९४ | |
| | | कक्षाकोठा | २०० | |
| ८ | हावहुरीको जोखिममा रहेका विद्यालय | भवन | १६ | |
| | | कक्षाकोठा | ४८ | |
| ९ | आगलागिको जोखिममा रहेका विद्यालय | भवन | ७ | |
| | | कक्षाकोठा | २८ | |
| १० | जमिन भासिने जोखिममा रहेका विद्यालय | भवन | ५ | |
| | | कक्षाकोठा | २० | |
| ११ | विद्यालय जाने बाटो प्रकोपको जोखिममा रहेका विद्यालय | भवन | ७ | |
| | | कक्षाकोठा | २८ | |
| १२ | विपद् जोखिम व्यवस्थापन योजना लागु भएका विद्यालय | | १६ | |

## परिच्छेद ५ संस्थागत संरचना र क्षमता विकास

### परिचय

मुलुकले अपनाएको सङ्घीय शासन प्रणाली अनुरुप तीन तहका सरकारहरू स्थापना भइ क्रियाशील भएका छन्। यस अवस्थामा, स्थानीय सरकारहरू, गाउँपालिका, सङ्घीय ढाँचा अनुरुप अघि बढिरहेका छन्। यसको क्षमता विकासका लागि विशेष गरी सङ्घीय र प्रदेश सरकारहरूले आवश्यक संस्थागत क्षमता विकासमा समन्वय र सहकार्य गर्नुपर्ने आवश्यकता हो ।

अभिभावकको भूमिकामा रहेको सङ्घीय सरकारले, स्थानीय सरकारलाई स्रोत, साधन, प्रविधि हस्तान्तरण र अनुसन्धान जस्ता क्षेत्रहरूमा सहयोग पुर्याइरहेको छ। यसले सङ्घीयता कार्यान्वयनको प्रारम्भिक चरणमा रहेका र अनुभव र अभ्यासबाट सिकिरहेका स्थानीय सरकारलाई सशक्त र सक्षम बनाउने दिशामा योगदान पुर्याउँछ। यसका लागि, दोहोरो समन्वय, सहकार्य र सहअस्तित्वलाई स्वीकार्दै, शिक्षा क्षेत्रका योजनाहरू, कार्यक्रमहरू र बजेटमा समानुपातिक र न्यायपूर्ण साझेदारी सुनिश्चित गर्नु आवश्यक छ।

साथै, शैक्षिक नीतिहरू र नियमहरूमा तत्काल संशोधन गरेर संविधान प्रदत्त अधिकारको स्वतन्त्र कार्यान्वयन सुनिश्चित गर्न सहजिकरण गर्नुपर्ने देखिन्छ। त्यसैगरी, नजिकको साझेदार सरकारको रूपमा रहेको प्रदेश सरकारले शिक्षा र अन्य क्षेत्रहरूमा "पालिका प्रथम" भन्ने रणनीति अपनाएमा, संघियताको मर्मअनुसार तीन तहका सरकारहरूले जनआवश्यकता र अनुमोदित कार्यक्रमहरू सञ्चालन गरेर उच्चतम लाभ प्राप्त गर्न सक्छन्।

## वर्तमान अवस्था

राज्यले अबलम्बन गरेको प्रमुख धेय्य  समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरीक बसोवास गर्ने मुलुक सुखी नेपाली र समृद्ध नेपाल निर्माणको अभियानमा सबै तहका सरकारहरूको सहकार्य महत्त्वपूर्ण रहन्छ।

यस योजनामा लक्षित शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न विद्यमान संरचनाहरूमा सङ्घीय रुपमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय,शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेश सामाजिक विकास मन्त्रालय अन्तर्गत सामाजिक विकास कार्यालय,शिक्षा तालिम केन्द्र, जिल्ला स्तरमा सङ्घीय सरकारको समुन्वय इकाईका रुपमा शिक्षा विकास तथा समुन्वय इकाई रहेको छ।भने नगरपालिका/गाउँपालिका अन्तरगत शिक्षा युवा तथा खेलकुद महाशाखा/ शाखा रहेका छन्। यसका साथै शिक्षा क्षेत्रको समग्र नीति बजेट तथा कार्यक्रम कार्यान्वयको प्रमुख थलोको रुपमा विद्यालयहरू रहेका छन्। मूख्य रुपमा समग्र शैक्षिक विकासका केन्द्र विन्दु विद्यालयहरू रहने भएकाले यसमा कार्यरत जनशक्तीको समुचित रुपमा संस्थागत क्षमतागत विकास हुनु आवश्यक छ।

## उद्देश्य

१. स्थानीय तहको भूमिका तथा जिम्मेवारी अनुसार सङ्घ, प्रदेश तथा विकास साझेदारहरू सँगको अन्तरसम्बन्ध,समन्वय,सहकार्यलाई संस्थागत रुपमा अभिवृद्धि गर्नु।
२. विद्यालय तहमा कार्यरत जनशक्तिको कार्यसम्पादन प्रति उत्तरदायी, नतिजाप्रति जवाफदेही हुने प्रणाली स्थापना गरी सुशासनको अभिवृद्धि गर्नु।
३. विद्यालय तहमा कार्यरत सबै जनशक्ति र संस्थाको क्षमता अभिवृद्धि गर्नु।
४. शैक्षिक उपलब्धि लाई जबाफदेही बनाउन विद्यालय व्यवस्थापनलाई सक्षम बनाउनु।

### रणनीति:

१. लालझाडी गाउँपालिकाको शिक्षा क्षेत्रमा  सहकार्य, समन्वय तथा सञ्चारमा सहजीकरण गरी आवश्यक कानुनी प्रबन्धको कार्यान्वय गर्ने।
२. कक्षा ५, ८ र १० को परीक्षाको समन्वय र सञ्चालनका लागि उपयुक्त संरचना तयार गर्ने।
३. विद्यालयमा कार्यरत शैक्षिक जनशक्तिको पुनरावलोकन गर्ने।
४. गाउँपालिकाको१०बर्से शिक्षा क्षेत्र योजनालाई जोड दिँदै प्र.अ.,शिक्षक तथा कर्मचारीहरूको अभिवृद्धि गर्ने।
५. विद्यालयमा शैक्षिक नेतृत्वलाई नतिजाप्रति उत्तरदायी बनाउन प्रधानाध्यापक सँग कार्यसम्पादन सम्झौता लाई वृत्ति विकास उपयोग गर्ने गरी विद्यमान प्रणाली,तालिम र वृत्ति विकासमा सुधार गर्ने।
६. सुचना प्रविधिमा आधारित शैक्षिक जनशक्ती तयार गर्ने प्रणाली विकास गर्ने।

### कार्यनीति:

१. लालझाडी गाउँपालिकाको शिक्षा क्षेत्रमा सहकार्य,समन्वय तथा सञ्चारमा सहजीकरण गर्न कानुनी मार्गदर्शन ,नियम, मापदण्डको विकास गरीनेछ।
२. कक्षा ५,८ र १० को परीक्षाको समन्वय र सञ्चालनका लागि आधुनिक संरचना तयार गरीनेछन्।
३. विद्यालयमा कार्यरत शैक्षिक जनशक्तिको वैज्ञानिक प्रणालीलाई अवलम्बन गर्दै  पुनरावलोकन गरीनेछ।
४. शिक्षा क्षेत्र योजनालाई कार्यान्वयन गर्न प्र.अ,शिक्षक तथा कर्मचारीहरूको सुशासन पेसागत क्षमता विकास र सूचना प्रविधिमा आधारित कार्यक्रमहरू सञ्चालन गरीनेछन् ।
५. विद्यालयको नतिजाप्रति उत्तरदायी बनाउन प्रधानाध्यापक सँग सम्बन्धीत शिक्षा शाखा र शिक्षकहरूको सम्बन्धीत विद्यालयको प्रधानाध्यापक सँग कार्यसम्पादन सम्झौता प्रणाली कार्यान्वयन गरीनेछ।
६. वि.व्य.स र शि.अ.श र सरोकारवालाहरूलाई विद्यालयप्रति अपनत्व विकास गराउन जागरण अभियान सञ्चालन गरीनेछ।

## अपेक्षित उपलब्धि,मुख्य नतिजाहरू

स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने शिक्षा सेवा प्रवाहलाई उपलब्धिमूलक बनाउनका साङ्गठनिक संरचना र पर्याप्त सङ्ख्यामा सक्षम जनशक्ति तथा विद्यार्थीको सिकाइप्रति प्रत्येक विद्यालयलाई उत्तरदायी बनाउने प्रणालीको विकास भएको हुनेछ।

### क्रियाकलाप तथा लक्ष्य

| मुख्य कृयाकलापहरू | इकाइ | | | भौतिक लक्ष्य ( ७ बर्ष ) | | | | | | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | २०८७/८८ | जम्मा | ७वर्ष | |
| शिक्षा क्षेत्रको सहकार्य,समन्वय,सञ्चार मा सहजीकरण गर्न कानुनी मार्गदर्शन ,नियम, मापदण्ड तयार | पटक | - | १ | - | - | - | - | - | | १ | |
| पूर्वाधार संरचना तयार | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| विद्यालयमा कार्यरत जनशक्तीगर्दै पुनरावलोकन तथा व्यवस्थापन | | | १ | | | १ | | | २ | २ | |
| सुशासन तथा क्षमता विकास र सूचना प्रविधिमा आधारित कार्यक्रम | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| कार्यसम्पादन सम्झौता क्रियाकलाप कार्यान्वयन | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |
| विद्यालय शैक्षिक विकास जागरण अभियान | | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | | |

## परिच्छेद ६
## लगानी र स्रोत व्यवस्थापन

कुनै पनि योजना र कार्यक्रमको सफलता प्रायः त्यसमा गरीएको लगानीमा निर्भर गर्दछ। योजनामा प्रक्षेपित कार्यक्रम सञ्चालनका लागि तीनै तहका सरकार तथा विकास साझेदारहरूको पनि सहभागिता अपरिहार्य हुन्छ।

यस योजनामा पनि यस तथ्यलाई ध्यानमा राखी सबै तहबाट अपेक्षित सहयोग प्राप्त हुने विश्वासका आधारमा कार्यक्रमहरू प्रस्तावित गरीएका छन्। यसका साथै, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाहरूको सहभागिता समेत अपेक्षा गरीएको छ। माथि उल्लेखित सबै संस्था र निकायहरूको सहयोग र स्रोत सुनिश्चिततामा मात्र योजना सफल हुने कुरा निर्विवाद छ। यद्यपि, यो लालझाडी गाउँपालिकाको दश बर्से शिक्षा क्षेत्र योजना भएकाले अधिकांश स्रोतको परिचालन पनि सोही तहबाट गरीएको छ।

माथि उल्लेखित योजना कार्यान्वयनको लागि योजना अवधिको प्रारम्भिक चार वर्षमा ३७ करोड बजेट बिनियोजन भएका छ भने यस बाहेक विभिन्न सङ्घ संस्थाहरू मार्फत समेत विद्यालय शिक्षा क्षेत्रमा लगानी भएको छ।विगत चार बर्षमा सङ्घ संस्थाहरू मार्फत लगभग ५ भन्दा बढी लगानी भएको अनुमान गरीएको छ। योजना निर्माणको चरणमा गरीएको अनुमानित बजेट भन्दा स्रोत अभावको कारण कम लगानी भएको देखिए तापनि विभिन्न निकायको सहकार्य तथा सुमन्वयमा योजनामा उल्लेखित कार्यक्रमहरू लाई क्रमश कार्यान्वयन गर्दै लगिएको छ।

अपेक्षाकृत रुपमा शैक्षिक गुणस्तर वृद्धि गर्न र विद्यालय शिक्षालाई प्रभावकारी बनाउन सरकारले शिक्षा क्षेत्रमा गर्ने लगानीको अंश वृद्धि गर्नु पर्ने देखिएको छ। आगामी सात बर्षमा योजनामा समिटेएका विभिन्न क्रियाकलापहरू सम्पन्न गर्न वार्षिक रुपमा १२ करोड को हिसाबले हुन आउने रकम विनियोजनको प्रक्षेणण गरीएको छ।यसरी शिक्षा क्षेत्र योजना कार्यान्वयन लाई विस्तुनिष्ठ र व्यापक बनाउँदै लग्न सकेमा योजनाका आधारभूत पक्षहरू कार्यान्वयन भइ लालझाडी गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि भइ निशूल्क शिक्षा कार्यान्वयनमा सहयोग पुग्नेछ।

## परिच्छेद ७
## कार्यान्वयन,अनुगमन तथा मूल्याङ्कन समन्वय र सहजीकरण ।

### परिचय

शिक्षा क्षेत्रलाई वस्तुनिष्ठ र उपलब्धिमूलक निरन्तर रुपमा अनुगमन एवम् मूल्याङ्कन गरी पृष्ठपोषणको आवश्यकता पर्दछ। नेपालमा शिक्षा क्षेत्रको अनुगमन तथा मूल्याकंन गर्ने व्यवस्था प्राचिन समय देखि चली आएको भए पनि राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ सँगै अनुगमन तथा मूल्याङ्कन प्रकिया अगाडि बढेको पाइन्छ। शिक्षा को यथेष्ठ विकास गर्न नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली आवश्यक छ।

शैक्षिक गुणस्तर विकासमा कार्यक्रम कार्यान्वयन अनुगमन तथा मुल्यांकन महत्त्वपूर्ण हुने भएकाले गाउँपालिका भित्र शैक्षिक गुणस्तर विकासका लागि विद्यालयहरूमा प्रधानाध्यापक, शिक्षक अभिभावक सङ्घ,वि व्य स, वडा कार्यालय, आधारभूत तथा माध्यमिक शिक्षा कार्यालय, गाउँकार्यपालिका बाट कार्यक्रमगत तथा पटके रुपमा नियमित अनुगमन तथा मूल्यांकन गरी सुझाव तथा पृष्ठपोषण प्रदान गर्न सकेमा अपेक्षित उपलब्धि हासिल गर्न सकिनेछ । यसका साथै प्रदेश तथा सङ्घीय कार्यालयहरू अनुगमन तथा पृष्ठपोषण का लागि जिम्मेवार हुनु जरुरी छ। विद्यालयको समग्र पक्षको अनुगमन तथा मूल्यांकन गरी शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाई विद्यार्थीको समग्र सिकाइ उपलब्धिको वृद्धि गर्न आवश्कताको आधारमा विद्यालयहरूलाई वस्तुनिष्ठ सहयोग गर्ने प्रणालीको विकास अनुगमन मूल्याङ्कन तथा पृष्ठपोषणहरूको कार्यान्वयन बाट गर्न सकिन्छ।

### वर्तमान अवस्था

शिक्षा ऐन २०२८ , शिक्षा नियमावली २०५९, अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन २०७५, लगायतका ऐन, कानुनहरूले शैक्षिक क्षेत्रको तोकिए बमोजिम कार्य सम्पादन भए नभएको अनुसार लेखाजोखा गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङ्कन गर्ने कार्यहरू नियमित रूपमा भैरहेका छन् ।

सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन, लेखाजोखा तथा मूल्याङ्कन गरीनेछ। सङ्घमा शिक्षा , विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्रले अनुगमन तथा

मूल्याङ्कनका कार्यको समन्वय गर्दछन् भने प्रदेशमा प्रदेश सामाजिक विकास मन्त्रालय, जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ रसमाज िक विकास कार्यालयले आवश्यक समन्वय तथा सहजीकरणगरीएको अवस्था छ।

लालझाडी गाउँपालिकाको १० बर्से शिक्षा क्षेत्र योजना सरोकारवालाहरूलाई जानकारी गराई सम्बन्धित निकायबाट पृष्ठपोषण तथा अनुगमन गरीनेछ।

### उद्देश्य

१. वस्तुनिष्ठ अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्नु।
२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्नु।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समय मै पहिचान गरी अपेक्षित उपलब्धि हासिल गर्नु।

### रणनीतिहरू

१. एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्ने,
२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने।
३. अनुगमन तथा मूल्याँकनबाट प्राप्त पृष्ठपोषणलाई अनिवार्य रुपमा लागु गर्न सहकार्यात्मक अनुगमन प्रणाली विकास गर्ने।
४. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन लाई व्यवस्थित र नियमित गर्ने।
५. अनुगमन तथा मूल्याङ्कन प्रणाली मा सूचना प्रविधि सँग आवद्ध गर्ने।
६. अन्तरनिकाय र अन्तरसरकारी तहका समन्वय र सहकार्यमा जोड दिने।
७. शैक्षिक योजना कार्यक्रम तथा परियोजनाहरूको आवधिक मूल्याङ्कन प्रणाली स्थापित गरी नियमित सुधार गर्ने।

### कार्यनीति:

१. एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यविधि तयार गरी वस्तुनिष्ठ मूल्याङ्कन प्रणाली विकास गरीनेछ।
२. अनुगमन तथा मूल्याँकनबाट प्राप्त पृष्ठपोषणलाई अनिवार्य रुपमा लागु गर्न विद्यालयहरू सँग कार्य सम्पादन सम्झौता गरीनेछ।
३. विभिन्न सङ्घ संस्था तथा सरोकारवालाहरूको जवाफदेहिता विकास गर्न समुहमा आधारित सहकार्यात्मक अनुगमन प्रणाली विकास गरीनेछ।
४. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन लाई व्यवस्थित र नियमित गर्न सूचना प्रविधि सँग आवद्ध गरी कार्यान्वयनमा ल्याइनेछ।
५. सरकारी तथा अन्तर निकाय तहका समन्वय सहकार्यमा जोड दिइनेछ।
६. शैक्षिक योजना,कार्यक्रम तथा परियोजनाहरूको आवधिक मूल्याङ्कन प्रणाली स्थापित गरी नियमित परिक्षण सुधार गरीनेछ।

### अपेक्षित उपलब्धि,मुख्य नतिजाहरू

१. शैक्षिक योजना तथा कार्यक्रमहरूको प्रभावकारी वस्तुनिष्ठ अनुगमन प्रणाली विकास भई नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित भएको हुनेछ।
२. शैक्षिक अनुगमन तथा मूल्याङ्कन प्रणाली नतिजामा आधारित रहि आवश्यक सुधार भएको हुनेछ।
३. योजना कार्यान्वयनको क्रममा देखिएका समस्या तथा चुनौतीहरू समय मै पहिचान भई यथोचित तरिकाले समस्या समाधान भएको हुनेछ।
४. सरोकारवालाहरूको अनुगमन तथा मूल्याङ्कनमा संस्थागत क्षमताको विकास भएको हुनेछ।
५. प्रविधिमा आधारित विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन व्यवस्थित भई नतिजाको आधारमा सुधार गर्ने परिपाटीको विकास भएको हुनेछ।
६. शैक्षिक क्षेत्रमा सञ्चालित कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन भएको हुनेछ।

### क्रियाकलाप तथा लक्ष्य

| क्र . .सं | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | प्रधानाध्यक द्धारा सुपरिवेक्षण | अवलोकन, सुपरीवेक्षण, निरिक्षण र प्रतिवेदन | प्र.अ./ संयोजक | आवश्यकता अनुसार | आगन्तुक पुस्तिका कक्षाकोठा अनुगमन फाराम तथा ,विद्यालय अनुगमन फाराम , प्रतिवेदन |
| २. | वडा समिति | | संयोजक | आवश्यकता अनुसार | |
| २ | गाउँ शिक्षा समिति | | संयोजक | त्रैमासिक | |
| ४ | गाउँपालिका अनुगमन | | प्रमुख पदाधिकारी तथा , तोकिएका अधिकारी | निरन्तर | |
| ५ | शिक्षा विकास तथा समन्वय ईकाइ | | इकाइ प्रमुख | आवश्यकता अनुसार | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | गाउँपालिका शिक्षा शाखा | | शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख तथा प्रतिनिधि | निरन्तर | |
| ८ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | | तोकिएको अधिकारी | आवश्यकता अनुसार | |
| ९ | प्रदेश शिक्षा विकास निर्देशनालय | | तोकिएको अधिकारी | आवश्यकता अनुसार | |
| १० | विज्ञ समुह द्धारा समुह सुपरिवेक्षण | | तोकिएको अधिकारी | आवश्यकता अनुसार | |
| ११ | वि.व्य.स र शिक्षक अभिभावक सङ्घ | | सम्बन्धीत | निरन्तर | |
| १२ | नागरीक समाज तथा गैर सरकारी सङ्घसंस्था | | | आवश्यकता अनुसार | |
| १३ | शिक्षा युवा तथा खेलकुद शाखा | | शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत कर्मचारी | निरन्तर | |

## परिच्छेद ८
## मुख्य मुख्य-क्रियाकलाप र उपलब्धि सूचक

यस योजना कार्यान्वयनको अन्तिम वर्षमा राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिष्पर्धा गर्न सक्ने जनशक्ति तयार भइ यो गाउँपालिका शैक्षिक आकर्षणको केन्द्र भइ सकेको हुनेछ। आत्म निर्भर शैक्षिक प्रणालीको विकास भइ सिर्जनात्मक सिकाइ उपयोगमा रहनेछ। शिक्षण सिकाइ प्रविधिमा आधारित भइ विद्यालय शिक्षक र प्रशासन जिम्मेवारी आफ्ना क्रियाकलाप सञ्चालन गरेको हुनेछ।

योजनाको अन्त सम्ममा गाउँपालिकाको साक्षरता दर सत प्रतिशत पुगेको हुनेछ। आधारभूत तहको खुद भर्ना दर सत प्रतिशत पुगेको हुनेछ। गाउँपालिका भित्र उच्च शिक्षण संस्था संचालनमा आईसकेको हुनेछ। त्यसैगरी योजना अवधि भित्र सङ्घीय सरकारको सहयोगमा एक आइसकेको र पालिकाको सहयोगमा एक नमूना विद्यालय सञ्चालनमा आइ यस पालिकाका बासिन्दाहरू लाभान्वित भएको हुनेछन् ।

योजना अवधि भित्र थप एक प्राविधिक विद्यालय सञ्चालन गरी बालबालिका लाई पालिका भित्रै प्राविधिक तथा व्यावसायिक शिक्षा आर्जन गर्ने अवसरको उपयोग गरी जीवनस्तर सुधार हुने अपेक्षा गरीएको छ।

सञ्चालित माध्यमिक विद्यालयहरू मध्ये न्यूनतम एक विद्यालयमा विज्ञान सङ्काय सञ्चालन गरी पालिका भित्रै विज्ञान विद्यार्थी अध्ययनको अवसर प्राप्त हुनेछ। विद्यालयहरूमा सीपमूलक कार्यक्रम सञ्चालन भइ बालबालिकाहरू सीपयुक्त जनशक्ती तयार का साथै आयआर्जन क्षमता बृद्धि भएको हुनेछ। गणित पार्क तथा वनस्पति विज्ञान प्रयोगशाला निर्माणको माध्यमबाट बालबालिकामा गणित बिषयको अवधारणामा वृद्धि हुन गइ विद्यार्थीगत उपलब्धि स्तरमा सुधार हुनेछ।

विद्यालयहरूमा प्रार्थनाको समयमा ज्ञानबर्द्धक, सङ्गीतमय योग साधना प्रार्थना सञ्चालन गरी उनिहरूको शारीरिक र मानसिक एकाग्रता कायम हुनुमा सहयोग पुग्नेछ। खेलकुद क्षेत्रमा देखिएको कमजोर प्रतिस्पर्धी वातावरणलाई सुधार गरी नतिजामुखी उपलब्धि हासिल भएको हुनेछ।

सुदृढ शिक्षक पेसागत सहयोग प्रणालीको माध्यमबाट शिक्षण सिकाइ स्तर सुधार गरी बालबालिकाहरूको विद्यार्थीगत सिकाइ उपलब्धि सुधार हुन गइ सक्षम र प्रतिस्पर्धी बन्नेछन्। बहुभाषिक शिक्षण  क्रियाकलाप सञ्चालन भइ सिकाइमा विद्यार्थीको आर्कषण वृद्धि भएको हुनेछ। प्रविधिमा आधारित शिक्षकहरूको व्यवस्थापन भइ प्रविधि मैत्री सिकाइ विस्तार भएको हुनेछ। समावेशी शिक्षाको अवधारणा अनुरुप पठनपाठनका क्रियाकलाप सञ्चालन भइ सम्मान जनक सिकाइको वातारण तयार भएको हुनेछ।

### अनुसूची १

| क्र.सं. | मुख्य कार्यक्रम | ईकाइ लक्ष्य | विद्यमान अवस्था ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | ८७/८८ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नमुना विद्यालय | २ | १ | | १ | | | | २ |
| २ | प्राविधिक विद्यालय | १ | १ | | १ | | | | २ |
| ३ | उच्च शिक्षा अध्ययन संस्था संचालन | १ | | | १ | | | | १ |
| ४ | सीपमूलक कार्यक्रम संचालन | १६ | आवश्यकताका आधारमा | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | गणीत पार्क | १६ | आवश्यकताका आधारमा | | | | | | | |
| ६ | वनस्पति विज्ञान प्रयोग शाला | १६ | निरन्तर | | | | | | | |
| ७ | ज्ञानवरद्धक, सङ्गीतमय प्रार्थना संचालन / योग साधना | १६ | निरन्तर | | | | | | | |
| ८ | खेलकुद तथा संगित शिक्षा सञ्चालन | १६ | आवश्यकताका आधारमा | | | | | | | |
| ९ | शिक्षक पेसागत सहयोग | २१३ | निरन्तर | | | | | | | |
| १० | प्रधानाध्यक द्धारा सुपरिवेक्षण | | निरन्तर | | | | | | | |
| ११ | स्रोत कक्षा सञ्चालन | ३ | | ३ | | १ | | | | ४ |
| १२ | विद्यालय अनुगमन | | निरन्तर | | | | | | | |
| १३ | शिक्षा क्षेत्रको कानुनी मार्गदर्शन ,नियम, मापदण्ड तयार | | | १ | | | | | | १ |
| १४ | पूर्वाधार संरचना तयार | | निरन्तर | | | | | | | |
| १५ | कार्यरत जनशक्तीगर्दै पुनरावलोकन तथा व्यवस्थापन | | निरन्तर | | | | | | | |
| १६ | सुशासन तथा क्षमता विकास र सूचना प्रविधिमा आधारित कार्यक्रम | | निरन्तर | | | | | | | |
| १७ | कार्यसम्पादन सम्झौता क्रियाकलाप कार्यान्वयन | | निरन्तर | | | | | | | |
| १८ | विद्यालय शैक्षिक विकास जागरण अभियान | | निरन्तर | | | | | | | |
| १९ | अभिभावक शिक्षा सञ्चालन | | निरन्तर | | | | | | | |

| | | | |
|---|---|---|---|
| २० | विपद प्रतिकार्य तयारी सम्बन्धि तालिम प्राप्त शिक्षक | | निरन्तर |
| २१ | अपाङ्गत भएका बालबालिकाहरू पहिचान तथा अभिलेखीकरण र सहयोग सञ्चालन | | निरन्तर |
| २२ | भर्ना अभियना कार्यक्रम सञ्चालन | | निरन्तर |
| २३ | सिकाइ सामग्री निर्माण तथा पेसागत विकासका कार्यक्रममा | | निरन्तर |
| २४ | अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री पूर्वाधार विस्तार | | निरन्तर |
| २५ | पढाईमेला विज्ञान प्रद्धशनी तथा Food फेस्टीबल कार्यक्रम संञ्चालन | | वार्षिक रुपमा २ पटक |
| २६ | गैरसरकारी सङ्घसंस्थाहरू तथा सरोकारवालाहरू सँग समन्वय | | निरन्तर |
| २७ | छात्रवृत्ती वितरण | | निरन्तर |
| २८ | विपन्न तथा लक्षित वर्गका विद्यार्थीका लागि नतिजामा आधारित छात्रवृत्ती तथा प्रोत्साहन | | निरन्तर |
| २९ | शिक्षामा पहुँच तथा गुणस्तर अभिवृद्धिका | | निरन्तर |

| | | | |
|---|---|---|---|
| | लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | | |
| ३० | अपाङ्गताको प्रकृतिका आधारमा बालबालिकाका लागि सहयोगी सामग्री वितरण | | आवश्यकताका आधारमा |
| ३१ | अपाङ्गता भएका बालबालिकालाई शिक्षण गर्ने शिक्षकका लागि विशेष शिक्षा सम्बन्धी क्षमता विकास तालिम | | आवश्यकताका आधारमा |
| ३२ | बालविकास सहजकर्ताहरूको क्षमता विकास तालिम | | निरन्तर |
| ३३ | रमणीय तथा प्राकृतिक बाल उद्यान | | आवश्यकताका आधारमा |
| ३४ | पोषण युक्त दिवा खाजाको व्यवस्था | | निरन्तर |
| ३५ | अभिभावक सँग बालबालिका कार्यक्रम शिक्षा कार्यक्रम | | निरन्तर |
| ३६ | प्रारम्भिक बालविकासका सिकाइ क्षेत्र तथा ELDS रिपोर्ट कार्ड व्यवस्थापन | | निरन्तर |
| ३७ | IEMIS अद्यावधिक | | नियमित |
| ३८ | बहुभाषिक अवधारणमा | | निरन्तर |

| | | | |
|---|---|---|---|
| | आधारित शैक्षिक कार्यक्रम | | |
| ३९ | स्थानीय स्तरमा बालविकास शैक्षिक सामाग्री निर्माण र प्रयोग | | निरन्तर |
| ४० | स्थानीय पाठ्यपुस्तक वितरण | | निरन्तर |

## सन्दर्भ सामग्री


नेपालको संविधान
शिक्षा ऐन २०२८
शिक्षा नियमावली २०५९
राष्ट्रिय शिक्षा नीति २०७६
स्थानीय सरकार सञ्चालन ऐन २०७४
शिक्षा क्षेत्र योजना सङ्घीय ढाँचा
अनिवार्य तथा निशूल्क शिक्षा ऐन २०७५
शिक्षा पेसागत प्रारुप
लालझाडी गाउँपालिकाका वार्षिक तथा अवाधिक योजना
लालझाडी शिक्षा ऐन २०८०

**अनुसूची २**

शिक्षा क्षेत्र योजना बजेट प्रक्षेपण तालिका

रकम "०००"

| क्र.सं. | मुख्य कार्यक्रम | इकाइ लक्ष्य | आ.ब. ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | ०८५/०८६ | ०८६/०८७ | ८७/८८ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नमुना विद्यालय | | १०००० | १०००० | ५००० | ५००० | ४००० | ३००० | ३००० | ४०००० |
| २ | प्राविधिक विद्यालय सञ्चालन | | ५००० | १००० | १००० | ५०० | १००० | १००० | १००० | १०५०० |
| ३ | उच्च शिक्षा अध्ययन संस्था संचालन | | | २००० | २००० | २००० | २००० | २००० | २००० | १२००० |
| ४ | सीपमूलक तथा पढदै कमाउँदै कार्यक्रम | | | १००० | १००० | १००० | १००० | १००० | १००० | ६००० |
| ५ | बहुभाषिक अवधारणमा आधारित शैक्षिक कार्यक्रम | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ३००० |
| ६ | खेलकुद तथा संगीत शिक्षा सञ्चालन | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | ९००० |
| ७ | शिक्षक पेसागत सहयोग | | | १००० | १००० | १००० | १००० | १००० | १००० | ६००० |
| ८ | स्रोत कक्षा सञ्चालन | | | | | | | | | ० |
| ९ | विद्यालय अनुगमन | | | १०० | १०० | १०० | १०० | १०० | १०० | ६०० |
| १० | शिक्षा क्षेत्रको कानुनी मार्गदर्शन ,नियम, मापदण्ड तयार | | | ५० | ५० | ५० | ५० | ५० | ५० | ३०० |
| ११ | पूर्वाधार संरचना तयार | | | १०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | ६०००० |
| १२ | कार्यरत जनशक्ती गर्दै पुनरावलोकन तथा व्यवस्थापन | | | १०० | १०० | १०० | १०० | १०० | १०० | ६०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | सुशासन तथा क्षमता विकास र सूचना प्रविधिमा आधारित कार्यक्रम | | | २०० | २०० | २०० | २०० | २०० | २०० | १२०० |
| १४ | विद्यालय शैक्षिक विकास तथा अभिभावक शिक्षा जागरण अभियान | | | ४०० | ४०० | ४०० | ४०० | ४०० | ४०० | २४०० |
| १५ | विपद प्रतिकार्य तयारी | | | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १८०० |
| १६ | अपाङ्गत भएका बालबालिकाहरू पहिचान तथा अभिलेखीकरण र छात्रवृत्ती सहयोग सञ्चालन | | | १००० | १००० | १००० | १००० | १००० | १००० | ६००० |
| १७ | सिकाइ सामग्री निर्माण तथा पेसागत विकासका कार्यक्रममा | | | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १८०० |
| १८ | अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री पूर्वाधार विस्तार | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० | ९००० |
| १९ | पढाईमेला विज्ञान प्रदर्शनी तथा Food फेस्टिबल कार्यक्रम संञ्चालन | | | १५० | १५० | १५० | १५० | १५० | १५० | ९०० |
| २० | छात्रवृत्ती वितरण | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ३००० |
| २१ | विपन्न तथा लक्षित वर्गका विद्यार्थीका लागि नतिजामा आधारित छात्रवृत्ती तथा प्रोत्साहन | | | २०० | २०० | २०० | २०० | २०० | २०० | १२०० |
| २२ | अपाङ्गताको प्रकृतिका आधारमा | | | २०० | २०० | २०० | २०० | २०० | २०० | १२०० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालबालिकाका लागि सहयोगी सामग्री वितरण | | | | | | | | | |
| २३ | अपाङ्गता भएका बालबालिकालाई शिक्षण गर्ने शिक्षकका लागि विशेष शिक्षा सम्बन्धी क्षमता विकास तालिम | | | १५० | १५० | १५० | १५० | १५० | १५० | ९०० |
| २४ | बालविकास सहजकर्ताहरूको क्षमता विकास तालिम | | | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १८०० |
| २५ | रमणीय तथा प्राकृतिक बाल उद्यान | | | १००० | १००० | १००० | १००० | १००० | १००० | ६००० |
| २६ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | | | ५५०० | ५५०० | ५५०० | ५५०० | ५५०० | ५५०० | ३३००० |
| २७ | प्रारम्भिक बालविकासका सिकाइ क्षेत्र तथा ELDS रिपोर्ट कार्ड व्यवस्थापन | | | १०० | १०० | १०० | १०० | १०० | १०० | ६०० |
| २८ | IEMIS अद्यावधिक तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन | | | २०० | २०० | २०० | २०० | २०० | २०० | १२०० |
| २९ | स्थानीय स्तरमा बालविकास शैक्षिक सामाग्री निर्माण र प्रयोग | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ३००० |
| ३० | तलव भत्ता | | | ७०००० | ७०००० | ७०००० | ७०००० | ७०००० | ७०००० | ४२०००० |
| ३१ | शैक्षिक गुणस्तर सुधार | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ३००० |
| ३२ | निशूल्क पाठ्यपुस्तक वितरण | | | ३००० | ३००० | ३००० | ३००० | ३००० | ३००० | १८००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३३ | छात्रवृत्ति सङ्घीय | | | २५०० | २५०० | २५०० | २५०० | २५०० | २५०० | १५००० |
| ३४ | अनौपचारिक तथा वैकल्पिक शिक्षा | | | १००० | १००० | १००० | १००० | १००० | १००० | ६००० |
| ३५ | सेनिटरी प्याड वितरण | | | १२०० | १२०० | १२०० | १२०० | १२०० | १२०० | ७२०० |
| ३६ | विज्ञान संकाय सञ्चालान | | | १००० | १००० | १००० | १००० | १००० | १००० | ६००० |
| ३७ | वाल उद्धान निर्माण | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ३००० |
| ३८ | खेलकुद,संगित | | | १००० | १००० | १००० | १००० | १००० | १००० | ६००० |
| ३९ | शिक्षक तयारी कक्षा | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ३००० |
| ४० | गणित पार्क | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ३००० |
| ४१ | विद्यार्थी मनोपरामर्श | | | २०० | २०० | २०० | २०० | २०० | २०० | १२०० |
| ४२ | क्षमता विकास (विद्यालय व्यवस्थापन समिति तथा शि.अभिभावक सङ्घ) | | | २०० | २०० | २०० | २०० | २०० | २०० | १२०० |
| ४३ | वनस्पति विज्ञान प्रयोग शाला | | | २०० | २०० | २०० | २०० | २०० | २०० | १२०० |
| ४४ | ज्ञानवर्द्धक, संगीतमय प्रार्थना संचालन / योग साधना | | | १०० | १०० | १०० | १०० | १०० | १०० | ६०० |
| ४५ | विद्यालय कक्षाकोठाका रंङ्गरोगन तथा फर्नीचर व्यवस्थापन | | | ६०० | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३६०० |
| ४६ | लागु औषध तथा दुर्व्यसनी तथा बालबिवाह सचेतना | | | २०० | २०० | २०० | २०० | २०० | २०० | १२०० |
| ४७ | तहगत अतिरिक्त क्रियाकलाप | | | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १८०० |
| ४८ | विज्ञान प्रयोगशाला तथा | | | १००० | १००० | १००० | १००० | १००० | १००० | ६००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ict ल्याब स्तरोन्नति | | | | | | | | | |
| ४९ | Real Plan कार्यक्रम कार्यान्वयन | | | ६००० | ६००० | ६००० | ६००० | ६००० | ६००० | ३६००० |
| ५० | Smart दिवा खाजा भान्छा व्यवस्थापन | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | ३००० |
| ५१ | सामुदायिक सिकाइ केन्द्र सीपमूलक तथा आय आर्जन कार्यक्रम | | | १००० | १००० | १००० | १००० | १००० | १००० | ६००० |
| ५२ | वाचनालय तथा सार्वजनिक पुस्तकालय व्यवस्थापन | | | १५० | १५० | १५० | १५० | १५० | १५० | ९०० |
| ५३ | विद्यालयलाई वितरण हुने प्रशासनिक तथा अन्य अनुदान | | | १०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० |
| ५४ | समावेशी शिक्षा सञ्जाल परिचालन तथा व्यवस्थापन | | | २०० | २०० | २०० | २०० | २०० | २०० | २०० |
| ५५ | बालक्लबहरू लाई अभिमुखीकरण कार्यक्रम | | | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ५६ | एकीकृत पाठ्यक्रम सम्बन्धी अभिमुखीकरण कार्यक्रम | | | २०० | २०० | २०० | २०० | २०० | २०० | १०० |
| | जम्मा अनुमानित बजेट प्रक्षेपण | | | १४२४०० | १३७४०० | १३६९०० | १३६४०० | १३५४०० | १३५४०० | ७८६३०० |

### अनुसूची ३: शिक्षा क्षेत्र योजनमा कार्यान्वयनका क्रममा सञ्चालित भएका कार्यक्रमहरू
### आ.व. २०७६-७७

| क्र.सं. | सङ्केत | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम |
|---|---|---|

| | | |
|---|---|---|
| ८०७७६५०२१०१ गाउँ कार्यपालिकाको कार्यालय | | |
| १ | | शैक्षिक गुणस्तर सुधारका लागि शैक्षिक दरबन्दी न्यून भएका विद्यालयलाई शिक्षक सहयोग अनुदान |
| २ | ११६ | प्राथमिक तहका शिक्षकका लागि बिषयगत तालिम -नेपाली सामाजिक अङ्ग्रेजी गणित) आधारभूत कक्ष ६ र ८ को नेपाली समेत |
| ३ | १५४ | साक्षरता कक्षा सन्चालन |
| ४ | | वडा नं.४ मा लोक सेवा कक्षा संचालन |
| ५ | १३२ | विद्यालय अनुगमन प्रतीवेदन |
| ६ | १८७ | मा बि स्तरीय जिरी जवाफ प्रतियोगिता |
| ७ | | शैक्षीक क्यालेण्डर निमाण |
| ८ | १८४ | बालक्लब गठन तथा स्टेसनरी |
| ९ | ११५ | आधारधुत तहको प्रश्नपत्र निर्माण सम्बन्धी कार्यशाला |
| ८०७७६५०२२०१ लालझाडी गाउँपालिका वडा नं. १ | | |
| १० | २० | नवोदय आ.बि. फर्निचर |
| ११ | १५ | शारदा राष्ट्रिय मा बि भवन निर्माण (समपुरक का लागि योजना ) |
| १२ | २४ | दुर्गा आ बि पर्खाल निर्माण |
| ८०७७६५०२२०२ लालझाडी गाउँपालिका वडा नं. २ | | |
| १३ | ५ | सिद्धबैजनाथ आ बि मा सौचालय, खानेपानी, झ्याल मर्मत तथा बत्ति जडान |
| १४ | १८ | सैक्षिक गुणस्तर सुधार,तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम |
| १५ | ४ | सिद्दबैजनाथ आ बि का लागि कम्प्युटर र कम्प्युटर सिक्षक |
| १६ | १९ | भानु मा. वि.अधुरो गेट पर्खाल निर्माण |
| ८०७७६५०२२०३ लालझाडी गाउँपालिका वडा नं. ३ | | |
| १८ | १६ | शिशु कक्षा देखि कक्षा २ सम्म पोशाक वितरण |
| १९ | १२ | सरस्वती मा.वि कम्प्युटर शिक्षक त.भ. |
| २० | १८ | शंकर आ.वि. गेट सहित तारबार |
| २१ | ९ | वडा नं. ३ छोटी पर्सिया सरस्वती मा.बी  विद्यालय भवन निर्माण (समपुरक का लागि योजना ) |
| ८०७७६५०२२०४ लालझाडी गाउँपालिका वडा नं. ४ | | |
| २२ | १० | स्वतन्त्र मा बी पर्सिया विद्यालय भवन निर्माण (समपुरक का लागि योजना ) |
| २३ | १५ | लोक सेवा कक्षा संचालन |
| ८०७७६५०२२०५ लालझाडी गाउँपालिका वडा नं. ५ | | |
| २४ | २७ | सुनौलो बालविकास केन्द्र मर्मत |
| ८०७७६५०२२०६ लालझाडी गाउँपालिका वडा नं. ६ | | |
| २५ | १६ | रामेश्वर मा.वि.को छाना मर्मत |
| २६ | १४ | रामेश्वर मा.वि.परिवार शिक्षक,व्यवस्थापन समिति,पि.टि.ए.समिति वडा समिति     र शिक्षा शाखा प्रमुख -वि नि) नमुना विद्यालय अवलोकन भ्रमण |
| २७ | २४ | रामेश्वर मा.बी. भवन निर्माणमा थप |

| | | |
|---|---|---|
| २८ | १ | रामेश्वर मा बि का लागि कम्प्युटर शिक्षक तलब |
| ८०७७६५०२३०१ शिक्षा, युवा तथा खेलकुद शाखा | | |
| २९ | १० | गाउशिक्षा समिति बैठक संचालन खर्च |
| ३० | | साक्षर गाउँपालिका घोषणा |
| ३१ | ९ | कक्षा ८ को परिक्षा संचालन व्यवस्थापन तथा नतिजा विश्लेषण |
| ३२ | ६ | शैक्षिक क्यालेण्डर निमाण |
| ३४ | ४ | गाउपालीकाका ४ वटा विद्यालयमा आधारित १।१ बालविकास केन्द्रमा नमुना बालविकास केन्द्र बनाउने गरी शैक्षक सामाग्री खेल सामाग्री ब्यवस्थापन |
| ३५ | १४ | हाल सम्म कम्प्युटर नभएका सामुदायिक विद्यालयहरूमा कम्प्युटर प्रिन्टर खरिद |
| ३६ | १३ | स्वतन्त्र मा बि भवन निर्माण |
| ३७ | ७ | सामुदायिक विद्यालयका प्र.अ. लेखापाल र कम्प्युटर शिक्षकलाई तालिम |
| ३८ | १ | प्राबिधिक शिक्षालय प्रारम्भिक अध्ययन अनुसन्धान का लागि प्रस्तावना तयारी |
| ३९ | ११ | गाउ शिक्षा समितिका पदाधिकारी अंग्रजी विद्यार्थीका शिक्षक तथा कर्मचारीहरूको अन्तर स्थानीय तह शैक्षिक भ्रमण |
| ४० | १५ | निरन्तर विद्यार्थी मुल्यांकन |
| ८०७७६५०२५११ सङ्घीय सशर्त अनुदान | | |
| ४१ | २४ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) |
| ४२ | | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरू समेत) |
| ४३ | २५ | प्रारम्भिक बाल विकास सहजकर्ताहरूको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान |
| ४४ | ४ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निशूल्क पाठ्यपुस्तक अनुदान |
| ४५ | २१ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निशूल्क पाठ्यपुस्तक अनुदान |
| ४६ | ३ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निशूल्क पाठ्यपुस्तक अनुदान |
| ४७ | १३ | प्रारम्भिक बाल विकास सहजकर्ताहरूको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान |
| ४८ | १८ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परंपरागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) |
| ४९ | १४ | प्रारम्भिक बाल विकास सहजकर्ताहरूको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान |
| ५० | १६ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान |
| ५१ | २० | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान |
| ५२ | | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) |

| | | |
|---|---|---|
| ५३ | ६ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परंपरागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) |
| ५४ | ८ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान |
| ५५ | ९ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान |
| ५६ | ७ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान |
| ५७ | १० | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान |
| ५८ | १ | सामुदायिक विद्यालयका छात्राहरूलाई निशूल्क स्यानिटरी प्याड ब्यवस्थापन |
| ५९ | १ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) |
| ६० | ५ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परंपरागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) |
| ६१ | २२ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान |
| ६२ | १७ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) |
| ६३ | १५ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान |
| ६४ | १९ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान |
| ६५ | ११ | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान |
| ६६ | १२ | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान |
| ६७ | २३ | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान |

| **आ.व. : २०७७/७८ अवधि : २०७७/०४/०१-२०७८/०३/३१ क्षेत्र : सामाजिक विकास उप क्षेत्र : शिक्षा** | |
|---|---|
| क्र. सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम |
| ८०७७६५०२१०१ गाउँ कार्यपालिकाको कार्यालय | |
| १ | नमुना बालविकास निर्माण कार्यक्रम |
| २ | स्वस्थ विद्यार्थीका लागि नर्स परिचालन कार्यक्रम |
| ३ | शैक्षिक गुणस्तरअभिवृद्धीका लागि वडास्तरीयअन्तरक्रिर्या कार्यक्रम |
| ४ | विद्यालयमा iemis सम्बन्धी काम गर्ने शिक्षक कर्मचारीका लागि कम्प्युटर तालिम कार्यक्रम |
| ५ | अङ्ग्रेजी माध्यमबाट पठनपाठन संचालन गरेका विद्यालयहरूका लागि क्षमता विकास तथा प्रोत्साहन कार्यक्रम |
| ६ | उच्च शिक्षा अध्ययन गर्ने अपाङ्गता भएका विद्यार्थीलाई छात्रवृति |
